साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)

वर्ष ३३ ✪ अङ्क ७ ✪ २६ फागुन २०८२, मङ्गलबार ✪ 10 March 2026, Tuesday ✪ मूल्य रु. १०/-


## नेमकिपाद्वारा मतदाताहरूलाई धन्यवाद : विजयीहरूलाई बधाई तथा शुभकामना

भक्तपुर। नेपाल मजदुर किसान पार्टी केन्द्रीय समितिले फागुन २५ गते एक प्रेस वक्तव्य प्रकाशित गरी मतदाताहरूलाई धन्यवाद ज्ञापन गरेको छ। पार्टी सचिव प्रेम सुवालको हस्ताक्षरमा प्रकाशित उक्त वक्तव्यको पूर्ण पाठ प्रकाशित गरिएको छ –

"पुँजीवादी संसदीय निर्वाचनबाट समाजवाद आउँदैन। तथापि, नेपाल मजदुर किसान पार्टीले देश र व्यापक जनताको सेवा एवम् हितका लागि प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ-संस्थाहरूमा पनि गएर काम गर्ने नीति लिई पञ्चायतकालदेखि नै निःस्वार्थरूपले सङ्घर्ष गर्दै आएको नेपाली जनतामा विदितै छ। यही भावनालाई आत्मसात् गर्दै नेमकिपाले फागुन २१ गते सम्पन्न निर्वाचनलाई पनि उपयोग गरेको हो। यो निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको चुनाव चिह्न मादलमा आफ्नो अमूल्य मत दिएर पार्टीप्रति गर्नुभएको विश्वासका लागि सम्पूर्ण मतदाताहरूमा आभार व्यक्त गर्दछौं।

पार्टीले यो निर्वाचनको नतिजाबारे समीक्षा गर्ने विश्वास सम्पूर्ण मतदाता र शुभचिन्तकहरूलाई दिलाउँदछौं।

बाँकी पृष्ठ १२ मा


नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४
६६१००२६
इ-मेल : nwpp@ntc.net.np
च.नं.
मिति: २०८२/११/२५

प्रेस वक्तव्य

मतदाताहरूलाई धन्यवाद

पुँजीवादी संसदीय निर्वाचनबाट समाजवाद आउँदैन। तथापि, नेपाल मजदुर किसान पार्टीले देश र व्यापक जनताको सेवा एवम् हितका लागि प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी संघ-संस्थाहरूमा पनि गएर काम गर्ने नीति लिई पञ्चायतकालदेखि नै निःस्वार्थरुपले सङ्घर्ष गर्दै आएको नेपाली जनतामा विदितै छ। यही भावनालाई आत्मसात् गर्दै नेमकिपाले फागुन २१ गते सम्पन्न निर्वाचनलाई पनि उपयोग गरेको हो। यो निर्वाचनमा नेपाल मजदुर किसान पार्टीको चुनाव चिन्ह मादलमा आफ्नो अमूल्य मत दिएर पार्टीप्रति गर्नुभएको विश्वासका लागि सम्पूर्ण मतदाताहरूमा आभार व्यक्त गर्दछौं।

पार्टीले यो निर्वाचनको नतिजाबारे समीक्षा गर्ने विश्वास सम्पूर्ण मतदाता र शुभचिन्तकहरूलाई दिलाउँदछौं।

देशको स्वाधीनता र जनताको हितका लागि कार्य गर्न निर्वाचनमा विजयी सम्पूर्ण उम्मेदवारहरूलाई नेमकिपा बधाई तथा शुभकामना व्यक्त गर्दछ। नेमकिपा देशको सार्वभौमिकता र जनताको सर्वोपरी हितका लागि सरकारलाई सडकबाट निरन्तर खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। आगामी दिनमा पनि नेपाल मजदुर किसान पार्टी देश र जनताको निःस्वार्थ सेवामा सदैव लागिरहने छ। धन्यवाद।

२०८२/११/२५
प्रेम सुवाल
सचिव

**प्रतिनिधिसभा निर्वाचन - २०८२ सम्पन्न**

# प्रजातन्त्र र देश विकासको लागि मतदान



भक्तपुर। नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुर नगरपालिका-५ स्थित विद्यार्थी निकेतन माध्यमिक विद्यालयको मतदान केन्द्रबाट मतदान गर्नुभयो।

अध्यक्ष बिजुक्छेंले नेपाली जनताले प्रजातन्त्रको निम्ति र देशको उत्तरोत्तर विकासका निम्ति मतदान गरेको बताउनुभयो।

उहाँले समाजको परिवर्तनको लागि एक ऐतिहासिक युग लाग्ने बताउँदै एउटा मतदानपछि नै समाजमा परिवर्तन आउन नसक्ने स्पष्ट पार्नुभयो।

२०३७ सालमा निर्दलीय पञ्चायतलाई जिताउन रातारात मतपेटिका साटेझैं शासकहरूले आफूले चाहेको उम्मेदवार र पार्टीलाई जिताउन जे पनि हठकन्डा चाल्न सक्नेप्रति जनता सचेत हुनुपर्ने बताउनुभयो।

उहाँले खानेपानी, शिक्षा, स्वास्थ्यलगायत विषयमा आफ्नो पार्टीको ध्यान केन्द्रित गर्ने बताउनुभयो।

**नेमकिपा सचिव प्रेम सुवालद्वारा ख्वप कलेज मतदान केन्द्रमा मतदान**


नेपाल मजदुर किसान पार्टीका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले फागुन २१ गते बिहान ख्वप कलेज मतदान केन्द्रमा मतदान गर्नुभयो।

त्यस्तै नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भनपा वडा नं. ८ को ख्वप इन्जिनियरिङ कलेज मतदान केन्द्रबाट मतदान गर्नुभयो। सोही मतदान केन्द्रबाट नेमकिपाका केन्द्रीय सदस्यद्वय सरोजराज गोसाई र सुरेन्द्रराज गोसाईले पनि मतदान गर्नुभयो।

देशका एकाध मतदान केन्द्रमा छिटपुट घटनाबाहेक देशभर शान्तिपूर्णरूपमा मतदान सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ। विगतमा शासक दलका उम्मेदवारहरूले गरेको वाचा पूरा नगरेको भनी केही स्थानमा मतदान बहिष्कार गरेको पनि बताइएको छ।

**नेमकिपाको प्रेस वक्तव्य**

# मध्यपुर्वमा आतङ्क र आक्रमण होइन वार्ताद्वारा समाधान गरौँ !


नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४
६६१००२६
फ्याक्स : ९७७-१-६६१३२०७
इ-मेल : nwpp@ntc.net.np
२०८२ फागुन २० गते
च.नं.
मिति :

प्रेस वक्तव्य

मध्यपूर्वको एक स्वतन्त्र र सार्वभौम देश इरानको राजधानी तेहरानमा गत २८ फेब्रुअरी (१६ फागुन) शनिबारका दिन स्थानीय समयअनुसार बिहान ९:३० बजे ट्रम्प प्रशासन र इजरायली प्रजातन्त्रविरोधी सरकारले संयुक्तरूपमा आक्रमण गरी इरानी सर्वोच्च नेता आयतोल्लाह खामेनीलगायतका इरानी नेताहरूको हत्या गरे। इरानको मिनावस्थित एक प्राथमिक विद्यालयमा बम प्रहार गरी १ सय ६५ भन्दा बढी छात्राहरूलाई एक चिहान बनायो। इरानले आत्मरक्षाका निम्ति मध्यपूर्वका देशका अमेरिकी सैन्य अखडाहरूमा जवाफी हमला गऱ्यो। ट्रम्प प्रशासनको कारण मध्यपूर्व र विश्वमा फेरि युद्ध र आतङ्कको कालो बादल मडारिँदै छ।


विगत ४५ वर्षदेखि अमेरिकी प्रशासन र पश्चिमाहरूको अमानवीय आर्थिक नाकाबन्दी एवम् चर्को दबाब व्यहोरिरहेको एक स्वतन्त्र र सार्वभौम देश इरानमाथि भएको यो निर्मम हमला अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन हो। अमेरिकी साम्राज्यवाद र इजरायली जातिवादी सरकारले इरानविरुद्ध थालेको नृशंस हमलाको नेमकिपा विरोध एवम् भर्त्सना गर्दछ।

स-साना स्वतन्त्र तथा सार्वभौम देशहरूमाथि अमेरिकी साम्राज्यवादबाट भइरहेको थिचोमिचो, दबाब, धम्की र हस्तक्षेपको अन्त्य भएबाट मात्र विश्वशान्ति सम्भव हुनेमा नेमकिपा पुनः जोड दिन्छ। युद्धले अर्को युद्ध जन्माउने र अन्त्यहीन युद्धतर्फ विश्वलाई धकेल्ने यथार्थतर्फ नेमकिपा सबैको ध्यानाकर्षण गराउँदछ।

साम्राज्यवादी हमलाको संसारभर भइरहेको विरोध र विश्वशान्तिको पक्षमा भइरहेको सङ्घर्षप्रति ऐक्यबद्धता र समर्थन जाहेर गर्दै इरानविरुद्ध अमेरिकी साम्राज्यवाद र इजरायली प्रजातन्त्रविरोधी जातिवादी सरकारको बर्बरतापूर्ण हमला तत्काल रोकी वार्ता वा अन्य शान्तिपूर्ण उपायबाट समाधान निकाल्न नेमकिपा सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ।

सन् २०२५ को जुन महिनामा पनि इरानले आणविक बम बनाएको आरोप लगाउँदै इजरायलले १२ दिनसम्म इरानका आणविक केन्द्रलगायतका विभिन्न स्थानहरूमा हमला गरेको थियो। इरानी नेतृत्वले भने धैर्य एवम् संयम अपनाउँदै आयो। इरानले आफ्नो आणविक परियोजना शान्तिपूर्ण ऊर्जा उत्पादनका लागि भएको स्पष्ट गर्दै संयुक्त

(१)


नेपाल मजदुर किसान पार्टी
केन्द्रीय समिति
गोल्मढी, भक्तपुर – ७

फोन : ६६१०९७४
६६१००२६
फ्याक्स : ९७७-१-६६१३२०७
इ-मेल : nwpp@ntc.net.np
च.नं.
मिति :

राष्ट्रसङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय आणविक ऊर्जा केन्द्रलाई आवधिक निरीक्षण समेत गरायो। इरानले सन् २०१५ मा अमेरिकासहित अन्य पाँच देशहरू (फ्रान्स, जर्मनी, बेलायत, चीन र रुससहित) सम्मिलित संयुक्त बृहत कार्य योजनामा हस्ताक्षर गरेको थियो। तर, ट्रम्प सरकारले सन् २०१८ मा एकपक्षीय रूपमा त्यस सहमतिबाट हात झिकेर इरानमाथि नाकाबन्दी झन् कडा बनायो। यो आक्रमणले विश्वमा विध्वंस मच्चाउने अमेरिकी प्रशासन र इजरायली जातिवादी सरकारको बदनियत रहेको प्रस्ट पार्छ। मध्यपूर्वलाई आफ्नो तखतमा राख्ने र विशाल तेल भण्डार कब्जा गर्ने नीतिअन्तर्गत नै अमेरिकी प्रशासनले युद्धउन्माद प्रदर्शन गरिरहेको हो।

आफ्नो तखतमा नबस्ने देशहरूमा सत्ता परिवर्तन गराउन अनेक छद्मयुद्ध, अन्तरध्वंश र 'रङ्गीन क्रान्ति' लाई मलजल गर्दै आएको अमेरिकी प्रशासनले सिङ्गो मध्यपूर्वमा मात्र होइन सारा विश्वलाई अशान्त र अस्तव्यस्त पार्दै छ। मध्यपूर्वमा युद्ध भड्काएर अमेरिकी साम्राज्यवाद विश्वब्यापी ऊर्जा सङ्कट एवम् मानवीय सङ्कट निम्त्याउँदै छ। यो कदम निःसन्देह एक ध्रुवीय विश्व लम्ब्याउने अमेरिकी प्रशासनको स्वार्थबाट प्रेरित छ। बेलायती साम्राज्यवाद र हिटलरको फासिवादको पतनबाट पाठ सिक्न ढिलाइ गर्नु स्वयम् संरा अमेरिकाका निम्ति आत्मघाती हुने निश्चित छ।

२०८२/११/२०
प्रेम सुवाल
सचिव

(२)

काठमाडौँ। नेपाल मजदुर किसान पार्टीले अमेरिकी ट्रम्प प्रशासन र इजरायली जातिवादी सरकारले एक सार्वभौम देश इरानमाथि गरेको आक्रमणको विरोधमा फागुन २० गते वक्तव्य प्रकाशित गरेको छ। वक्तव्यको पूर्ण पाठ यहाँ प्रकाशित छ –

मध्यपूर्वको एक स्वतन्त्र र सार्वभौम देश इरानको राजधानी तेहरानमा गत २८ फेब्रुअरी (१६ फागुन) शनिबारका दिन स्थानीय समयअनुसार बिहान ९:३० बजे ट्रम्प प्रशासन र इजरायली प्रजातन्त्रविरोधी सरकारले संयुक्तरूपमा आक्रमण गरी इरानी सर्वोच्च नेता आयतोल्लाह खामेनीलगायतका इरानी नेताहरूको हत्या गरे। इरानको मिनावस्थित एक प्राथमिक विद्यालयमा बम प्रहार गरी १ सय ६५ भन्दा बढी छात्राहरूलाई एक चिहान बनायो। इरानले आत्मरक्षाको निम्ति मध्यपूर्वका देशका अमेरिकी सैन्य अखडाहरूमा जवाफी हमला गऱ्यो। ट्रम्प प्रशासनको कारण मध्यपूर्व र विश्वमा फेरि युद्ध र आतङ्कको कालो बादल मडारिँदै छ।

विगत ४५ वर्षदेखि अमेरिकी प्रशासन र पश्चिमाहरूको अमानवीय आर्थिक नाकाबन्दी एवम् चर्को दबाब व्यहोरिरहेको एक स्वतन्त्र र सार्वभौम देश इरानमाथि भएको यो निर्मम हमला अन्तर्राष्ट्रिय कानुनको ठाडो उल्लङ्घन हो। अमेरिकी साम्राज्यवाद र इजरायली जातिवादी सरकारले इरानविरुद्ध थालेको नृशंस हमलाको नेमकिपा विरोध एवम् भर्त्सना गर्दछ।

स-साना स्वतन्त्र तथा सार्वभौम देशहरूमाथि अमेरिकी साम्राज्यवादबाट भइरहेको थिचोमिचो, दबाब, धम्की र हस्तक्षेपको अन्त्य भएबाट मात्र विश्वशान्ति सम्भव हुनेमा नेमकिपा पुनः

बाँकी पृष्ठ १२ मा

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई वर्गीय रूपमा हेर्नुपर्ने



भक्तपुर। ११६ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा फागुन २४ गते ख्वप मा.वि./कलेजमा प्रवचन कार्यक्रम भयो। कलेज/विद्यालयमा कार्यरत महिला शिक्षक/कर्मचारीहरूको आयोजनामा भएको उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप मा.वि./कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस बहुसङ्ख्यक कामदार महिलाहरूको पक्षमा हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

मार्च ८ अर्थात् अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसलाई वर्गीयरूपमा हेर्नु जरुरी छ भन्दै उहाँले समाजको हरेक क्षेत्रमा महिलाको सहभागिता तथा उपस्थिति उल्लेख्य भएमात्र समाजमा महिला र पुरुषबिच भेद कम हुँदै जाने बताउनुभयो।

महिलालाई आरक्षण दिएर होइन सबल बनाएर प्रतिस्पर्धी बनाउनु जरुरी भएको धारणा राख्दै प्रमुख प्रजापतिले भन्नुभयो, "पुँजीवादी व्यवस्थामा महिला वा पुरुषलाई बेचबिखनको साधनको रूपमा लिइन्छ। पुँजीवादी बन्दोबस्तमा यथार्थरूपमा महिला मुक्ति सम्भव छैन। शिक्षालाई रोजगार वा उत्पादन श्रमसँग जोड्ने समाजवादी व्यवस्थाले मात्र साँचो अर्थमा महिला मुक्ति गर्न सकिन्छ।"

प्रमुख प्रजापतिले थप्नुभयो, "समाज परिवर्तनको मुख्य आधार शिक्षा र राजनीतिक चेतना हो।"

उहाँले भन्नुभयो, "अत्यन्त पछाडि परेको भक्तपुरलाई नेमकिपाका अग्रजहरूको वर्षौंको मेहनत र त्यागको परिणामस्वरूप भक्तपुर एउटा नमुना नगरको रूपमा विकास भइरहेको छ। यद्यपि, हालैको निर्वाचन नतिजाले जनतामा राजनीतिक चेतना अभाव भएको देखियो। नयाँ पुस्तालाई राजनीतिकरूपले सचेत गर्न सके समाजमा सकारात्मक परिवर्तन सम्भव छ।"

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले घरको कामबाट मुक्त नभएसम्म सामाजिक, राजनीतिक र आर्थिकरूपमा महिला मुक्ति सम्भव नहुने शिक्षा पाएर नै सोभियत रुसले अक्टोबर समाजवादी क्रान्तिपछि सामूहिक भान्छा र बालगृहको व्यवस्था गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिको महत्त्वपूर्ण उपलब्धिमध्ये महिला मुक्ति पनि हो।"

संरा अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणबारे चर्चा गर्दै उहाँले साम्राज्यवादी देशले कुनै पनि देशलाई स्वतन्त्र राख्न नदिने बताउनुभयो।

उहाँले भन्नुभयो, "शिक्षक-प्राध्यापकको जिम्मेवारी नयाँ पुस्तालाई

बाँकी पृष्ठ १२ मा

प्रजातन्त्रको सम्मान गरौं।

❖राज्यशक्तिका स्रोत जनता हुन्।
❖निर्वाचित प्रतिनिधिले शासन गर्ने प्रक्रिया प्रजातान्त्रिक पद्धति हो।
❖आवधिक निर्वाचन प्रजातन्त्रको आधार स्तम्भ हो।
❖नागरिक सर्वोच्चता, स्वतन्त्रता र समानता प्रजातन्त्रका आधारशिला हुन्।
❖प्रजातन्त्रमा मौलिक हक र मानवअधिकारको संरक्षण हुन्छ।
❖कानूनी शासन प्रजातन्त्रको अनिवार्य शर्त हो।
❖शासकीय क्रियाकलापमा नागरिक सहभागिता र प्रतिनिधित्व सुनिश्चित गरौं।
❖सामाजिक न्याय र सामाजिक सुरक्षा कायम गरौं।
❖सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माणमा सबैले हातेमालो गरौं।
प्रजातान्त्रिक संस्कृतिको सम्बर्द्धन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



सर्वहारावर्गका महिलाहरूले पुँजीवादी समाजविरुद्ध आफ्नो वर्गका पुरुषहरूसित काँधमा काँध मिलाई सङ्घर्ष गर्छन् र गर्नुपर्छ ।

-क्लारा जेटकिन

# सम्पादकीय

## निर्वाचन, राज्य र देशको सार्वभौमिकताबारे

सरल भाषामा 'प्रजातन्त्र' भनेको जनताको शासन हो । प्रजातन्त्रमा बहुमत जनताको इच्छा र विचारअनुसार शासन व्यवस्थाको निर्माण हुन्छ ।

राज्यको उदय सँगसँगै सरकार वा शासक समूह वा वर्गको एवं त्यसलाई चलाउने 'सरकार' पनि सँगसँगै आउँछ । सरकारमा समाज विकासअनुसार सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन (माथिदेखि तल्लो तहसम्मका अङ्गहरू) र सरकारकै बिचमा अर्थात् प्रतिनिधिसभा र सरकारमा पनि बेमेल भएमा त्यसको टुङ्गो लगाइदिने संस्था अदालत (तलदेखि सर्वोच्च अदालतसम्म) हो ।

त्यसबाहेक भूमि, जनसङ्ख्या र सरकारबाहेक 'सार्वभौमिकता' भन्ने एक तत्त्व पनि राज्यसँग जोडिएको हुन्छ । सार्वभौमिकता सम्पन्न राज्यले 'भित्री वा बाहिरी कुनै पनि शक्तिको अगाडि झुक्न नपर्ने हुन्छ ।' भित्री शक्ति भन्नाले कुनै जातजाति, भाषाभाषी वा धर्म र सांस्कृतिक संस्थाले भनेको जस्तो मान्नुपर्ने हुँदैन । त्यस्तै बाहिरी शक्ति भन्नाले संरा अमेरिका, चीन, भारत, इजरायल वा युक्रेनलगायत कुनै पनि देशले भनेजस्तो बस्नुपर्ने वा गर्नुपर्ने हुँदैन - त्यो शक्ति नै सार्वभौम शक्ति हो । यदि हामी अमेरिका, भारत वा कुनै पनि देशले भनेको जस्तो गर्नुपर्ने भयो भने नेपाल सार्वभौम देश हुनेछैन । त्यसको निम्ति हाम्रो सरकार, जनता, सेना- प्रहरी बल, गुप्तचर विभाग, प्रशासन (सिंहदरबारदेखि जिल्ला सरकारी कार्यालयसम्म र जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म) अरू देशले अन्हाएको जस्तो गर्नुपरेको हुँदैन ।

माथिको सार्वभौमिकताको सिद्धान्त स्वाभाविकरूपले सार्वभौम हो अर्थात् सबै देशहरूको निम्ति लागू हुन्छ । यदि हाम्रो देश नेपाल सरकार र जनता, सेना, प्रहरी बल, गुप्तचर विभाग र प्रशासन एवं अदालतलाई अरू कुनै देशले हाम्रो इच्छाविपरीत बाध्य पारेर काम गरायो भने 'हामी सार्वभौम देश' हो वा होइन भनी सोच्नुपर्ने हुन्छ ।

xxx

प्रजातान्त्रिक देशमा ऐन-कानुन र संविधानबमोजिम जनताको इच्छाअनुसारको शासन व्यवस्थाको निम्ति आवधिक वा बरोबर निर्वाचन गर्नुपर्ने हुन्छ र सोही निर्वाचनबाट शासन गर्ने सरकारको चुनाव हुन्छ र विजयी पक्षले शासन गर्छ । शासकहरूले आफ्नै देशको संविधान, ऐन-कानुन र परम्पराअनुसार शासन गर्नुपर्नेछ । कथम्कदाचित संविधान र ऐन-कानुनमा उल्लेख नभएको विषय वा घटनाबारे निर्णय गर्दा आफ्नो देशको शासन व्यवस्था कुन मुलुकसँग मेल खान्छ सोअनुसार हाम्रो देशमा कुनै प्रकारको अप्ठेरो नहुने भएमा आफ्नो अनुकूलताअनुसार बन्दोबस्त गर्नुपर्ने हुन्छ ।

प्रजातान्त्रिक व्यवस्थामा यस्तो देश र जनताको हितको निम्ति अत्यन्त लचकता, समन्वय र संवेदनशील भावनाले अगाडि बढाउनुपर्ने आवश्यकता हुन्छ । यसकारण, शासन व्यवस्थाको अङ्ग-प्रत्यङ्गमा बस्ने व्यक्तिहरूले जसरी सवारी साधन चलाउने चालकले सन्तुलित ढङ्गले गाडी चलाउँदा दुर्घटना नभई गन्तव्यमा सुविस्तापूर्वक पुऱ्याउने गर्छन् त्यस्तै शासक दलहरूले पक्षपात र विकाररहित ढङ्गले निःस्वार्थरूपले शासनको गाडीलाई चलाउनु आवश्यक हुन्छ । व्यक्तिगत स्वार्थ तथा जात-भाषा, धर्म वा क्षेत्रीय भावनाबाट शासकहरूले आफूहरूलाई मुक्त राख्नु जरुरी छ, नत्र शासनको गाडी सुविस्तापूर्वक अगाडि बढ्दैन र दुर्घटना मुक्त हुनेछैन ।

तर, व्यवहारमा कुनै दल वा दलको कुनै व्यक्तिलाई प्राथमिकतामा राख्नु प्रजातन्त्रविरोधी आचरण साबित हुन्छ । त्यसको कारण हो संसद्को निर्वाचनको अर्थ सरकारमात्रै हो; निश्चित व्यक्ति होइन । उदाहरणको निम्ति-'काङ्ग्रेसबाट प्रधानमन्त्री गगन' । (नागरिक, शनिबार १० माघ, २०८२)

त्यस्तै सुरुमा 'भावी प्रधानमन्त्री बालेन' भनी प्रचार गरियो । निर्वाचनपछि बालेनको ठूलै तस्बिरसहित 'भावी प्रधानमन्त्रीको कीर्तिमानी विजय' (अन्नपूर्णपोस्ट, २४ फागुन, २०८२) लेख्न सजिलो भयो ।

अर्को उदाहरण हो- 'भक्तपुर क्षेत्र नम्बर - १, नेपाल मजदुर किसान पार्टीका सुवालको 'ह्याट्रिक' रोक्ने दाउमा नयाँ-पुराना दल' (राजधानी, निर्वाचन विशेष, २ फागुन २०८२) त्यसमा ६ जनाकै तस्बिर छापिए । अर्थात्, नेमकिपा, एमाले, नेपाली काङ्ग्रेस, नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाका उम्मेदवारहरूका फोटाहरू छापिए ।

यस प्रकारको व्यक्तिकेन्द्रित प्रचारले प्रजातन्त्र, दलहरूको सिद्धान्त, नीति र राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थितिबारे जनतालाई फरक फरक कोणबाट शिक्षित गर्ने अवसर गुम्नु वैचारिकरूपले जनतालाई बुझ्ने अवसरबाट वञ्चित गर्नु सरह हो ।

# आजको अन्तर्राष्ट्रिय परिस्थिति

**'रङ्गीन क्रान्ति' को आवरणमा अमेरिकी साम्राज्यवादले संसारका विभिन्न देशमा सत्तापलट गरी आफ्नो प्रभुत्व विस्तार गर्न ठुलो बल प्रयोग गर्दै छ । क्यानडालाई संयुक्त राज्य अमेरिकाको ५१ औँ राज्य बनाउने, डेनमार्कको ग्रीनल्यान्ड कब्जा गर्ने, पनामा नहर कब्जा गर्ने र मेक्सिकोमाथि बढाउँदै लगिएको दबाबले ट्रम्प प्रशासनको 'जङ्गली राज' उजागर भइरहेको छ ।**

कुनै ठाउँको हावापानीको प्रभाव त्यहाँको घर र कोठामा परेजस्तै अन्तर्राष्ट्रिय परिस्थितिको प्रभाव नेपालको राजनीतिक तथा आर्थिक परिस्थितिमा पर्दै छ ।

संयुक्त राज्य अमेरिकी ट्रम्प प्रशासन पहिलो विश्वयुद्धपछिको हिटलर र मुसोलिनी शैलीले आक्रामक बन्दै छ । उसले विश्व शान्तिलाई खलबल्याउँदै उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) र एसिया प्रशान्त महासागरीय देशहरूलाई पनि धम्काउँदै र तर्साउँदै छ । संसारमा पुनः उपनिवेशवाद लाद्न खोज्दै छ । दक्षिण अमेरिकी महादेश तथा अफ्रिकी महादेशका केही देशहरूलाई धम्काउँदै र तर्साउँदै त्यहाँका प्राकृतिक स्रोत, पेट्रोल, दुर्लभ खनिजतत्त्व एवम् अन्य खानी आफ्नो मुठीमा पार्दै छ । यसको एक ताजा उदाहरण भेनेजुएला हो । ट्रम्प प्रशासनले साइबर आक्रमण गरी भेनेजुएलाका राष्ट्रपति निकोलस माडुरो र उहाँकी पत्नी एवम् नेतृ सिलिया फ्लोरेसलाई मध्यरातमा ( बत्ती निभाएर) डकैती शैलीमा अपहरण गरेर संयुक्त राज्य अमेरिका लग्यो । यसलाई इतिहासमा सबभन्दा घृणित एवम् आपराधिक घटनामध्ये एक मानिनेछ ।

**ट्रम्प प्रशासनले एसियामा पनि श्रीलङ्का र बङ्गलादेशको आन्तरिक मामिलामा हस्तक्षेप गऱ्यो । नेपालमा भ्रष्टाचारको विरोधको लोकप्रिय नारा उठाउन लगायोत्र मुलुकमा अपूरणीय क्षतिपश्चात् ट्रम्प प्रशासनको छायामा नयाँ सरकारको स्थापना नेपाली जनताले व्यहोर्दै छन् । चीनको स्वायत्त प्रान्त तिब्बतका देशद्रोही दलाई लामा गुटका मानिसहरूलाई पनि वर्तमान सरकारले 'एक चीन नीति' विपरीत मान्यता दिने तयारी गर्दै छ । इतिहासमा बेलायती उपनिवेशवादले गरेजस्तै अमेरिकी ट्रम्प प्रशासनले तिब्बत कब्जा गर्ने नयाँ युद्धको तयारी गर्दै छ ।**

ट्रम्प प्रशासनले इजरायलमार्फत प्यालेस्टिनमाथि दुई वर्षको निर्मम आक्रमणमा ७४ हजारभन्दा बढी जनताको हत्या गऱ्यो । शिशु, केटाकेटी, आमा र महिलाहरू बढी मारेर जातिहत्याको अपराध गऱ्यो । नरसंहार अझै जारी राख्दै छ । एसियाली देश इराक र अफ्रिकी देश लिबियाले आ-आफ्नो तेलखानी अमेरिकालाई बेचेन भन्ने निहुँमा इराकका राष्ट्रपति सद्दाम हुसेन र लिबियाका राष्ट्रपति गद्दाफीलाई अमेरिकी प्रशासनले आफ्नो केन्द्रीय गुप्तचर विभाग (CIA) मार्फत हत्या गराएको संसारले बिर्सेको छैन । सिरियामा पनि त्यही निहुँमा वर्षौंदेखि हमला गर्दै वैधानिक सरकार ढाल्यो । अहिले इरानको आन्तरिक मामिलामा हस्तक्षेप गर्दै आन्दोलनको नाममा गतिविधि बढाउँदै इरानी सरकार पल्टाउन आक्रमणको तयारी गर्दै छ ।

भेनेजुयलामाथि हमलापश्चात् ट्रम्प प्रशासनले ल्याटिन अमेरिकाको समाजवादी देश क्युबामाथिको नाकाबन्दीलाई झन् कठोर बनायो । त्यहाँ इन्धनलगायत सारा आपूर्ति बन्द गरायो । क्युवाले भेनेजुयलाको पक्षमा 'रगत बगाउन तयार भएको' बताएको थियो । क्युबाविरुद्ध ६६ वर्ष अगाडि लगाएको साम्राज्यवादको अमानवीय नाकाबन्दी समाजवादी व्यवस्था ढाल्ने उद्देश्यले गरेको जगजाहेर भइसकेको छ । क्युवाली जनताले कुनै पनि मूल्य चुकाएर आफ्नो सम्प्रभुता रक्षा गर्न तयार रहेको दोहोऱ्याइरहेका छन् । विभिन्न देशमा चिकित्सक सहयोग गर्दै आएको क्युवाले कोभिड-१९ महामारी नियन्त्रण गर्न भ्याक्सिन अनुसन्धान गरी निर्यात गऱ्यो । विश्वका न्यायप्रेमी जनता क्युवाप्रति अभूतपूर्व ऐक्यबद्धता जाहेर गर्दै छन् । रुस, चीन र मेक्सिकोलगायतका देश मानवीय सहायतासहित क्युवाको पक्षमा उभिँदै छन् । नेपाल पनि उभिनु जरुरी छ ।

अमेरिकी साम्राज्यवादले पूर्वसोभियत सङ्घको भू-भाग युक्रेनको जमिन र खनिज कब्जा गर्दै युक्रेनमार्फत रुसविरुद्ध हमला गऱ्यो । रुसविरुद्ध अमेरिकी छद्म युद्धले चार वर्ष नाघिसक्यो; ठुलो जनधनको क्षति भइसकेको छ । तर, युक्रेनलाई प्रयोग गरी मस्कोलाई आफ्नो तखतमा राख्ने अमेरिकी योजना विफल हुँदै छ ।


ट्रम्प प्रशासनले एसियामा पनि श्रीलङ्का र बङ्गलादेशको आन्तरिक मामिलामा हस्तक्षेप गऱ्यो । नेपालमा भ्रष्टाचारको विरोधको लोकप्रिय नारा उठाउन लगायो; मुलुकमा अपूरणीय क्षतिपश्चात् ट्रम्प प्रशासनको छायामा नयाँ सरकारको स्थापना नेपाली जनताले व्यहोर्दै छन् । चीनको स्वायत्त प्रान्त तिब्बतका देशद्रोही दलाई लामा गुटका मानिसहरूलाई पनि वर्तमान सरकारले 'एक चीन नीति' विपरीत मान्यता दिने तयारी गर्दै छ । इतिहासमा बेलायती उपनिवेशवादले गरेजस्तै अमेरिकी ट्रम्प प्रशासनले तिब्बत कब्जा गर्ने नयाँ युद्धको तयारी गर्दै छ ।

'रङ्गीन क्रान्ति' को आवरणमा अमेरिकी साम्राज्यवादले संसारका विभिन्न देशमा सत्तापलट गरी आफ्नो प्रभुत्व विस्तार गर्न ठुलो बल प्रयोग गर्दै छ । क्यानडालाई संयुक्त राज्य अमेरिकाको ५१ औँ राज्य बनाउने, डेनमार्कको ग्रीनल्यान्ड कब्जा गर्ने, पनामा नहर कब्जा गर्ने र मेक्सिकोमाथि बढाउँदै लगिएको दबाबले ट्रम्प प्रशासनको 'जङ्गली राज' उजागर भइरहेको छ ।

सं.रा. अमेरिकाको एक ठुलो अपराधीको 'इप्स्टिन फाइल' ले संयुक्त राज्य अमेरिका र पश्चिमा नेतृत्वको अपराध र पशु व्यवहार उदाङ्गिएको छ ।

*- नेमकिपाको 'प्रतिनिधिसभा निर्वाचन घोषणापत्र - २०८२' बाट*

# के छानबिन आयोगको प्रतिवेदन कार्यान्वयन होला ?




शुक्र

गौरीबहादुर कार्की नेतृत्वको उच्चस्तरीय छानबिन आयोगले फागुन २४ गते प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझायो । ५ महिना लामो अध्ययनपछि तयार पारिएको प्रतिवेदनमा गत भदौ २३ र २४ गतेको घटनामा संलग्नहरूलाई कारबाहीको सिफारिस गरिएको समाचार छ ।

भदौ २३ गते काठमाडौंमा भएको युवाहरूको प्रदर्शनमा २१ जना युवा–विद्यार्थीको ज्यान गएको थियो । उक्त घटनाका दोषीलाई फौजदारी कारबाहीको सिफारिस गरिएको समाचार छ । राष्ट्रिय सुरक्षा समितिको अध्यक्ष रहेका तत्कालीन प्रधानमन्त्री, केन्द्रीय सुरक्षा समितिको अध्यक्ष रहेका तत्कालीन गृहमन्त्री, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारीले सम्भावित घटनाको आँकलन नगरेकाले दोषी करार गर्नुपर्ने सार्वजनिक भयो ।

आयोगमा प्रवक्ता विज्ञानराज शर्मासले २३ भदौको घटनामा हुनुमा सुरक्षा कमजोरी रहेको बताए । साथै, बानेश्वरदेखि संसद् भवन परिसरसम्म कमजोर ब्यारिकेडको कारण २१ जनाको ज्यान गएको र युवाहरूको ज्यान गएपछि भदौ २४ गतेको विध्वंश र आगजनीको घटना भएको बताए ।

आयोगले भदौ २३ र २४ गतेको घटनाक्रमसँग सम्बन्धित दुई सयभन्दा बढी व्यक्तिसँग बयान लिएर प्रतिवेदन तयार गरेको समाचार छ । घटनाका क्रममा खिचिएका ३५ हजारभन्दा बढी भिडियो, उपलब्ध सीसीटीभी फुटेज र कल डिटेल्समाथि आयोगले विस्तृत अनुसन्धान गरेको उल्लेख छ ।

आयोगले आगजनी भएका स्थानबाट सङ्कलन गरिएका खरानी, माटो, ध्वाँसो र अँगारजस्ता भौतिक पदार्थको पनि अध्ययन गऱ्यो । तर, आगजनीमा कुनै रासायनिक पदार्थ प्रयोग भए-नभएको आयोगले स्पष्ट गर्न सकेन । विज्ञ टोलीले ती सबै नमुनामाथि वैज्ञानिक परीक्षण गनुपर्ने उल्लेख छ ।

भदौ २३ र २४ को दिन धेरै प्रयोग गरिएका मोबाइल, आदान-प्रदान भएका सन्देश र त्यसको सबै सिडिआर उतारिएको छ । आगजनी भएका भौतिक संरचनाको खरानी परीक्षणसमेत भएका छन्, फरक-फरक ठाउँमा आन्दोलन गर्न सडकमा उत्रिएकाहरूको मोबिलिटी अध्ययन गरिएको छ । संसद् भवन र बालुवाटार जलाउने समूह एउटै हो-होइन, उनीहरूबिच सम्बन्ध छ-छैन जस्ता विषय अध्ययन गरिएको छैन ।

भदौ २४ मा भएको आगजनी, लुटपाट र सङ्गठित अपराधमा संलग्नहरूलाई पहिचान गरी अभियोजन गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ । आन्दोलनका क्रममा जम्मा ७६ जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख छ । जसमा २१ जना बानेश्वर घटनामा, १० जना कैदीबन्दी तथा बाल सुधार गृहमा र अन्य देशका विभिन्न स्थानमा मारिएका थिए ।

रास्वपाले चुनावी वाचापत्रमा भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनमा भएको बल प्रयोगलगायतका घटनाको छानबिन गर्न गठित न्यायिक जाँचबुझ आयोगको प्रतिवेदनमा उल्लेख हुने सुझाव र सिफारिसलाई कार्यान्वयन गर्ने उल्लेख गरेको छ ।

२०४६ को जनआन्दोलन दबाउनेहरूलाई कारबाही गर्न गठित मल्लिक आयोग, २०६२–६३ को रायमाझी आयोग, २०७२ को लाल आयोगको प्रतिवेदन सरकारलाई बुझाइए पनि कार्यान्वयन नभएको यतिखेर चर्चामा छ ।

भदौ २३ र २४ को घटनामा संलग्न भनिएका धेरै अनुहार सांसद भइसकेका पनि समाचार छ । आयोगको प्रतिवेदन सार्वजनिक गरेर कार्यान्वयन गर्ने आँट अब बन्ने सरकारले गर्ला या नगर्ला समयले बताउनेछ ।

# के अब कक्षा १२ सम्म पूर्ण नि:शुल्क होला ?

ठुलो दलले सरकार गठन गर्नु अस्वाभाविक होइन । तर, बन्ने सरकार देश र जनताप्रति जिम्मेवार हुनुपर्छ । सरकारले बनाउने ऐन-कानुन बहुमत जनताको पक्षमा हुनुपर्छ । विगतमा सरकारको नेतृत्व गर्ने दलको कमी कमजोरीबाट पाठ सिकेर अघि बढ्नुपर्छ । यसको लागि सरकारको नेतृत्व गर्ने दलको राजनीति सही हुनुपर्छ; सही दिशामा अघि बढ्नुपर्छ । नयाँ सरकारले संविधानमा व्यवस्था भएझैँ आगामी शैक्षिक सत्रदेखि कमसेकम आधारभूत तहसम्मको अनिवार्य र माध्यमिक तह (कक्षा १२) सम्म नि:शुल्क हुनुपर्छ । स्वास्थ्य सेवाको पहुँच सर्वसाधारण जनतासम्म पुऱ्याउन गाउँ बस्तीसम्म अस्पताल र स्वास्थ्य सेवा केन्द्रको बन्दोबस्त गर्नुपर्छ ।

देशको जटिल समस्या भ्रष्टाचार पनि हो । हरेक सरकारले देशलाई भ्रष्टाचारशून्य बनाउने भने पनि व्यवहारमा त्यो लागू गर्न सकेको छैन; भ्रष्टाचारीहरूमाथि कारबाही गर्न सकेको छैन । यही कारण नेपाल भ्रष्टाचार बढी हुने देशको सूचीमा परेको हो । भ्रष्टाचारमुक्त समाज बनाउन र भ्रष्टाचारीहरूमाथि कारबाही गर्न अबको सरकार गम्भीर हुनुपर्छ । युवाहरूको विदेश पलायन हुनेको सङ्ख्या घटेको छैन । युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्छ । स्वदेशमै रोजगारीको व्यवस्था गर्न देशमा विभिन्न स्थानका स्रोत र साधन उपयोग गरी जनताका आधारभूत आवश्यकता पूर्ति गर्ने काम गरेको खण्डमा युवाहरू विदेश जान बाध्य हुनेछैनन् । देशमा भएका स्रोत र साधन उचित ढङ्गले प्रयोग गरी आत्मनिर्भर बनाउनेतर्फ सरकारको ध्यान पुग्नुपर्छ ।

विगतमा सरकारको नेतृत्व गर्ने दलका नेता, सांसद, कार्यकर्ता र कर्मचारीहरू इमानदार भएनन् । निष्ठाको राजनीति नगरेको कारण र नेताहरूप्रति असन्तोष बढ्नुको कारण सत्तासीन दलका नेताहरू देश र जनताप्रति समर्पित भएर सही राजनीति नगर्नाले हो । सत्तासीन दलका नेताहरूले जनतामा फूटको राजनीति गरे, भ्रम फैलाए, पैसाको राजनीति गरे । अहिले बन्ने सरकारको नेतृत्व गर्ने दलका नेताहरू पनि आश्वासन बाँडेर काम गर्दैनन्, पद र पैसाको राजनीतिमा भुले भने त्यो सरकार पनि पछि बदनाम हुँदै पतन हुनेमा शङ्का छैन ।

सत्तासीन दलका नेताहरू सिद्धान्तनिष्ठ हुनुपर्छ । सिद्धान्तहीन राजनीति गर्ने दलले दिशा निर्देश गर्न सक्दैन । दिशाहीन दलको नेतृत्वमा सरकारले देश समृद्ध बनाउन सक्दैन; जनतालाई सुखी बनाउन सक्दैन । नयाँ सरकार गठनको बेला जोश जाँगर भए पनि उनीहरूको मनपरीतन्त्रले पछि बदनाम हुँदै गएको र जनतामा गलत सन्देश गएको विगतको यथार्थ हो । देशको जल्दोबल्दो चुनौती भनेको विदेशी हस्तक्षेप र दबाब हो; विदेशी शक्ति राष्ट्रको इसारामा सरकार सञ्चालन हुनु हो । असमान सन्धि सम्झौता हुनु हो । अब बन्ने सरकार विदेशीको उठबसमा बस्ने कठपुतली होइन नेपाल र नेपालीको निम्ति भलो चाहने सरकार हुनुपर्छ । भ्रष्टाचारमुक्त सरकार हुनुपर्छ । ऋणमुक्त देश हुनुपर्छ । साँच्चै देशमा सुशासन हुनुपर्छ; देश र जनताप्रति जवाफदेही सरकार हुनुपर्छ । असमानता र धनी गरिबको दूरी बढाउने होइन समानतामा आधारित सरकार हुनुपर्छ ।

एक समय तत्कालीन माओवादी देशकै ठुलो दल बन्यो । अर्को पटकको निर्वाचनमा लज्जाजनक हार भयो या धेरै सांसद सङ्ख्या घट्यो । एमालेको पनि त्यस्तै विजोक भयो । नेकाको सांसद सङ्ख्या पनि घट्यो । निर्वाचनमा बढी सांसद सङ्ख्या जित्ने दलको सरकार पनि शक्तिको उन्मादमा लागे; नेपाल र नेपालीभन्दा विदेश र विदेशीको हितमा काम गरे उसको स्थिति पनि त्यस्तै दयनीय हुन बेर लाग्दैन । विगतको सरकार शक्ति उन्माद या ठुला दलको अभिमानीले गर्दा अस्थिर भएको हो; बदनाम भएको हो । जो आगोसँग खेल्छ त्यो आगोमै मर्छ, जो पानीसँग खेल्छ पानीमै मर्छ भनेझैँ अहिले बन्ने सरकारमा पनि दम्भ भयो भने पतन निश्चित छ ।

शासकहरू दूरदर्शी भएनन्, इमानको राजनीतिमा लागेनन् भने विगतमा झैँ देशमा बेथिति बढ्नेछ; हत्या र हिंसाका घटनाहरू घट्ने छैनन् । मानव बेचबिखन रोकिने छैन । भ्रष्टाचारीहरू कारबाहीमा पर्ने छैनन् । मनपरीतन्त्र चल्नेछ । पुँजीवादी व्यवस्थामा सरकारको नेतृत्व बदलेर देशमा आमूल परिवर्तन सम्भव छैन या श्रमजीवी जनताको हित हुनेछैन । पुँजीवादी व्यवस्थामा आधारित सरकारले बहुमत जनताको पक्षमा काम गर्दैन, ऐन कानुन बनाउँदैन । विगतमा पटक-पटक सरकारको नेतृत्व गर्ने दलले केही गर्न नसकेको घटनाले यो कुरा प्रस्ट पारिसकेको छ ।

# प्रखर प्रतिपक्षविहीन संसद्को अवस्था कस्तो होला ?

कम्युनिस्ट पार्टीको उद्देश्य आमूल परिवर्तन गर्नु हो । पुँजीवादी व्यवस्था बदली समाजवादी व्यवस्था ल्याउनु आमूल परिवर्तन हो । नेमकिपाले संसद्लाई क्रान्तिकारी संसद्वादको रूपमा प्रयोग गर्दै आएको हो । निर्वाचन वैचारिक लडाइँ हो; यो वर्गसङ्घर्ष पनि हो । प्रजातन्त्र स्थापना भएको दसकौँ बितिसक्दा पनि सत्तारुढ दलले प्रजातन्त्रलाई जीवन पद्धतिको रूपमा विकास गर्न सकेको छैन । प्राप्त अधिकारलाई उपयोग गरी थप अधिकारको निम्ति सङ्घर्ष गर्नुपर्ने तड्कारो आवश्यकता छ । निर्वाचनमा ठुलठुला दलका नेताहरूले कार्यकर्ता तथा समर्थकहरूलाई निर्वाचनको बेला सिद्धान्त र विचारबाट सुसूचित पार्नुभन्दा सतही राजनीति गरेकाले, प्रचारको नाउँमा होच्याउने, अपमान गर्ने गर्नाले कार्यकर्ताहरू विचलित भए । कार्यकर्ताहरू लहैलहैमा लागे । यसको कारण पहिलेको निर्वाचनमा ६/६ दर्जनभन्दा बढी सांसद जित्ने दलले अहिले दुई दर्जन पनि ल्याउन सकेन । जबकि ती दलका नेताहरूले फागुन २१ गतेको निर्वाचनको प्रचारात्मक कार्यक्रममा बहुमत ल्याएर सरकार गठन गर्ने दाबी गरेका थिए । तर, शासक दलका नेताहरूको उक्त भनाइ झूट साबित भयो ।

ठुला दलका नेताहरूले सैद्धान्तिक र वैचारिक राजनीति नगरी भागबन्डा, पद र पैसाको राजनीति गरे; गालीगलौजको राजनीति गरे । यसको कारण जेन-जी जन्म्यो र जेन-जीको राजनीतिले नयाँ र युवाहरू जागरुक भए । यो जागरण अहिलेको निर्वाचनमा पनि कायम भयो । यसबारे 'काङ्ग्रेस, एमालेलाई इतिहासकै ठुलो क्षति', 'ठुलो दल काङ्ग्रेसलाई ठुलै धक्का', 'ओलीको अहङ्कारको मूल्य एमालेलाई भारी', '२२ पार्टी मिलेर बनेको नेकपालाई सीटभन्दा निराशा धेरै' जस्ता शीर्षकका समाचार विभिन्न पत्रिकामा छापियो । त्यस्तै 'प्रतिनिधिसभामा मधेसी दलको उपस्थिति करिब 'शून्य', 'बालेन मेरो प्रतिस्पर्धी नै होइनन् तर ५० हजार मतान्तरले हारे' जस्ता शीर्षकका समाचारहरू छापिए ।

नेमकिपा साम्राज्यवाद र भारतीय विस्तारवादको विरोधमा अन्तिम दमसम्म लडिरहनेछ । देशको स्वाधीनता र सार्वभौमसत्ताको निम्ति लडिरहेको नेमकिपा देश जोगाउन र बचाउन लागिपरेको कुरा देशका कुनाकाप्चाका जनतालाई थाहा छ । कतिपय राजनीतिक विश्लेषक र बुद्धिजीवीहरूले देश र जनताको निम्ति पुऱ्याउँदै आएको योगदानको कदर गर्दै नेमकिपा निर्वाचनमा हारे त्यसको राजनीति नहारेको रूपमा लिएका छन् । कतिपय विश्लेषकहरूले 'नेमकिपा हारेको होइन देश हारेको' भनी दु:ख व्यक्त गर्दै नेमकिपा संसद्मा अति आवश्यक भएको विचार व्यक्त गरे ।

कतिले विस्तारवाद, साम्राज्यवाद, एमसीसी, नागरिकता विधेयक आदिको विरोध गरेको स्वर सेलाउन नेमकिपालाई हराएको कुरा पनि प्रचारमाध्यममा आयो । देशमा जहिलेसम्म किसान, मजदुर रहिरहन्छ तहिलेसम्म नेपाल मजदुर किसान पार्टी रहिरहन्छ । श्रमजीवी जनताको विचार बोकेको नेमकिपा प्रतिनिधिसभा निर्वाचनमा हारे पनि विचार हार्दैन । नेमकिपा देशका सामन्त, जालीफटाहा, शोषकहरूविरुद्ध निरन्तर लडिरहनेछ । क्रान्तिको परिस्थिति तयार नभएको समयमा नेमकिपाले लेनिनवादी नीतिअनुसार प्रतिक्रियाभन्दा प्रतिक्रियावादी सङ्घ संस्थाभित्र पसेर देश र जनताको इमानदारीपूर्वक सेवा गर्दै आएको यथार्थ हो । भागबन्डा, पद र पैसामा नभुली देश र जनताप्रति जिम्मेवार भएर अघि बढेको नेमकिपा संसद्मा प्रखर प्रतिपक्षमा रहेर सशक्त भूमिका निर्वाह गरेको सबैको सामु स्मरणीय छ । देशविरोधी सन्धि सम्झौता खारेज गराउन सदन र सडकमा आवाज उठाउने नेमकिपा नै हो ।

'जेन-जी' आन्दोलनको क्रममा महत्त्वपूर्ण सम्पदामा आगजनी गरेर खरानी बनाउने र निर्दोष युवा-विद्यार्थीको टाउको र छातीमा ताकीताकी गोली हान्ने दोषीहरूमाथि अब बन्ने सरकारले कारबाही गर्ला कि नगर्ला ? भ्रष्टाचारी प्रकरणका फाइल खोलेर कारबाहीको प्रक्रिया अघि बढाउला कि नबढाउला ? सबभन्दा बढी भ्रष्टाचार हुने कालोसूचीमा परेको नेपाल भ्रष्टाचारबाट मुक्त होला कि नहोला ? नेपाली भूमि कालापानीमा रहेका भारतीय सेना फर्काउन नयाँ सरकारले पहल गर्ला कि नगर्ला ? लिपुलेकमा नेपालीको बस्ती विकास गरेर नेपालीको प्रशासनिक भवन बनाउन नयाँ सरकार अघि सर्ला कि नसर्ला ? अब बन्ने सरकारले के देशमा कार्यालय-कार्यालयमा हुने ढिलासुस्ती अन्त्य गर्ला ? कार्यालयमा हुने घुस अन्त्य होला ? यी यावत देश र जनताका सवाल र सन्दर्भमा के नयाँ सरकारको ध्यान जाला ? सर्वत्र चासोको विषय बनेका छन् ।

# भ्रष्टाचारमुक्त र सुशासनयुक्त देश आम जनताको अपेक्षा

हरेक पटकको निर्वाचनमा सरकारको नेतृत्व गर्ने दल हेरफेर हुँदै आएको यथार्थ हो । कहिले माओवादीको नेतृत्वमा सरकार गठन भयो भने कहिले नेका र कहिले एमालेको नेतृत्वमा सरकार गठन भयो । निर्वाचनको समयमा मात्र होइन सरकारको कार्यकालको अवधिभित्र पनि पटक-पटक सरकारको नेतृत्व हेरफेर भएको थियो । पुँजीवादी व्यवस्थाको संसदीय निर्वाचनमा सरकारको नेतृत्व हेरफेर हुनु सामान्य हो । सरकारको नेतृत्व हेरफेर हुनुका यावत कारणमध्ये शासक दलहरूको गैरजिम्मेवारीपूर्ण कार्य पनि हो । शासकहरू देश र जनताप्रति जिम्मेवार नहुँदा जनतामा व्यापक असन्तुष्ट देखियो । यही असन्तोषकै कारण अरू दल वैकल्पिक धारको रूपमा देखियो । निर्वाचनको नतिजाको आधारमा राष्ट्रिय स्वतन्त्र पार्टी ठुलो दल बन्ने राजनीतिक निश्चित भएको छ । रास्वपा प्रमुख शक्तिको रूपमा उदाएको छ ।

जनताको नजरमा कुन दल ठुलो र कुन दलको नेतृत्वमा सरकार रहेछ भन्ने कुरा महत्त्वपूर्ण होइन । महत्त्वपूर्ण कुरा त कुन दलको सरकारले कुन वर्गका जनताको सेवा गर्छ भन्ने हो । यो पुँजीवादी व्यवस्था भएकोले आफूलाई कम्युनिस्ट, गौरवशाली भन्ने दलका नेता पुष्पकमल दाहालको सरकारले पनि बहुमत जनताको पक्षमा केही गर्न सकेन न त एमालेको नेतृत्वमा बनेको सरकारले नै केही गर्न सक्यो । नेकाको नेतृत्वमा बनेको सरकारले त श्रमजीवीवर्गको पक्षमा काम गर्ला भन्ने आधार नै छैन । अहिले बन्ने नयाँ सरकार पनि यही पुँजीवादी व्यवस्थाकै आधारमा चल्ने हो । के अब बन्ने सरकारले श्रमजीवीवर्गको हितमा ऐन कानुन बनाउला ? युवाहरूलाई स्वदेशमै रोजगारीको व्यवस्था गर्ला ? शिक्षा र स्वास्थ्य सेवा नि:शुल्क होला ? देश ऋणमुक्त बन्ला ? देश भ्रष्टाचारमुक्त होला ? स्वदेशमै काम-मामको व्यवस्था होला ? देशमा सुशासन होला ?

निर्वाचनमा हारजीत स्वाभाविक हो । २०४८ मा नेकाले बहुमत ल्याएकै हो । २०५६ मा पनि नेकाले बहुमत ल्यायो । त्यस्तै २०४६ को निर्वाचनमा पनि कहिले माओवादीले ल्याएको थियो भने एमालेले २०५१ सालमा अल्पमतको शासन गरेकै हो । बहुमत ल्याएकै हो । २०७४ सालमा एमाले-माओवादीले १७४ सीट ल्याएको थियो । २०७९ सालमा नेकाले ८९ र एमालेले ८८ सीट ल्याएकै हो । झण्डै दुईतिहाइ मत प्राप्त गरेको दल पनि स्थिर भएन । पद र भागबन्डाको राजनीतिले गर्दा कुनै पनि सरकारले लामो समयदेखि कार्यकाल पूरा गर्न सकेन । बहुमत या ठुलो दल बन्दैमा सरकार टिक्छ र जनताको हितमा काम गर्छ भन्ने होइन । निर्वाचनमा देखिएको सांसद सङ्ख्याको हेरफेरले मात्र केही गर्न नसक्ने रहेछ । यो पहिले सरकारमा गएका ठुला दलहरूको निम्ति शिक्षा पनि हो । दलगत र व्यक्तिगत स्वार्थकै कारण ठुला दलहरू साँगुरो घेरामा परे । शासक दलप्रति बढेको वितृष्णाले जेन-जी आन्दोलन मात्र जन्माएन, चुनावी नतिजाले पनि जवाफ दिएको अवस्था देखियो ।

रास्वपाले सार्वजनिक गरेको वाचापत्र श्रमजीवीवर्गको पक्षमा छैन । रास्वपाले प्रतिबद्धता पत्रमा 'राष्ट्रिय पार्टी' लाई पार्टीले प्राप्त गरेको मतको आधारमा राज्यकोष दिने उल्लेख छ । राज्यकोषबाट पार्टी पाल्ने विचार सही होइन । तीन प्रतिशतको मत सीमा खारेज गर्नुपर्नेमा त्यसलाई कायम गरेर मतको आधारमा राज्यकोष लिने कुरा झनै गलत हो । देश ऋणमा डुबेको छ । ऋणमा डुबेको देशलाई ऋणमुक्त गरेर आत्मनिर्भर बनाउनुपर्ने समयमा देशको राज्यकोषमा आँखा गाड्नु राम्रो सङ्केत होइन ।

यसअघिको सरकारको बेला सबैतिरझैँ भ्रष्टाचार छिर्यो । शासकहरू जनताप्रति उत्तरदायी भएनन् । उनीहरूप्रति आक्रोश र वितृष्णा चुलिएको थियो । उनीहरूले शासकहरूप्रति भरोसा देखेनन् । रास्वपाको नेतृत्वमा सरकार गठन भएमा यो उनीहरूको निम्ति परीक्षा हो । अब बन्ने सरकार देश र जनताप्रति समर्पित हुने हो कि विदेशी शक्ति राष्ट्रप्रति ? सोचनीय छ । देश र जनताको पक्षमा नेमकिपा हिजो पनि सङ्घर्षरत थियो, आज पनि हुन्छ, भोलि पनि हुनेछ । समाजवादी व्यवस्था स्थापना नभएसम्म देश र जनताको हितमा नेमकिपा कहिल्यै पछि पर्नेछैन । देश र जनताको सेवा गर्न स्थापना भएको नेमकिपा हारेको सिपाहीँ झन् राम्रोसित लड्छ भनेझैँ अघि बढिरहनेछ, जनताको सेवामा लागिरहनेछ ।

# रेमिट्यान्स, पर्यटन र कृषिबारे खबरदारी !

नेपाल मजदुर किसान पार्टी (नेमकिपा) ले ३० वर्षदेखि औपचारिकरूपले सदन, सडक र साहित्यमा निरन्तर नेपालको अर्थतन्त्रबारे गम्भीर भएर आफ्नो विचार प्रकट गर्दै आएको छ । विदेशमा पठाइएका युवाहरूको ज्यालाको रूपमा आउने 'रेमिट्यान्स' वा विप्रेषणलाई देशको अर्थतन्त्रको आधारको रूपमा अर्थमन्त्री र सरकारहरूले बढी महत्त्व दिएर बयान गर्थे । त्यस बयानबाजीको विरोधमा नेमकिपाले संसद्, सडक र अनेक बैठकहरूमा विप्रेषण अर्थतन्त्रको आधार हुन नसक्ने भन्दै त्यसको खण्डन गर्दै आएको हो ।

त्यस्तै, पर्यटनबाट आउने आयस्रोतले देशको अर्थतन्त्रलाई पनि धेरै भरोसाको रूपमा रहेको भनी अर्थमन्त्री र सरकारहरूले बढी आशावादी भएर भाषण गर्थे र ठुलठुला लेखहरू 'गोरखापत्र' र अन्य पत्रपत्रिकाहरूमा छापिन्थे । ती सरकारी अभिव्यक्तिहरूको विरोधमा पनि सधैँ नेमकिपाले नबिराईकन खण्डन र विरोध गरिरहेको छ । तर, 'राष्ट्रिय' भनिने ठुला र शासक दलहरूले संसद्मा निर्वाचित प्रतिनिधिहरूको ३ प्रतिशत नपुग्नेहरूलाई 'राष्ट्रिय' दल होइन भनी 'अराष्ट्रिय' घाउ (विचार) मा मलमपट्टी लगाउने काम गर्दै आएका छन् । आज देश 'राष्ट्रिय' को को हुन् र 'अराष्ट्रिय' कस्ता कस्ता हुन्छन् भनी सोच्नुपर्ने स्थितिमा आइपुगेको अनुभव सर्वत्र गरिँदै छ ।

प्रसङ्ग हो - के 'रेमिट्यान्स' र 'पर्यटन' उद्योगको रकमले देशलाई आर्थिक रूपले सबल बनाउँछ ? भन्ने हो । हो, यदि नेपाल पनि आर्थिक रूपले विविध क्षेत्रमा अर्थात् उद्योग, व्यापार, बन्दरगाह वा हङकङ र बैङ्ककजस्तो 'ट्रान्जिट' वा बिसौनीको सुविधा भएको देश भए केही हदसम्म त्यसको पनि आड भरोसा हुन्थ्यो । नेपालको वर्तमान स्थितिमा दुई छाक खाना, खाजा, तरकारी र फलफूलको निम्ति पनि अरू देशको भरमा बस्नुपरेको अवस्था छ । त्यसैले हाम्रा युवाहरूले पठाउने विदेशी मुद्रा ( रेमिट्यान्स) को आधारमा हाम्रो देशले सम्पन्नता र समृद्धि हासिल गर्न सक्ने छैन ।

त्यस्तै, पर्यटकहरू विभिन्न कारणले आएनन् भने हाम्रो देश र जनताको बेहाल हुनेछ । उदाहरणको निम्ति संसारको अर्थतन्त्रमा दोस्रो बलियो देश मानिएको जापान 'कोरोना' का कारण विदेशी व्यापार र पर्यटन उद्योग बन्द हुनासाथ त्यो देश आर्थिक रूपले तेस्रो स्थानमा झर्नुपऱ्यो ।

त्यस्तै, व्यापार र यातायात अगाडि बढेका छिमेकी देशहरूमा युद्ध भयो भने जापानीहरूको रेमिट्यान्स र पर्यटकहरूबाट आउने आम्दानी पनि बन्द हुने छन् र देशले आर्थिक सङ्कट भोग्नुपर्नेछ । नेपाल एक धान, चामल, दाल, घ्यु र तरकारी आदि खाद्यान्न निर्यात गर्ने देश थियो भने अहिले खाद्यान्न र तरकारीमा समेत भारत निर्भर छ । भारतसँगको नेपालको व्यापार अहिले नेपाली रुपैयाँले होइन डलरको हिसाबमा हुन्छ । 'रेमिट्यान्स' र 'पर्यटक' हरूबाट आउने विदेशी मुद्रा आएन भने देश बाँच्ने कसरी भन्ने प्रश्न तडकारो रूपले अगाडि आउँदै छ ।

मानिस उभिन भूमि चाहिन्छ । अर्थात्, नेपाली जनता उभिन पनि जमिनमा टेक्नु आवश्यक हुन्छ । घर बनाउन र दुई छाक खाना जमिनबाट आउने पक्का भएमात्र नेपाली जनता बाँच्ने आधार प्राप्त हुनेछ । विभिन्न कारणले नेपालले आफ्नो देश जोगाउनु परे पनि जमिनबाट उत्पादन हुने नेपाली खाना खाएर जमिनकै भरमा हामीले देश जोगाउन सक्नेछौँ । देश जोगाउन पनि बलिष्ठ र तालिम प्राप्त युवा आवश्यक छ । योग्य युवाहरूको लाखौँ वा एक-तिहाइ जनसङ्ख्यालाई विदेशमा पठाएर के हाम्रो देशको कल्याण होला भन्ने शङ्का पहिलेदेखि नै नेमकिपाले उठाउँदै आएको हो - छलफलको निम्ति !

नेपालले केही वर्षभित्र भूकम्प, कोरोना महामारी र आज अरब क्षेत्रका अमेरिका-इजरायलले सुरु गरेको आक्रमण र युद्धले तत्काल सारा अरब मुलुक, दक्षिण एसियाली देश र युरोपेली मुलुकहरूलाई झस्काएको छ । ती देशहरू बरोबर युद्धको अनुभव भएका मुलुकहरू पनि भएकाले बारम्बार आफूलाई सुरक्षित गर्न तिनीहरू अभ्यस्त छन् । नेपाल बेलायतीहरूको आक्रमणपछि वा सुगौली सन्धिपछि राज्यले ठुलो युद्ध खप्नु परेको छैन र सानातिना घरेलु युद्धले सेना र प्रहरीलाई तालिम र सचेत पार्न अवसर मिलेको अनुभव गर्छन् - मानिसहरू !


नेपालले बाहिरी कारण र रोग-ब्याधी-भूकम्प वा अन्य प्राकृतिक विपत्तिको पनि सामना गर्न नेपाली जनताको पेट भर्नु आवश्यक छ । त्यसको निम्ति पनि कृषिलाई प्राथमिकता दिनु बुद्धिमानी हुनेछ र अरूको भरमा बाँच्नुभन्दा स्वावलम्बी हुनु इज्जत र प्रतिष्ठासँगै नेपाल र नेपाली जनता शिर ठाडो पारेर बाँच्नेछन् र अरूको अगाडि शिर झुकाउनुपर्नेछैन ।

# समानताको कठिन बाटोमा भारतका महिलाहरू : एक छलफल

✍ समा

शताब्दी पुरानो इतिहासदेखि आजसम्म भारतमा महिलाहरूमाथि उत्पीडनको कथा फरक ढङ्गले उस्तै छ। अझ कामदार वर्गका महिला आजको आधुनिक समाज र नवउदारवादी अर्थव्यवस्थाको जाँतोमा बेसरी पिल्सिएका छन्। महिला हिंसा र बलात्कार, दाइजो प्रथा, जातीय दलनको तस्वीर निकै घिनलाग्दो छ। भारतीय कामदार महिलाहरू पितृसत्तात्मक समाजको परिधिसँगै पुँजीवादी शोषण व्यवस्थाबाट प्रताडित छन्। ती असमान समाज र व्यवस्थाको दोहोरो शोषण खेपिरहेका छन्। मोदीको फासीवादी ज्यादतीले मुस्लिम र अन्य गैर हिन्दू महिलाहरूले भोगिरहेको शासनाको त लेखाजोखा पनि छैन।

हिजो मनुस्मृतिले घोषणा गरेझैँ आज पनि भारतीय महिलाहरू जाति, वर्ग र लैङ्गिक अपमान र उत्पीडन भोगिरहेका छन्। आठ शताब्दी पहिले तेलुगु कवि बेडेनाले व्याख्या गरेको एक भारतीय नारीको तस्वीर २१ औँ शताब्दीका कामदार वर्गका भारतीय महिलाहरूको मुहारमा प्रतिविम्बित भएको अनुभव हुन्छ। घरेलु हिंसा, यौन शोषण, दुर्व्यवहारसँगै घरको चारभित्तामा कैद जीवनलाई भारतीय धर्म एवम् संस्कृतिले नै मान्यता दिएको अनुभव गरिन्छ। भारतको इतिहासमा महिलामाथिको शोषणविरुद्ध थुप्रै आन्दोलनहरू पनि उठेका छन्। वामपन्थी किसान र मजदुर आन्दोलनसँगै जागी उठेको महिला आन्दोलनले महिलाहरूको वर्गीय मुद्दा र शोषणबाट मुक्तिको बाटो देखाएको महसुस गरिएको छ। भारतको तेलंगाना, तमिलनाडु, केरलालगायतका क्षेत्रमा उठेका कामदार वर्गीय महिला आन्दोलन भने भारतका बहुमत शोषित पीडित महिलाहरूको निम्ति चाँदीको घेरा थियो।




भारतीय महिलाहरूको स्थिति, वर्गीय र लैङ्गिक असमानताको अवस्थाबारे सामाजिक शोध संस्था ट्राइकन्टिनेन्टलबाट प्रकाशित पुस्तक, डोजियर नं ४५ "समानता की कठिन राह पर भारतकी महिलाएँ" निकै पठनीय छ। पुस्तकले वर्तमान स्थितिसँग इतिहासको तुलनामात्र होइन भविष्यको अवस्था कस्तो होला भन्ने चिन्तनसमेत गरेको छ, शोषणविरुद्ध उठेका सङ्घर्षहरूबारे जानकारी दिएको छ। नेपाल भारतसँग सिमाना जोडिएको देश हो, भारतको सामाजिक र सांस्कृतिक प्रभाव नेपालमा ज्यादा छ। नेपालका कामदार वर्गका महिलाहरूको स्थितिसँग तुलनात्मक अध्ययनका लागि पनि पुस्तक निकै उपयोगी र छलफल योग्य छ। २०२१ मा प्रकाशित यस पुस्तकको आँकडा र तथ्याङ्क भने केही पुरानो छ तर वास्तविक अवस्था भने उही हो।

भारतमा करिब एकतिहाइ विवाहित महिला घरभित्र आफ्नो श्रीमानको हातबाट हिंसा भोग्न बाध्य छन्। घरभित्रको हिंसालाई भारतीय समाज र संस्कारले नै स्विकारोक्ति दिएको छ। करिब १५ देखि ४९ वर्षका ५२ प्रतिशत महिलालाई लाग्छ कि 'श्रीमानले श्रीमतीलाई पिट्ने हक राख्छन्।" अन्धपरम्परा र अन्धविश्वास भारतीय महिला शोषणको एउटा गहिरो जड हो भन्दा फरक नपर्ला। भारतमा हरेक १०-१५ मिनेटमा एउटा बलात्कारको घटना दर्ता हुन्छ। २०२१ को तथ्याङ्कअनुसार दैनिक ८७ देखि ९० वटा बलात्कारको घटना दर्तामात्र हुन्छ। दर्ता नभएका घटना अझ कति होलान्। घरभित्र श्रीमतीमाथि यातना र यौन शोषणबारे भारतीय सरकारलाई पटक्कै चासो छैन।

भारतीय समाजमा महिला शिक्षा र साक्षरताको पाटो भने सकारात्मक देखिन्छ १९११ मा जम्मा १ प्रतिशत महिला शिक्षित रहेको भारतीय समाजमा अहिले ७० प्रतिशत साक्षर छन्। २४ वर्षभन्दा कम उमेरका ९० प्रतिशत छोरीहरू शिक्षित छन्। यद्यपि, प्राविधिक विषयमा महिलालाई अझै प्रोत्साहन छैन। शिक्षाको उज्यालोले पनि महिलालाई सामाजिक परिधिबाट स्वतन्त्र बनाएको छैन। घरभित्रको कामका लागि महिला बढी समय खर्चन विवश छन्। औसतमा करिब दिनको ५ घण्टा १५ मिनेट समय घरायसी काममा समय खर्च हुन्छ महिलाहरूको। अझ बच्चा बच्ची भएका महिला थप दुई घण्टा बढी घरको काममा अल्झन्छन्। यो पुस्तकको तथ्याङ्क हो। कति महिला घर र बच्चा बच्चीकै हेरचारका लागि आफ्नो जागिर या काम छोड्न बाध्य हुन्छन्। यो नेपाली समाजको पनि पीडा हो। महिलाहरू घरभित्रै सीमित नराख्न राज्यले नै शिशुस्याहार केन्द्र र सामुहिक भान्छाघर, लाउन्ड्री (लुगा धुने) को बन्दोबस्त गर्नुपर्ने हो। यो मागसहित वामपन्थी खेमाका महिला आज पनि आन्दोलित नै छन्।

भारतमा नवउदारवादी राज्य व्यवस्थाको पछिल्लो ३ दशकमा महिला श्रमशक्ति झन् घटेको तथ्याङ्क छ। श्रमशक्तिमा महिलाको हिस्सा १९९९-२००० मा ४१ प्रतिशत, २०११-१२ मा ३२ र २०१९ सम्म आइपुग्दा २५ प्रतिशतमा झरेको छ। काम गरिखाने ३ चौथाइ महिलासँग जीविकोपार्जनका लागि काम छैन। घरायसी कामबाट भने ती मुक्त छैनन्। यो स्थितिको कारण उदार अर्थव्यवस्था हो भन्ने तर्क पुस्तकको हो। नवउदार अर्थनीतिले विशेषतः ग्रामीण महिलालाई श्रमबाट वञ्चित गर्यो। ग्रामीण क्षेत्रको कृषिमा सबैभन्दा बढी रोजगारी अर्थात् श्रम सिर्जना हुन्थ्यो तर सबैभन्दा प्रतिकूल असर कृषि क्षेत्रमा पर्‍यो। भूमिहीनता, बाली लगाउने तरिकामा परिवर्तन, मेशिनको प्रयोग, कीटनाशक औषधीको प्रयोगजस्ता गतिविधिले कृषि रोजगारी स्वात्तै घट्यो। ग्रामिण महिलालाई वैकल्पिक रोजगारी दिइएन। ग्रामीण साना तथा हस्तकला उद्योग, कुटीर तथा घरेलु उद्योगमा कर्पोरेट र उद्योगपतिहरूको कब्जा बढ्यो। यसले पनि महिलालाई श्रमबाट बञ्चित गर्यो। उत्तर प्रदेश, विहार, पश्चिम बङ्गाल, ओडिशा, मध्यप्रदेशजस्ता क्षेत्रहरू बढी प्रभावित बने। बल्लतल्ल प्राप्त रोजगारीमा पनि निकै थौरै ज्याला दिएर महिलामाथि शोषण चालु छ। कामदार पुरुषको ठाउँमा महिला राख्न परे ज्याला कटौती गरिन्छ। यसो हेर्दा भारतको बढ्दो आर्थिक वृद्धिले रोजगारी सृजनामा कुनै योगदान नगरेको देखिन्छ। त्यसको प्रत्यक्ष असर कामदार महिलालाई परेको छ।

भारतमा नवउदारवादी राज्य व्यवस्थाको पछिल्लो ३ दशकमा महिला श्रमशक्ति झन् घटेको तथ्याङ्क छ। श्रमशक्तिमा महिलाको हिस्सा १९९९-२००० मा ४१ प्रतिशत, २०११-१२ मा ३२ र २०१९ सम्म आइपुग्दा २५ प्रतिशतमा झरेको छ। काम गरिखाने ३ चौथाइ महिलासँग जीविकोपार्जनका लागि काम छैन। घरायसी कामबाट भने ती मुक्त छैनन्। यो स्थितिको कारण उदार अर्थव्यवस्था हो भन्ने तर्क पुस्तकको हो। नवउदार अर्थनीतिले विशेषतः ग्रामीण महिलालाई श्रमबाट वञ्चित गर्यो। ग्रामीण क्षेत्रको कृषिमा सबैभन्दा बढी रोजगारी अर्थात् श्रम सिर्जना हुन्थ्यो तर सबैभन्दा प्रतिकूल असर कृषि क्षेत्रमा पर्यो। भूमिहीनता, बाली लगाउने तरिकामा परिवर्तन, मेशिनको प्रयोग, कीटनाशक औषधीको प्रयोगजस्ता गतिविधिले कृषि रोजगारी स्वात्तै घट्यो। ग्रामिण महिलालाई वैकल्पिक रोजगारी दिइएन। ग्रामीण साना तथा हस्तकला उद्योग, कुटीर तथा घरेलु उद्योगमा कर्पोरेट र उद्योगपतिहरूको कब्जा बढ्यो। यसले पनि महिलालाई श्रमबाट बञ्चित गर्यो। उत्तर प्रदेश, विहार, पश्चिम बङ्गाल, ओडिशा, मध्य प्रदेशजस्ता क्षेत्रहरू बढी प्रभावित बने। बल्लतल्ल प्राप्त रोजगारीमा पनि निकै थौरै ज्याला दिएर महिलामाथि शोषण चालु छ। कामदार पुरुषको ठाउँमा महिला राख्न परे ज्याला कटौती गरिन्छ। यसो हेर्दा भारतको बढ्दो आर्थिक वृद्धिले रोजगारी सृजनामा कुनै योगदान नगरेको देखिन्छ। त्यसको प्रत्यक्ष असर कामदार महिलालाई परेको छ।

भारतीय महिला पनि वर्गमा विभक्त छन्। शहरका महिलाहरू जो जागीरदार छन् तिनले पनि आफ्नो घर र बच्चाबच्ची हुर्काउन गरिब महिलाहरूको सहारा लिएका हुन्छन्। घरेलु कामदारका रूपमा अधिकांश महिलाहरू काम गर्छन्। ७५ प्रतिशत महिला बेरोजगार छन्। २५ प्रतिशत रोजगार महिला असमान ज्यालाको कारण शोषित छन्। यसर्थ भारतीय समाजमा महिलाहरूलाई आर्थिक समानता त परको कुरा हाललाई रोजगारी या इलम दिए पुग्छ भन्ने आवाज छ।

महिला सामाजिक आर्थिक उत्पीडनको विरोधसँगै समानताको लागि शान्तिपूर्ण सङ्घर्षदेखि सशस्त्र सङ्घर्षसमेत गर्न तयार छन्। आफ्नो हक र मानव अधिकारका निम्ति एकजुट छन्। भारतले लामो समय ब्रिटिश उपनिवेशसँग लड्यो। औपनिवेशिक उत्पीडनविरुद्ध महिलाहरू पनि सडकमा उत्रे, हतियार समाए। राजनीतिक अधिकारको निम्ति लामो सङ्घर्ष गरे। काङ्ग्रेस नेतृत्वको भारतको स्वतन्त्रता आन्दोलनमा धेरै भन्दा धेरै महिला आकर्षित बनेको इतिहास छ। तर कम्युनिस्ट पार्टीले नेतृत्व गरेको सशस्त्र किसान आन्दोलन, तेलङ्गाना सशस्त्र सङ्घर्ष, तेभागा आन्दोलन, वर्ली आदिवासी विद्रोह र अन्य यस्तै लडाइँहरूले किसान पृष्ठभूमिका महिलाहरूलाई साँच्चैको मुक्ति सङ्घर्षसँग जोड्यो। ती महिलाले केवल जमिन्दारी प्रथाको विरोध गर्न सिकेनन् बरु वर्गमा विभक्त समाजमा किसान र मजदुर महिलाहरूको साँचो मुद्दालाई बुझेर लड्न सिके। त्यो भारतीय कम्युनिष्ट आन्दोलन नै थियो जसले महिलालाई पितृसत्तात्मक परिधिबाट बाहिर आई आफ्नो अधिकारको निम्ति लड्न सिकायो। शोषणसहितको समाजमा कामदारवर्गका महिला र पुरुष दुबै मुक्त हुन सक्दैनन्, त्यसैले व्यवस्था परिवर्तनका निम्ति मजदुर र किसान आन्दोलन आवश्यक छ भन्ने सिकायो। महिलाले महिलामात्रको मुद्दाका निम्ति होइन वर्गीय लडाईमा हातेमालो गर्नुपर्छ भन्ने सिकायो। वामपन्थी आन्दोलनले महिलाको मानवअधिकार र नागरिकताको अधिकारसँगै सामन्तवादी सोच र पुँजीवादी व्यवस्थाको अन्त्यका लागि आज पनि महिलालाई एकताबद्ध गर्दै छ। यो भारतको उज्यालो पक्ष हो।

भारतीय पितृसत्तात्मक समाजमा सबैभन्दा बढी अर्थात् ९० प्रतिशत बलात्कार आफ्नै चिनजानकै मानिसबाट हुने गरेको तथ्याङ्क छ। सन् १९७२ को मथुरा काण्डबारे पुस्तकमा चर्चा छ। १४ वर्षकी आदिवासी छोरीमाथि दुई पुलिस या सुरक्षाकर्मीले गरेको निर्मम बलात्कारलाई न्यायालय र पुलिस प्रशासनले कसरी छोप्न खोज्यो भन्ने घिनलाग्दो शब्दचित्र प्रस्तुत छ। रक्षक नै भक्षक भएको मथुरा घटनाले पूरा देशलाई झक्झकायो, सडकमा उतार्यो। यौन उत्पीदन या बलात्कारविरुद्धको ठूलो आन्दोलन थियो त्यो। १९८० तिर दाइजोको लागि गरिएको एउटा नृसंश हत्याबारे व्याख्या छ। दाइजो नल्याइएको भन्दै प्रायः जसोलाई जलाएर मार्ने गरेको देखिन्छ र त्यसलाई आत्महत्याको नाम दिई थामथुम गर्ने गरिएको अध्ययन छ। सन् १९९२ मा एक सामाजिक कार्यकर्ता भँवरी देवीको सामुहिक बलात्कारले पितृसत्तात्मक समाज व्यवस्थाविरुद्ध महिला आन्दोलन जराकजुरुक्क उठायो। "बालविवाह रोक्नुपर्छ, छोरी पढाउनुपर्छ, घरेलु हिंसा बन्द हुनुपर्छ" भन्ने चेतना बाँड्दै हिँड्ने सामाजिक कार्यकर्ताको सामुहिक बलात्कारपछि महिला हिंसाविरुद्ध संसद्सम्म चर्को आवाज उठ्यो तर राजनैतिक दलहरू नै अपराध लुकाउनतिर लागेको यथार्थ पनि पुस्तकभित्र छ। आजसम्म आइपुग्दा महिलाका निम्ति केही प्रगतिशील कानुनको बन्दोबस्त त गरियो तर कार्यान्वयन निर्बल छ। रक्सी नै घरेलु हिंसाको एउटा महत्त्वपूर्ण कारकका रूपमा महसुस गरियो। त्यसपछि रक्सीविरुद्धको आन्दोलन थालिएको सन्दर्भ पुस्तकमा छ। सम्पूर्ण महिला मादक पदार्थविरुद्धको आन्दोलनमा उत्रेको तस्वीर छ। भारतीय कम्युनिष्ट पार्टीहरूले भने ती आन्दोलित महिलाहरूलाई साक्षरता कक्षा सञ्चालन सुरु गरे। त्यसलाई सङ्घर्षको एउटा हिस्सा बताइयो।

महिलाका लागि भान्छाको ग्यास, शौचालयको बन्दोबस्त, सजिलो ऋणको व्यवस्था, पेन्सन, अनुदानको मुद्दा राजनीतिक बनाइयो। यद्यपि राजनीतिमा महिला सहभागिता आज पनि न्यून छ। संसद्मा जम्मा १४ प्रतिशत महिला छन्। वामपन्थी या कम्युनिस्टलाई छोडेर अन्य राजनीतिक दलहरूले असक्षम महिलालाई, नातागोतालाई आरक्षण कोटामा ल्याई राजनीतिमा महिलाको सहभागिता र प्रस्तुति कमजोर बनाउने षड्यन्त्र पनि भइरहेको देखिन्छ। त्यतिमात्र होइन कामदार वर्गका महिला संसद्सम्म पुग्ने बाटो नै बन्द गरिएको छ भन्दा अतिशयोक्ति नहोला।

नवउदारवादी अर्थव्यवस्थाले सामाजिक सुरक्षा र सुविधा कटौती गर्छ। महिलाहरूको सवालमा त पीडीएस (सार्वजनिक वितरण प्रणाली) को राशनलाई नै घटाएको रेकर्ड छ। बजारमा बढ्दो मूल्यवृद्धिले महिलालाई बढी डामेको छ। नवउदारवादी बजार अर्थतन्त्र कामदार महिलाका निम्ति अभिशाप नै हो। त्यसमाथि बढ्दो माइक्रो फाइनान्सहरूले महिलाहरूमाझ एक किसिमको लुट मच्चाए। महिलाहरूले नै ठाउँ ठाउँमा निर्माण गरेको सहायता समूहले भने कोभिड १९ महामारीसँग लड्न सघायो।

वामपन्थी आन्दोलनले बहुमत कामदार वर्गका भारतीय महिलाहरूलाई सामाजिक, आर्थिक समानताको बाटो देखाएको छ। गाउँ र सहरहरूमा उठेका किसान र मजदुर आन्दोलनले महिला आन्दोलनलाई सघाएको छ। यसर्थ महिला आन्दोलन बलियो बनाउन शोषणको विरुद्धमा सङ्घर्ष जरुरी छ। कुनै पनि शोषणको विरोध महिला आन्दोलनको मुद्दा बन्नुपर्ने तर्क पुस्तकको हो

जातको आधारमा दलित महिलाहरू अझ शोषित छन्। शारीरिक र मानसिक शोषणमात्र होइन तिनलाई अपमानको घाउ पनि दुख्छ। प्रभुत्वशाली जातिले दलित महिलालाई आफ्नो मनोरञ्जनको वस्तु बनाइरहेको यथार्थ टिठलाग्दो छ। भाजपा सत्तामा गएदेखि दलित बालिकाहरूमाथि ज्यादती अझ बढेको तथ्याङ्क छ। उत्तर प्रदेशको एउटा घटना जहाँ एक दलित युवतीलाई चार माथिल्लो जातिका केटाहरूले सामुहिक बलात्कार गरे। त्यो घटनालाई भाजपाले नै छोप्न खोजेको तथ्यले मोदी सरकारको सक्कली रूप उदाङ्ग्याउँछ।

साम्प्रदायिकताकै नाउँमा महिला अझ प्रताडित छन्। मुस्लिम महिलाहरूको वर्तमान स्थिति भाजपाले ल्याएको एनआरसी (राष्ट्रिय नागरिक रजिस्टर) र सीएए (नागरिकता संशोधन अधिनियम) को कारण अझ नाजुक बन्दै छ। मुसलमान समुदायका भारतीय नागरिकको नागरिकता अधिकार खोस्न ल्याइएको एनआरसी र सीएए मोदी फासीवादी नीति नै हो। त्यसको विरोधमा मुस्लिम महिलाहरू सडकमा ओर्लिए। हजारौँ हजार सङ्ख्यामा त्योभन्दा अघि कहिल्यै पनि त्यसरी मुस्लिम महिला सडकमा ओर्लिएका थिएनन् होला।

महिलालाई लिङ्ग, जात र साम्प्रदायिकताका आधारमा गरिने थुप्रै हिंसा र अपराधहरूको बोध पुस्तकले गराउँछ। यसको विरोधसँगै सामाजिक, आर्थिक र राजनीतिक समानताका लागि उठेका आन्दोलनहरू पनि वर्गमा विभक्त भएको बोध गराउँछ। हिजो तेलङ्गाना, केरला, तमिलनाडुजस्ता ठाउँहरूमा उठेको वामपन्थी आन्दोलनहरूले वास्तवमै कामदारवर्गका महिलाहरूलाई सही मार्ग प्रदान गरेको थियो।

भारतीय महिलाहरूको मुक्तिको लागि पितृसत्तात्मक समाजको उन्मूलनसँगै फासीवादी राजनीतिक बन्दोबस्त र नवउदारवादी अर्थव्यवस्थाको अन्त्य जरुरी छ। व्यवस्थाविरुद्धको लडाइँ नै भारतीय महिलाहरूको मुक्तिको बाटो हो। यही व्यवस्थामा सुधारका केही कार्यक्रमहरूले काम गरिखाने महिलाको जीवनमा कुनै परिवर्तन हुनेछैन। नेपालको सन्दर्भमा पनि महिला आन्दोलनको मार्गबारे छलफल ढिला भइसकेको बोध पुस्तकले गराउँछ। पठनीय पुस्तकका लागि प्रकाशक ट्राइकन्टिनेन्टलप्रति साधुवाद छ।

# क्लारा जेटकिन र अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

क्लारा जेटकिन (Clara Zetkin) जर्मनीका एक कम्युनिस्ट राजनीतिज्ञ, अत्यन्त चर्चित मजदुर महिला अधिकारवादी र अन्तर्राष्ट्रिय मजदुर आन्दोलनका एक महत्त्वपूर्ण नेतृ थिइन् ।

क्लारा ५ जुलाई १८५७ मा साक्सेन (Sachsen) को विडेराउ (widerau) भन्ने ठाउँमा जन्मेकी थिइन् । उनका बुबा गोटफ्रीड इस्नेर (Gottfried eissner) गाउँको विद्यालयका एक शिक्षक थिए र आमा जोसेफिन (Josephin) एर्जगोफिर्गे (Erzgefirge) को एउटा गाउँमा हुर्केकी थिइन् ।

सन् १८७४ मा १७ वर्षको उमेरदेखि नै क्लारा जेटकिनले महिला अधिकारवादी नेतृ अगष्टी स्मिदि (Auguste schmidit) सँगसँगै लीपजिप (Lipzig) मा शिक्षिकाहरूको गोष्ठीमा भाग लिइन् । सन् १८७४ देखि १८७८ को बिचमा अर्थात् १५ देखि २१ वर्षको उमेरमा जर्मनीका महिला सङ्घको छलफल, अन्तरक्रिया र अन्य कार्यक्रमहरूमा भाग लिन थालिन् र पहिलो पटक तिनी सामाजिक-प्रजातन्त्रवादीहरू (Social democrats) को सम्पर्कमा पुगिन् । त्यसैबेला उनको परिचय रुसी क्रान्तिकारी व्यक्ति ओसिप जेटकिन (Oscip zetkin) सँग भएको थियो ।

सन् १८७८ मै सामाजिक मजदुर पार्टी ( Sap) सँगको संलग्नताको कारण परिवारसहित उनी ब्रुच (Bruch) जान बाध्य भइन् ।

सन् १८७८ देखि १८८२ सम्म तिनले ४ वर्षसम्म अर्थात् २१ वर्षको उमेरदेखि २५ वर्षको उमेरसम्म साचसेन (Sachsen) र अष्ट्रिया ( Austria) मा शिक्षिका (Zourness) को रूपमा काम गरिन् ।

सन् १८८२ मै क्लाराले स्वीट्जरल्यान्डको जुरिच (Zurich) मा सामाजिक प्रजातान्त्रिक ( Social democrat) पार्टीमा सामेल भएर काम गरिन् । त्यही वर्ष उनी नोभेम्बरमा फ्रान्सको राजधानी पेरिसमा ओसिप जेटकिनसँग विवाह गरेर बस्न थालिन् । औपचारिकरूपले विवाहको निम्ति आवश्यक कागजपत्रको अभाव हुँदा आफ्नो नामको पछाडि ओसिप जेटकिन (Ossip zetkin) को पारिवारिक नाम वा थर 'जेटकिन' राख्न थालिन् जेटकिन परिवारको २ जना छोरा भए ।

सन् १८८९ मा शारीरिक अस्वस्थताका कारण ओसिप जेटकिनको असमयमै मुत्यु भयो । पेरिसमै क्लारा आफैले दोस्रो अन्तर्राष्ट्रिय बैठकको आयोजना गरिन् । त्यस बैठकमा उनले महिला मजदुर आन्दोलनबारे एक प्रवचन दिइन् ।

त्यसपछि उनी पेसागत र सामाजिक क्षेत्रका महिलाहरूको समान हकको माग गर्दै वर्गसङ्घर्षसम्बन्धी विभिन्न गतिविधिमा लागिन् । त्यसबेला उनी भर्खर ३२ वर्षकी थिइन् ।

सन् १८९१ मा जर्मनीमा समाजवादी कानुन बन्यो र क्लारा जर्मनी फर्मेर स्टुटगार्ट (Stuttgart) मा बसाइँ सरिन् । एक वर्षपछि क्लाराले अर्थात् सन् १८९२ मा सामाजिक प्रजातान्त्रिक (Social Democratic) पार्टीको तर्फबाट समानता (Dil Gleichheit) भन्ने एक पत्रिका प्रकाशित गरिन् । सन् १८९५ मा उनी जर्मनी सामाजिक प्रजातान्त्रिक पार्टी (Spd) को वामपन्थी पक्षको केन्द्रीय समितिको सदस्य भइन् र स्टुटगार्टको किताब सिउनेहरूको सङ्घको सदस्य बन्न बन्देज थियो । तर, सन् १८९५ मा उनी त्यस युनियनको अस्थायी अन्तर्राष्ट्रिय सचिव बनिन् । सन् १८९७ मा तिनले मोलर जोर्ज फ्रेडरिच जुन्ड (Moler Zeorg Frildrich Zundd) सँग ४० वर्षको दोस्रो विवाह गरिन् ।

सन् १९०७ मा स्टुटगार्टमा समाजवादी महिलाहरूको प्रथम अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यस सम्मेलनले क्लारा जेटकिनलाई महिला सचिवालय वा हेडक्वार्टरको अध्यक्ष छान्यो । त्यसबेला उनी ५० वर्षकी थिइन् ।

सन् १९१० मा डेन्मार्कको कोपनहेगन (Copenhegon Denmark) मा दोस्रो अन्तर्राष्ट्रिय समाजवादी महिला सम्मेलन भयो । त्यसमा क्लाराले अन्तर्राष्ट्रिय समाजवादी महिला दिवस मनाउने प्रस्ताव राखिन् ।

सन् १९१४ देखि १५ मा पहिलो विश्व युद्ध सुरु भयो । सामाजिक प्रजातान्त्रिक पार्टी (Spd) विस्तारै सामाजिक अन्धराष्ट्रवादमा फस्दै थियो । यसकारण, क्लारा जेटकिनले पार्टीको वामपन्थी धारको प्रतिनिधित्व गर्न अस्वीकार गरिन् । अन्तर्राष्ट्रिय समाजवादी महिला सङ्घको सचिवको हैसियतले उनले सन् १९१५ को मार्चमा समाजवादी महिला सम्मेलन (Socialist Womens Conference) को आयोजना गरिन् । त्यसकारण, क्लाराले ४ महिना जेल सजाय भोगिन् ।

अलेक्जेन्डर कोलोन्ताई (Alexandre Kollontai) सँग मिलेर क्लारा जेटकिनले मत दिन पाउँदैनथे । निश्चित सम्पत्ति र आम्दानी हुनेहरूले मात्र मतदानमा भाग लिन पाउँथे । उनी त्यस पक्षपाति मताधिकारको विरोधमा कसेर लागिन् 'पुँजीवादी महिलावादी' हकको विरोध गरिन् ।

सन् १९१६ तिर कार्ल काउत्स्की (Kautsky) ले अन्धराष्ट्रवाद र संशोधनवादको बाटो लिएको हुनाले क्लारा जेटकिन रोजा लक्जेम्वर्ग (Roza Luxemburg) सँग मिलेर वामपन्थी धारलाई नेतृत्व गरी संशोधनवादको विरोधमा सशक्त सङ्घर्ष गरिन् । लेनिनले 'गद्दार काउत्स्की' भन्ने एक रचनामार्फत उनलाई उदाङ्ग्याइदिनुभएको थियो ।

संशोधनवादीहरूसँग सङ्घर्ष गर्न सन् १९१६ तिर लक्जेम्वर्ग र लिब्क्नेत (Liebknecht) ले



स्पार्टाकसवादी (Spartacists) भन्ने रोमका एक दास विद्रोहका नेताको नाममा वामपन्थी सङ्गठन निर्माण गरे । क्लारा जेट्किन पनि त्यही सङ्गठनमा सामेल भइन् ।

पहिलो क्लारा 'स्वतन्त्र सामाजिक प्रजातान्त्रिक पार्टी जर्मनी' (Independent Social Democratic Party, Germany) को सह-संस्थापिका थिइन् र उनले 'समानता' (Dil Gleichheit) पत्रिका प्रकाशित गरिन् । राजनैतिक र सैद्धान्तिक मतभेदको कारण क्लाराले 'समानता' छोडिन्

सन् १९१८ मा कार्ल लिब्क्नेत र रोजा लक्जेम्वर्गसँग सामेल भएर क्लारा जेटकिन जर्मनीको कम्युनिस्ट पार्टी (Kommunist Paric Daeutschlands –KPD) को संस्थापक भइन् ।

सन् १९२० मा उनी जर्मनी कम्युनिस्ट पार्टीको तर्फबाट माथिल्लो सदन राइख्स्टाग (Reichetag) को सदस्य भइन् । २ जुलाई १९२० मा जर्मनी कम्युनिस्ट पार्टीको प्रथम सांसदको नाताले उनले सोभियत सङ्घसँग ऐक्यबद्धताको माग गर्दै वक्तव्य दिइन् । त्यसैबेला तिनले सोभियत सङ्घको पहिलो यात्रा गरिन् । सोभियत सङ्घमा तिनले रुसी जनताका महान् नेता लेनिनसँग मित्रता गाँसिन् ।

उनी विभिन्न रोगबाट पीडित भएकी हुनाले उपचारको निम्ति कहिले सोभियत सङ्घ र कहिले जर्मनी जान थालिन् ।

सन् १९२१ देखि उनी 'अन्तर्राष्ट्रिय महिला कम्युनिस्ट' (Die Kommunistische Frauen International) भन्ने पत्रिकाको सञ्चालिका र अन्तर्राष्ट्रिय महिला सचिव भई कार्यरत रहिन् । उनी सन् १९२१ देखि कम्युनिस्ट अन्तार्राष्ट्रियको कार्यकारिणा समितिको सदस्य (Member of the Executive Committee of the Communist International) थिइन् । तर, सन् १९२४ देखि नै उनी सोभियत सङ्घमा बस्न थालिन् सन् १९२५ मा उनले 'अन्तर्राष्ट्रिय लाल सहयोग' (Internationalen Rotein Helfe) संस्था स्थापना गरिन् र उनी त्यसको अध्यक्ष भइन् । सन् १९२७ मा उनी ७० वर्ष पुगिन् । उनको ७० औं जन्म उत्सवको सुअवसरमा उनी विभिन्न साहित्यिक र अन्तर्राष्ट्रिय सम्मानले विभूषित भइन् ।

३० अगष्ट सन् १९३२ को दिन पूर्व अध्यक्षको नाताले नयाँ निर्वाचित माथिल्लो सदन (Reichetag) को उद्घाटन मन्तव्यमा क्लारा जेटकिनले पुँजीवादी समाज व्यवस्थाको सामूहिक प्रतिकारको लागि आह्वान र डरलाग्दो फासीवादी प्रवृत्तिविरुद्ध एक हुन वकालत गरेकी थिइन् ।

लामो समयसम्मको अस्वस्थतापछि २० जून १९३३ को दिन मस्कोको नजिक आर्चाबसकोज (Archangelskoje) भन्ने ठाउँमा उनको देहावसान भयो । उनको शवलाई मस्कोको क्रेमल्नौर (Kremlnaure) मा राखिएको छ ।

क्लारा जेटकिन अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन र अन्तर्राष्ट्रिय महिला मजदुर आन्दोलनका एक उल्लेखनीय नेतृ हुन् । साँचो अर्थमा 'एक मजदुर महिला आन्दोलनकी एक अग्रदूत र पुँजीवादी महिलावादी' दृष्टिकोणको प्रखर आलोचक र विरोधी थिइन् ।

## अन्तर्राष्ट्रिय श्रमिक महिला दिवको इतिहास

विभिन्न व्यक्तिले महिलाविरुद्ध हुने शोषण, दमन र अमानवीय व्यवहारविरुद्ध आवाज उठाउन थाले । सन् १७७९ मा सबैभन्दा पहिला बेलायतकी महिला मेरी वोल्स्टोनक्राफ्टले महिला अधिकारका बारेमा आवाज उठाउँदै पुरुषप्रधान शासन व्यवस्थाको विरोध गर्दै राज्य संयन्त्रमा महिलाको समान अधिकारको माग गरिन् । उनको यस कदमको पक्ष र विपक्षमा बहस सुरु भयो । उनी भने अभियानमा निरन्तर लागिरहिन् । पछि उनले समाजवाद र महिला (सोसियोलिजम एन्ड विमेन) नामको निकै गहकिलो पुस्तक प्रकाशन गरिन् ।

यसको १० वर्षपछि १७८९ अक्टोबरमा पेरिसका गरिब र श्रमजीवी महिला चरम महँगीको विरोधमा जुलुस र धर्नामा पुगे । श्रमजीवी महिलामा विकास भएको चेतना १८३२ मा आइपुग्दा नेदरल्यान्डको कपडा काररखानामा काम गर्ने श्रमिक महिला दासप्रथाविरोधी समाजको गठन गरी असमान व्यवहार र असमान तलबका विरुद्ध आवाज उठाउन थाले ।

शोषणविरुद्ध सिङ्गो युरोपभरि नै औद्योगिक श्रमिक क्रान्तिको आँधी चलाउँदै थिए । विश्व सर्वहारावर्गको वकालत गर्दै १८४८ मा मार्क्स र एंगेल्सले 'कम्युनिस्ट घोषणपत्र' को प्रतिपादन गरे । यसले सम्पूर्ण श्रमजीवी जनतालाई आफ्नो मुक्तिका लागि सङ्गठित रूपमा अगाडि बढ्न प्रेरित गऱ्यो ।

१८४८ जुलाईमा अमेरिकन महिलाबिच 'धार्मिक अधिकार र सामाजिक खराबी' विषयमा सेनेकाफल्समा कार्यक्रम आयोजना भयो । यस कार्यक्रमले महिला अधिकारसम्बन्धी घोषणापत्रमार्फत तीनबुँदे माग- महिलामाथिको पितृसत्तात्मक शोषणको अन्त्य र समान अधिकार, शिक्षा र रोजगारीमा समान अधिकार र समान मताधिकारको उद्घोष गऱ्यो ।

यस घोषणाले अमेरिकी महिलाबिच सनसनी फैलाउन पुग्यो । १८५०–६० को दशकमा पुँजीवादको तीव्र विकासको क्रममा भएको स्वचालित यन्त्रको विकासले कतिपय शारीरिक कामलाई मेसिनले विस्थापित गर्दै थियो । अर्कातर्फ लामो र अनिश्चित कार्यघन्टा, मालिकको मनलागी व्यवहार र शोषणका कारण श्रमिकहरूको जीवनप्रति घृणा, रोष, असन्तुष्टि र चिड्चिडाहट थपिँदै थियो ।

परिणामतः सन् १८५७, ८ मार्चको दिन अमेरिकाको सुती कपडा उद्योगमा काम गर्ने श्रमिक महिला कामको घन्टा कम गराउने मागसहित आन्दोलनमा उत्रिए । श्रमिकबिचको एकता र सहकार्यले राष्ट्रिय सीमा नाघ्न थाल्यो । श्रमिकहरू अन्तर्राष्ट्रिय ऐक्यबद्धताको विकासको क्रममा थिए र सन् १८६४ मा पहिलोपल्ट अन्तर्राष्ट्रिय श्रमिक सङ्घ गठन गरे । १८६६ मा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलनबाट गठित सङ्घ महिलाविहीन हुँदा औपचारिक रूपमा भएको विरोध र असन्तुष्टिपछि बेलायतकी 'हरियता ल' लाई थप गरी यसको पहिलो महिला सदस्य बनाइएको थियो ।

अठारौँ शताब्दीको अन्तसम्म पनि विश्वका कतिपय मुलुकमा केही कुलीन वर्गले मात्र राजनीतिमा भाग लिन पाउने कानुनी व्यवस्था थियो । समयको मागअनुसार अन्य निम्नवर्गले पनि चुनावमा भाग लिन पाउने व्यवस्था हुँदै गयो । तर, मतको वजन वर्गअनुसार फरक थियो । रुसमा १ जना जमिनदारबराबर ५ जना किसान र एकजना पुँजीपति बराबर ३ जना श्रमिकको मत मानिन्थ्यो । महिला मताधिकारबाट वञ्चित थिए ।

१८६५ मा बेलातयतका महिलाले मेनचेस्टरमा महिला मताधिकार समिति गठन गरी महिला मताधिकारको पक्षमा सङ्कलित हस्ताक्षरसहित समान मताधिकारको विषयमा तयार गरिएको विधेयक १८६७ मा जोन स्टुआर्ट मिलमार्फत ब्रिटिस संसद्मा पेस गरे । महिला मताधिकारको विषयले संसद्मा औपचारिक प्रवेश पाएको यो पहिलो घटना थियो ।

महिला मुक्तिलाई श्रमजीवी वर्गको आन्दोलनसँग जोडेर आमूल परिवर्तनको अभियानको नेतृत्व गर्दै क्लारा जेटकिनलगायत महिला निरन्तर क्रियाशील रहे । सन् १८६८ मा कार्ल मार्क्सले महिला अधिकारको प्रश्नलाई सशक्त ढङ्गले उठाउँदै रोजगारीमा महिलाले अवसर पाउनुकासाथै शिशु स्याहारलगायतको व्यवस्था गरिनुपर्ने मागमा जोड दिए । श्रमिक महिलालाई विश्व श्रमिक आन्दोलनमा सहभागी हुन आग्रह गरे ।

१८७१ को पेरिस कम्युन (१८ मार्च–२८ मे) को असफलतापछि पुँजीवादी शासकले श्रमिक आन्दोलनलाई निर्ममतापूर्वक दबाउन थाले । यो अवस्थालाई चिर्न र श्रमिक वर्गको मुक्तिका लागि सामाजिक जनवादी श्रमिक पार्टीको गठन भयो । महिला श्रमिक पनि त्यसमा सङ्गठित हुन थाले । यसरी श्रमिक महिला राजनीतिक दलमा समेत सहभागी हुन पुगे ।

१८८९ मा पेरिसमा श्रमिकहरूको ऐतिहासिक अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यहाँ समान कामको समान पारिश्रमिक हुनुपर्ने कुरा उठ्यो । महिला अधिकारको बारेमा व्यवस्थित, स्पष्ट र सशक्त रूपमा समानताको कुरा उठेको यो नै पहिलो घटना थियो । १८९० बाट महिला मताधिकारमा काम गर्दै आएका सङ्गठन एकजुट हुन थाले ।

अमेरिकाका विभिन्न महिला सङ्घहरू मिलेर अमेरिकी राष्ट्रिय महिला मताधिकार सङ्घ गठन गरे । त्यसले अमेरिकामा

बाँकी पृष्ठ ८ मा






# पेरूमा राष्ट्रपतिको अपदस्थले निम्त्याएको राजनीतिक सङ्कट

● एटिएन सिनोटे

पेरुका अन्तरिम राष्ट्रपति जोसे जेरीलाई पदभार ग्रहण गरेको चार महिनामै फेब्रुअरीमा देशको संसद्ले पदमुक्त गऱ्यो । घोटालाका धेरै काण्ड बाहिरिएपछि उनलाई बर्खास्त गरी वर्तमान अन्तरिम राष्ट्रपति जोसे मारिया बालकाजार नियुक्त भएका थिए । कार्यकाल पूरा गर्नुअघि नै पदबाट हटाइएका पेरुका राष्ट्रपतिको सूचीमा जेरी पछिल्ला नेता हुन् । अप्रिल १२ मा हुने आगामी आमचुनाव हुन करिब दुई महिना बाँकी हुँदा उनलाई पदच्युत गरिएको थियो ।





राष्ट्रपति पदका लागि प्रतिस्पर्धी दल र उम्मेदवारको कीर्तिमानी सङ्ख्याका लागि यो चुनाव उल्लेखनीय छ । देशको सर्वोच्च पदका लागि कम्तीमा ३६ उम्मेदवारले प्रतिस्पर्धा गरिरहेका छन् । चुनावमा कुनै पनि उम्मेदवारले स्पष्ट बहुमत ल्याउने सम्भावना कम छ । निर्वाचन एकभन्दा बढी चरणमा हुने देखिन्छ ।

जेरीको बर्खास्ती र राष्ट्रपतिका उम्मेदवारहरूको कीर्तिमानी सङ्ख्या संयोग होइनन् । बरु, तिनीहरू गहिरो संस्थागत सङ्कटका लक्षण हुन् । विगत एक दशकमा पेरुको राजनीतिक परिदृश्यलाई अस्थिरताले परिभाषित गरेको छ, किनकि लगातार सांसद सदस्य र राष्ट्रपतिहरू सत्ताका लागि सङ्घर्षमा फसेका छन् । यसका कारण आमसर्वसाधारणको जनजीवन कष्टकर बनेको छ । यो निरन्तर रस्साकस्सीलाई कसरी व्याख्या गर्न सकिन्छ ?

सन् २०२१ मा पेरुको अन्तिम चुनावपछि आफ्नो कार्यकाल पूरा नगर्ने जेरी तेस्रो राष्ट्रपति थिए । उनका पूर्ववर्ती दिना बोलुआर्टेलाई भ्रष्टाचार र अनैतिकताको अरोपबिच अक्टोबर २०२५ मा काङ्ग्रेसले पदच्युत गरेको थियो । आर्थिक अनियमितता गरेको र अकुत सम्पत्ति कमाएको उनीमाथि अरोप लागेको थियो । उनीभन्दा पहिले २०२१ मा निर्वाचित राष्ट्रपति पेड्रो कास्टियोलाई पनि विभिन्न अभियोग लगाएर पदबाट हटाइएको थियो । पछि उनलाई कारागारमा राखिएको थियो । द्रुत राष्ट्रपति परिवर्तनको यो ढाँचा अभूतपूर्व छैन, २०११-१६ को अवधिमा चार राष्ट्रपतिले पनि उनीहरूका अग्रजले पदावधि पूरा नहुँदै पद सम्हालेका थिए । तसर्थ, पेरुमा राष्ट्रपतिको कार्यकाल र पदावधि सकिएपछिका दिन खासै सुखद देखिँदैन । सबै राष्ट्रपतिको नियति प्राय: एउटै देखिन्छ, सेवाअवधि पूरा नहुँदै पदमुक्त हुनु र विभिन्न अभियोगको भागिदार बन्नु । लामो समयदेखि चलिरहेको अस्थिरता मुख्यतया तीन मुख्य संयन्त्रका कारणले भएको देखिन्छ- सामाजिक विखण्डन, राजनीतिक मतभेद र असाधारण उपायको सामान्यीकरण ।

पेरुभियन समाजले धेरै साझा भावना र मूल्य-मान्यता गुमाएको छ । कुनैबेला साझा विचारका कारण विद्यमान राजनीतिक द्वन्द्वलाई अन्त्य र प्रतिनिधित्वलाई व्यवस्थित गर्न सहयोग गऱ्यो । वर्गमा आधारित पहिचान तथा दक्षिणपन्थी र वामपन्थी कित्ताले समाजलाई निरन्तर क्षयतर्फ पुऱ्याएको छ । समाजमा प्रतिस्पर्धी पहिचानहरूको खण्डित परिदृश्य देखा परेको छ- क्षेत्रीय, लैङ्गिक, जातीय र पेशागत । यो सामाजिक खण्डीकरण राजनीतिक खण्डीकरणले प्रतिबिम्बित गर्छ । पेरुको पार्टी प्रणालीमा प्रतिनिधि र मतदाताबिच कमजोर सम्बन्ध देखिन्छ ।

काङ्ग्रेस सदस्यले बढी अवसरवादी व्यवहार गरेका कारण राजनीतिले काम गर्ने तरिका परिवर्तन भएको छ, यद्यपि उनीहरूलाई थाहा छ कि मतदातासँगको कमजोर सम्बन्धका कारण उनीहरूको करियर राम्रो हुनेछैन । पछिल्लो दशकमा संसद् प्रमुख नेतालाई निन्दा गर्नेजस्ता माध्यममा निर्भर छ । फलस्वरूप, राजनीतिक द्वन्द्व अब वार्ता वा चुनावी चक्रमार्फत समाधान हुँदैन, बरु संस्थागत विघटनमार्फत समाधान हुन्छ ।

यसले लोकतान्त्रिक प्रक्रियालाई धक्का दिनेछ, जसको अर्थ प्रजातान्त्रिक संस्थालाई कमजोर बनाउनु हो । हामी सङ्घर्षरत लोकतन्त्रलाई त्यस्ता देशका रूपमा सोच्छौँ, जहाँ नेताहरू बढ्दो रूपमा निरंकुश हुन्छन् र आफ्नो शक्ति बढाउन खोज्छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प यसका राम्रा उदाहरण हुन् । आफ्नो दोस्रो कार्यकालको सुरुवातदेखि नै उनले राजनीतिक विरोधीलाई आक्रमण गर्न, आप्रवासन दमन सुरु गर्न र शुल्क लगाउन विभिन्न सरकारी संस्थालाई हतियार बनाएका छन् ।

राजनीतिक विखण्डन र निन्दाजस्ता चरम उपायको सामान्यीकरणका कारण पेरु एक व्यक्तिको हातमा शक्ति केन्द्रित हुनबाट पीडित छैन । बरु, देशले जनताको हितको प्रतिनिधित्व गर्न छाडेका दलहरूसँग सम्बन्धित राजनीतिज्ञको हातबाट शक्तिको क्षयीकरणको अनुभव गरिरहेको छ ।

कुनै निरकुंशका कारणले होइन, बरु यसको समर्थनबाट खोक्रो हुँदै गएका कारण लोकतन्त्रको क्षय भइरहेको छ । निकट भविष्यमा यो अवस्थामा धेरै परिवर्तन देख्ने सम्भावना कम छ । लोकतान्त्रिक मूल्य-मान्यताका लागि आवश्यक पर्ने धेरै तत्त्व आज पेरुमा छैनन् । उदाहरणका लागि हामी साधनसम्पन्न नागरिक समाजको समर्थनमा बलियो र लोकतन्त्र समर्थक गठबन्धनको चुनाव देख्न असम्भव छ । राष्ट्रपति पदका लागि उम्मेदवारको कीर्तिमानी सङ्ख्या र अत्यधिक विभाजित मतदातासँगै आसन्न राष्ट्रपति निर्वाचनले पेरुका विद्यमान राजनीतिक तथा सामाजिक समस्या समाधान गर्ने देखिँदैन ।

पेरुभियाली राज्यले वैधताको सङ्कटको सामना गरिरहेको छ, धेरैजसो नागरिकले सरकारमाथि अविश्वास गर्छन् । यसले सार्वजनिक हितको सट्टा राजनीतिक र आर्थिक अभिजात वर्गलाई प्राथमिकता दिन्छ भन्ने आममानिस विश्वास गर्छन् । अर्को चुनाव र अर्को राष्ट्रपतिले पेरुको मुख्य समस्या समाधान गर्ने सम्भावना छैन । प्रतिनिधित्व र जवाफदेहिताको संयन्त्र पुनर्निर्माण नगरी सम्पन्न गरिने चुनावले अस्थिरता मात्र बढाउने निश्चित छ ।

*(सिनोटे म्याकगिल विश्वविद्यालयमा राजनीतिशास्त्रमा विद्यावारिधि गर्दै छन् ।)*

*- द कन्भर्सेसनबाट*




# श्रीलङ्कानजिक इरानी युद्धपोत डुबाउने अमेरिकी कदम कति वैध ?

● जेनिफर पार्कर

यो साता अमेरिकाको पनडुब्बीले इरानी युद्धपोत 'आइआरआइएस डेना' लाई तरपिडो हानेर डुबाएको समाचारले धेरै पर्यवेक्षकलाई अचम्मित बनायो । आक्रमण चीनलाई मध्यपूर्वसँग जोड्ने प्रमुख व्यापार मार्गअन्तर्गतको श्रीलङ्काको तटबाट करिब ४० नटिकल माइल टाढा भएको थियो । युद्धको मुख्य क्षेत्र फारस खाडीबाट यति टाढा भएको आक्रमणले इरान-अमेरिका युद्ध थप विस्तारित हुँदै गएको सङ्केत गर्छ । यस घटनाले सैन्य र कानुनी घेराबाहिर बिरलै चर्चा हुने नौसेना युद्धमा लागू हुने कानुनमाथि प्रकाश पारेको छ । कैयौँले यो आक्रमण वैध भए-नभएको प्रश्न गरिरहेका छन् । यस बहसमा समुद्री आक्रमणपछि जहाजबाट उम्किएकाहरूको उद्धार गर्ने दायित्व कसको थियो भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण छ ।

**युद्धपोत डुबाउनुको वैधता**

नौसेना युद्धसम्बन्धी कानुन सशस्त्र द्वन्द्वसम्बन्धी कानुनअन्तर्गतको उपकानुन मानिन्छ । नौसेना युद्धसम्बन्धी कानुनले द्वन्द्वको समयमा समुद्रमा रहेका द्वन्द्वरत लडाकु, आमनागरिक र तटस्थ अभिनेताले के गर्न पाउने या नपाउने भन्ने नियम तय गर्छ । महत्त्वपूर्ण कुरा, यो कानुन मुख्य युद्धको सुरुवात आफैँ वैध थियो कि थिएन भन्ने पर्वाह नगरी लागू हुन्छ । अर्को शब्दमा भन्दा युद्धको सम्पूर्ण औचित्य अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कानुनी नभए पनि समुद्री कानुन भने पालना गर्नैपर्छ ।




यति मात्र होइन, युद्ध औपचारिक रूपमा घोषणा नगरिएको समयमा समेत समुद्रमा पालना गर्नुपर्ने व्यवहार नौसेना युद्धसम्बन्धी कानुनद्वारा नियमन गरिन्छ । नौसेना युद्धको कानुनलाई समुद्रका लागि लागू हुने संयुक्त राष्ट्र सङ्घको महासन्धिभन्दा माथि मानिन्छ, जसलाई कानुनी भाषामा 'लेक्स स्पेसलिस' को सिद्धान्त भनिन्छ । यी नियम राज्यले समुद्रमा द्वन्द्वको आचरणलाई नियमन गर्न खोज्ने क्रममा शताब्दीयौँदेखि विकसित भएका हुन् ।

यी कानुनका आधारमा हेर्दा अमेरिकाले इरानी युद्धपोतमाथि आक्रमण गर्नु वैध थियो । नौसेना युद्धको कानुनअन्तर्गत, अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वमा संलग्न राज्यका युद्धपोत स्वत: सैन्य लक्ष्य मानिन्छन् । यस्तोमा तिनलाई लक्षित गर्न पाउनु वैध हो । यस्ता आक्रमण युद्धमा संलग्न भएका देशको क्षेत्राधिकार रहने १२ नटिकल माइलभित्रबाहेक जहाँ पनि गर्न पाइन्छ । तथापि, सशस्त्र द्वन्द्वका सहभागी राज्यको कानुन लाग्ने १२ नटिकल माइलबाहिर भने आक्रमण अवैध मानिन्छ ।

यदि इरानी युद्धपोत त्यस समयमा श्रीलङ्काको कानुन लाग्ने, अर्थात् श्रीलङ्काको तटबाट १२ नटिकल माइलभित्र भएको भए आक्रमण अवैध हुने थियो । तर, इरानी युद्धपोत 'आइआरआइएस डेना' श्रीलङ्काको तटबाट ४० नटिकल माइलबाहिर रहेकाले त्यो नौसेना युद्ध कानुनअनुसार एक वैध सैन्य लक्ष्य हो । तर उस जहाज युद्धमा संलग्न नभई प्रदर्शनीबाट फर्केको विष्फोटकबिहिन थियो ।

**बाँचेकाहरूको उद्धारबारे कानुनले के भन्छ ?**

नौसेना युद्धको कानुनले शत्रुपक्षकै जहाजमाथि पनि आक्रमणपछि बाँचेकाहरूको उद्धारसम्बन्धी दायित्व तोकेको छ । सन् १९४९ को दोस्रो जेनेभा महासन्धिले द्वन्द्वका पक्षराष्ट्रले प्रत्येक आक्रमणपछि नष्ट भएका जहाजमा रहेका घाइते तथा असशस्त्र बिरामीको खोजी तथा बचाउ गर्न सबै सम्भावित उपाय अपनाउनुपर्ने भनेको छ । यी नियम नौसेना युद्धमा लागू हुन्छन् । अर्थात्, युद्धरत पक्षले शत्रुपक्षका मानिसको पनि आक्रमणपछि सहयोग गर्नुपर्ने व्यवस्था छ ।

तथापि, व्यवहारमा भने पनडुब्बीले यस्तो दायित्व पूरा गर्न चुनौतीको सामना गर्नुपर्ने देखिन्छ । जस्तो, पनडुब्बीले आक्रमण गरेपछि शत्रुपक्षका बचेका लडाकुको उद्धार गर्ने हो भने सतहमा आउनुपर्ने हुन्छ । पनडुब्बी भनेकै शत्रुहरूबाट अवस्थिति लुकाउन समुद्री सतहबाट मुनि रहेर काम गर्ने उद्देश्यले बनाइएको हुन्छ । सतहमा आउनासाथ पनडुब्बी र त्यसमा सवार नै जोखिममा पर्न सक्छन् । त्यसबाहेक पनडुब्बीको बनोटका कारण पनि त्यसमा ठुलो सङ्ख्यामा बाँचेकाहरूलाई राख्न

बाँकी पृष्ठ ८ मा

# अन्तर्राष्ट्रिय कानुनले वैध देखाउँदैन इरानमाथिको आक्रमण

● स्यानन ब्रिन्केट/हुँआ जाहिर जनरान्जो कोसेरेस

इरानमाथि अमेरिका र इजरायलको संयुक्त आक्रमणले अन्तर्राष्ट्रिय कानुनी व्यवस्थामा थप धक्का लागेको छ । अन्तर्राष्ट्रिय कानुनअनुसार यो आक्रमणलाई कसैगरी पनि वैध मान्न सकिँदैन । इरानले आफ्नो आणविक कार्यक्रमबारे वासिङ्टनसँग सक्रिय वार्ता गरिरहेका वेला इजरायल र अमेरिकाले आक्रमण सुरु गरे । आक्रमणको दुई दिनअघि मात्र, अमेरिका र इरानबिच जेनेभामा तेस्रो चरणको वार्ता सम्पन्न



भएको थियो, जसमा दुवै पक्ष वार्तालाई जारी राख्न सहमत भएका थिए । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प स्वयम्ले वार्तालाई थप अवसर दिने सङ्केत गरेका थिए । तर, अकस्मात् इरानमाथि बमबारी गरियो ।

अवैध आक्रमण : इजरायलले इरानमाथिको आक्रमणलाई 'निवारक' भनेको छ, जसको अर्थ हो- आफूमाथि इरानको आक्रमणको खतरा उच्च रहेकाले त्यसलाई रोक्न पहिले नै आफूले आक्रमण गर्नुपर्‍यो । तर, अन्तर्राष्ट्रिय कानुनले यस्तो 'निवारक' युद्धलाई कुनै कानुनी आधार दिँदैन । राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले एकतर्फी रूपमा गरिने सैन्य कारबाहीलाई वैध मान्दैन । शस्त्र प्रयोगको एक मात्र वैध माध्यम आत्मरक्षालाई मानिएको छ, जुन अहिले प्रयोग भएको होइन । राष्ट्र सङ्घको बडापत्रको धारा २(४) ले कुनै देशको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध बल प्रयोगलाई निषेध गर्छ । आफूमाथि हुन सक्ने आक्रमण रोक्न गरिने कारबाहीका लागि अत्यन्तै कठोर सर्त राखिएको छ । त्यस्तो कारबाही गर्न 'तत्काल, विशाल आक्रमण हुने निश्चित भएको र बाँकी कुनै विकल्प नरहेको' अवस्था हुनुपर्छ । २८ फेब्रुअरीमा इजरायलमाथि इरानबाट त्यस्तो कुनै खतरा थिएन ।

बल प्रयोगमार्फत सत्ता परिवर्तन पनि गैरकानुनी : ट्रम्पले पछिल्लो सैन्य अभियान इरानको आणविक हतियार कार्यक्रम अन्त्य गर्नुका साथै त्यहाँको शासन परिवर्तन ल्याउन गरिएको बताएका छन् । ट्रम्पले आक्रमणलगत्तै इरानी जनतालाई सम्बोधन गर्दै 'आफ्नो सरकारलाई कब्जामा लिन' आह्वान गरे । उस्तै भाकामा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले आक्रमणको उद्देश्य 'इरानी आतङ्कवादी सत्ताले सिर्जना गरेको अस्तित्वगत खतरा अन्त्य गर्नु' रहेको बताए ।

तर, कुनै पनि देशमा बलपूर्वक सत्ता परिवर्तनलाई राष्ट्र सङ्घको बडापत्रले ती देशको सार्वभौमिकताका साथै गैरहस्तक्षेपको सिद्धान्तको उल्लङ्घन मान्छ । आक्रमणमा इरानका सर्वोच्च नेता, राष्ट्रपति र सैन्य प्रमुखका साथै सैन्य पूर्वाधारलाई लक्षित गरिएको थियो, जसमा सर्वोच्च नेता र कैयौँ सैन्य कमान्डर मारिए । जानाजान राष्ट्रप्रमुखहरूलाई लक्षित गर्दा सैन्य अप्रेसन र आक्रामक कदमबिचको सीमा मेटिन्छ । राष्ट्र प्रमुखहरूमाथिको आक्रमणलाई 'न्युयोर्क महासन्धि' ले पनि गैरकानुनी भनेको छ । इरानका सर्वोच्च नेता आयतोल्लाह अली खामेनी मारिएसँगै सिर्जित शक्ति शून्यताले इरानीको जीवन थप कठिन मात्र बनाउनेछ । हवाई आक्रमणले मिनाबको एक प्राथमिक विद्यालयमा सातदेखि १२ वर्ष उमेरका सयभन्दा बढी बालिका मारिएको घटनाले सत्ता परिवर्तनको प्रयासले सिर्जना गर्ने मानवीय मूल्यलाई प्रकाश पार्छ ।

अमेरिका र इजरायलबाट आएका भनाइले उनीहरूले नेतृत्व परिवर्तनभन्दा अहिलेको शासन नै बदल्न चाहेको सङ्केत गर्छ । तर, लिबियाका नेता मुअम्मर गद्दाफीको मृत्युपछि त्यहाँ दासप्रथा फर्किएको वा इराकमा सद्दाम हुसेनको मृत्युपछि इस्लामिक स्टेटको उदय भएजस्ता घटनाले शासन परिवर्तनले निम्त्याउने खतरामाथि जोड दिन्छ । र, इरानसम्बन्धमा सत्ता परिवर्तन भइहाले के गर्ने भन्ने सम्बन्धमा अमेरिकाको कुनै भावी योजना नहुनुले झन् गम्भीर सङ्केत गर्छ । अरूले मात्र होइन, पश्चिमका सहयोगीले नै युद्ध सकिएपछि के गर्ने भन्नेबारे वासिङ्टनसँग कुनै सुसङ्गत रणनीति नरहेकामा चिन्ता व्यक्त गरेका छन् । द्वन्द्व सकिएपछि पुनर्निर्माण र सरकारको संक्रमणलाई लिएर न्यूनतम तयारीले यसैतर्फ सङ्केत गरेको तिनले औँल्याएका छन् । भेनेजुएलामा हालैको अमेरिकी कारबाहीपछि राष्ट्रसङ्घीय सुरक्षा परिषद्मा मेक्सिकोका प्रतिनिधिले भनेझैं शासन परिवर्तनको विगतको रेकर्ड हेर्दा 'द्वन्द्व झन् बढेको र राष्ट्रभित्र सामाजिक तथा राजनीतिक संरचना थप कमजोर बनेको' मात्र देखिन्छ । इरानमा पनि त्यस्तै सम्भवना रहेको 'द एट्लान्टिक' लगायत मिडिया विश्लेषणले देखाउँछ ।

छलछामका रूपमा कूटनीतिको प्रयोग : सक्रिय वार्ता चलिरहेको समयमा आक्रमण अघि बढाउनुले राष्ट्र सङ्घको बडापत्रको धारा २(२) मा रहेको 'असल विश्वासको सिद्धान्त' उल्लङ्घन भएको छ । हतियार नियन्त्रणसम्बन्धी 'आर्म्स कन्ट्रोल एसोसियसन' का अनुसार यसअघि गत वर्ष जुन २०२५ मा पनि वार्ताका लागि समय तोकिसकेको अवस्थामा बिचमै इरानमाथि आक्रमण गरिएको थियो । इरानको विदेश मन्त्रालयले पनि वार्ता चलिरहँदा २८ फेब्रुअरीमा भएको आक्रमणलाई अन्तर्राष्ट्रिय कानुन उल्लङ्घनका रूपमा निन्दा गरेको छ । अमेरिकाले गर्ने अन्तर्राष्ट्रिय कानुनको निर्लज्ज उल्लङ्घनलाई पश्चिमी नेताहरूले घुमाउरो शब्दमा स्विकार्ने गरेका छन्, जुन निकै चिन्ताजनक विषय हो । जस्तो- अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिजले आक्रमणलाई 'आणविक हतियारमाथि इरानी पहुँच रोक्न गरिएको कार्य' भन्दै समर्थन गरे । फ्रान्स, जर्मनी र संयुक्त अधिराज्यले संयुक्त विज्ञप्तिमार्फत उल्टै इरानलाई समाधानका लागि वार्ता गर्न आग्रह गर्दै इरानको जवाफी आक्रमणको निन्दा गरे । विज्ञप्तिमा इरानमाथि अमेरिका र इजरायलले गरेका हमलाबारे भने कुनै टिप्पणी गरिएको छैन ।

अन्तर्राष्ट्रिय कानुनी व्यवस्था अहिले पतनोन्मुख छ । शक्तिशाली राज्यले आफूमाथि सम्भावित आक्रमण रोक्ने नाममा अवैध युद्ध सञ्चालन गर्न थोलेपछि कूटनीति युद्धकै औजार बनेको देखिन्छ । यस्तोमा खुलेआम शासन परिवर्तन तिनको एजेन्डा बन्छन् । तर, यस्तो अभ्यासले 'विधिमा आधारित विश्व व्यवस्था' भने थप कमजोर बन्दै जान्छ ।

*(लेखकद्वय 'युनिभर्सिटी अफ सनसाइट कोस्ट' का अन्तर्राष्ट्रिय सम्बन्ध सङ्कायसँग आबद्ध छन् ।)*

*- द कन्भर्सेसनबाट*

# इरान युद्धले विश्व बजारमा ल्याउने उथलपुथल

✍ शिशिर प्रियदर्शी

इजरायल र इरानबिचको बढ्दो शत्रुताले पश्चिम एसियालाई फेरि विश्वव्यापी आर्थिक चिन्ताको केन्द्रमा ल्याएको छ । सरसर्ती नियाल्दा समाचार शीर्षकहरू क्षेप्यास्त्र हमला, अमेरिकी आधारमा प्रतिशोध आक्रमण र भूराजनीतिमा केन्द्रित भए पनि यस द्वन्द्वको गहिरो र स्थायी प्रभाव युद्धभूमिभन्दा बाहिर - विश्वव्यापी व्यापारप्रवाह, ऊर्जा बजार, मुद्रास्फीति प्रक्षेपण र समुद्री सुरक्षामा महसुस गर्न सकिन्छ । विखण्डन, संरक्षणवाद र सुस्त वृद्धिले पहिले नै तनावग्रस्त विश्व अर्थतन्त्रका लागि यो द्वन्द्व अर्को प्रणालीगत झट्का बन्ने जोखिम छ ।

विश्वव्यापी चिन्ताको केन्द्रविन्दु तेल र व्यापार हो । पश्चिम एसिया केवल भूराजनीतिक द्वन्द्व विन्दु मात्र होइन, यो विश्वव्यापी वाणिज्य कनेक्टिभिटीको प्रमुख माध्यम पनि हो । विश्वको तेल व्यापारको लगभग पाँच भाग र तरल प्राकृतिक ग्यास (एलएनजी) ढुवानीको ठुलो हिस्सा स्ट्रेट अफ हर्मुज जलमार्ग हुँदै जान्छ । यस मार्गमा हुने कुनै पनि निरन्तर अवरोध (प्रत्यक्ष सैन्य कारबाही, छद्म हमला वा बढ्दो बिमा र सुरक्षा लागत जेसुकै भएपनि ) को असर अवश्य पनि आपूर्ति शृङ्खलामा तत्काल प्रभाव पार्नेछ । ढुवानी लेनहरू पूर्णरूपमा बन्द नगरे पनि अनिश्चितताले मात्र पनि माल ढुवानी दर बढाउँछ, डेलिभरीमा ढिलाइ गर्छ र पुन: मार्ग परिवर्तन गर्न बाध्य पार्छ । यस्तो अवरोधले विश्वव्यापी व्यापारमा अतिरिक्त समय र थप लागत बढाउँछ ।

हालैका वर्षहरूको अनुभवले उपयुक्त गतिविधिलाई चिन्ताजनक रूपमा परिचित गराएको हुनुपर्छ । महामारीदेखि युक्रेन द्वन्द्व र लालसागरमा अवरोधसम्म, विश्वव्यापी व्यापार भूराजनीतिक झट्काका लागि बढ्दो रूपमा कमजोर हुँदै गएको छ । अमेरिका-इजरायलको इरानमाथिको आक्रमणले जोखिमको अर्को तह थप्छ, किनभने यो विश्वको सबैभन्दा महत्त्वपूर्ण ऊर्जा करिडोरमा रहेको छ । पहिलेको अवरोधजस्तो नभई (जुन केही हदसम्म क्षेत्रीय रूपमा नियन्त्रणमा थिए र पछि स्वत: हटेका) यो द्वन्द्वले ऊर्जा आपूर्ति, समुद्री रसद र लगानीकर्ताको विश्वासलाई एकै साथ असर गर्ने सम्भावना राख्छ, जसलाई एक असामान्य रूपमा विषाक्त संयोजन मान्न सकिन्छ ।




युद्धको सबैभन्दा पहिलो असर सम्भवत: विश्वव्यापी तेल बजारमा देखिनेछ । ६ दिनदेखि चलेको द्वन्द्वले पहिले नै कच्चा तेलको मूल्यमा अस्थिरता ल्याइसकेको छ, जसले वास्तविक अभावको सट्टा आपूर्ति अवरोधको डरलाई प्रतिबिम्बित गर्दछ । इतिहासले सुझाव दिन्छ कि बजारको मूल्य वास्तविकताभन्दा छिटो जोखिममा छ । लामो समयसम्मको द्वन्द्वले तेलको मूल्यलाई उल्लेखनीय रूपमा उच्च बनाउन सक्छ (उत्पादन रातारात पतन भएर होइन) बरु भविष्यमा सम्भावित बजारको जोखिम बढाएर, ढुवानी बिमा बिथोलिएर र रणनीतिक भण्डारण तीव्र हुँदा मूल्य वृद्धि हुन्छ । भारतजस्ता तेल आयात गर्ने अर्थतन्त्रका लागि यसले मुद्रास्फीति करको रूपमा कार्य गर्दछ, जसलाई सरकारहरूले सजिलै भविष्यवाणी गर्न वा नियन्त्रण गर्न सक्दैनन् ।

ऊर्जा लागत यातायात, उत्पादनमार्फत बढ्छ र मुद्रास्फीतिमा प्रत्यक्ष रूपमा योगदान पुर्‍याउँछ । विकासशील अर्थतन्त्रहरूका लागि परिणाम अझ कठोर छन् : कमजोर मुद्रा, बजार फराकिलो हुँदै जानु, र वित्तीय क्षेत्र साँघुरिनु । वास्तवमा, पश्चिम एसियामा भूराजनीतिक द्वन्द्वले विश्वको बाँकी भागमा मुद्रास्फीति निर्यात गर्ने जोखिम बढाउँछ ।

भारतका लागि, यी जोखिम विशेषगरी तीव्र छन् । भारतले आफ्नो कच्चा तेलको आवश्यकताको ८५ प्रतिशतभन्दा बढी आयात गर्छ, जसले गर्दा मूल्य उथलपुथलका लागि यो अत्यन्त संवेदनशील छ । आपूर्तिकर्ताहरूको विविधीकरण र रूसबाट बढेको खरिदले केही संरक्षण प्रदान गरेको छ, तर भारत मूल्य अस्थिरताका लागि धेरै संवेदनशील छ । कच्चा तेलको मूल्यमा १०-१५ अमेरिकी डलरको वृद्धिले भारतको मुद्रास्फीति दृष्टिकोणलाई भौतिक रूपमा परिवर्तन गर्न सक्छ र समष्टिगत आर्थिक व्यवस्थापनलाई जटिल बनाउन सक्छ ।

तैपनि तेल भारतको जोखिमको एक अंश मात्र हो । भारतको लगभग ९५ प्रतिशत व्यापार मात्रा र लगभग ७० प्रतिशत मूल्य समुद्रीमार्गबाट हुन्छ । यदि पश्चिम एसिया र वरपरका समुद्री व्यापार मार्गहरू जोखिमपूर्ण वा महँगो भएमा, सामान र रसायनदेखि कपडा र इलेक्ट्रोनिक्ससम्मको भारतको निर्यातले तत्काल दबाबको सामना गर्नेछ । उच्च भाडा लागतले प्रतिस्पर्धात्मकतालाई कमजोर बनाउन सक्छ, डेलिभरी ढिलाइले निश्चित रूपमा सम्झौतालाई असर गर्नेछ र बिमा प्रिमियमले मार्जिनमा असर पार्न सक्छ । पहिले नै पातलो बफर क्षेत्रमा सञ्चालन गरिरहेका साना र मध्यम निर्यातकर्ताहरूका लागि यस्ता झट्का अस्तित्त्वगत हुन सक्छन् ।

यसको एउटा रणनीतिक आयाम पनि छ । भारतका पश्चिमी बन्दरगाहहरू अरब सागर र खाडी हुँदै जाने व्यापार मार्गहरूसँग गहिरो रूपमा एकीकृत छन् । यी पानीमा हुने कुनै पनि अस्थिरताले ऊर्जा आयात मात्र नभई युरोप, अफ्रिका र अमेरिकासँगको भारतको व्यापक व्यापारलाई पनि असर गर्न सक्छ । लचिलो आपूर्ति शृङ्खला नीतिगत प्राथमिकता बन्दै गएको युगमा, समुद्री असुरक्षाले भरपर्दो व्यापार करिडोरहरूको तर्कलाई नै कमजोर बनाउँछ ।

*बाँकी पृष्ठ ८ मा*

# सिद्धान्तहीन राजनीति गर्नेहरू चुनावी साँठगाँठमा

काठमाडौँ । राजनीति सिद्धान्त र विचारको आधारमा गरिएको हुन्छ । सिद्धान्त र विचारको राजनीति नगर्ने दलका नेता, कार्यकर्ताहरू कहिले कता पस्छन् कहिले कता घुस्छन् ? थाहै हुँदैन । कुनै राजनीतिक दलमा सक्रिय नभएका या राजनीतिक दौडधूप नगरेका युवा-विद्यार्थीहरू कुनै दलको लहैलहैमा जानसक्छन्; कसैको इसारा या लोभलालचमा फस्न सक्छन् । सिद्धान्त र निश्चित विचार नभएको या कुनै दर्शनको मार्ग निर्देश नभएको दलले देशलाई कहिले कहाँ पुऱ्याउने भन्ने कुरा निश्चित हुँदैन । सिद्धान्त र विचारको आधारमा राजनीति नगर्ने दलको सरकारले केही सुधारात्मक कार्य गर्ला, योजना ल्याउला । तर, समग्र जनताको हित हुने ऐन कानुन बनाइँदैन ।

बहुमतको नाउँमा कुनै पनि सरकारले कुनै देशसँग असमान सन्धि सम्झौता गरेर नेपाल र नेपालीको अहितमा काम गर्छ भने नेपाली जनताले त्यसको विरोध गर्नुपर्छ । सरकारमा नरहेका सांसदहरूले विरोध गर्नुपर्छ । देशका उद्योग तथा कारखाना निजीकरण गरिएमा या विदेशी दलाल या विदेशी कम्पनीका व्यापारी/व्यवसायीहरूलाई दिएमा हामीले विरोध गर्नुपर्छ । कुनै पनि देशभक्त सरकारले नेपाली भूमि मिच्न दिँदैन; मिचिएको भूमि फिर्ता लिन कूटनीतिक प्रयास गर्छ; गर्नुपर्छ । बिनास्वीकृति नेपाल-भारत आवतजावत गर्ने अनुमति दिँदैन । नेपाल-भारत सीमा व्यवस्थापन गरिएको हुन्छ । अब बन्ने सरकारले के यी कदम अघि बढाउला ?

निर्वाचनताका कति राजनीतिक दलहरू खुलेरै या सार्वजनिक गरेरै दलबिच गठबन्धन भएका हुन्छन् । कति दलहरू भित्रभित्र मिलेर मत दिने गर्छन् । कुनै विशेष दलका उम्मेदवारलाई हराउनुपऱ्यो भने यस्तै पाइला चाल्छन् । यो निर्वाचनमा पनि कुनै विशेष दलका उम्मेदवार हराउन भित्र भित्र मिल्ने या एक आपसको सहमतिमा मतदान गर्ने गरेको टोल-टोल, बस्ती बस्ती र पसल-पसलमा व्यापक चर्चा छ । जनताको स्वर या समस्या प्रतिनिधिसभामा राख्ने दलका उम्मेदवार हराउन गरिने साँठगाँठले वास्तवमा नेपाल र नेपालीको निम्ति नोक्सान हुन्छ । विगतमा नेमकिपाका सांसदले एमसीसीको विरोध गरे; नागरिकता विधेयकको विरोध गरे । भुटानी शरणार्थी प्रकरण, ललितानिवास प्रकरणलगायत अन्य प्रकरणहरूको विरोध गरे; खबरदारी गरेर सरकारको ध्यानकर्षण गरे । संसद्मा अरू दल भए पनि नेमकिपाले प्रखर प्रतिपक्षको भूमिका निर्वाह गऱ्यो । नेमकिपाको यो भूमिका संसद्मा कसले निर्वाह गर्ला ? प्रश्न सोचनीय छ ।

फागुन २१ गतेको निर्वाचन नतिजाले प्रतिनिधिसभामा धेरै दल सहभागी नहुने सङ्केत देखिएको छ । देशकै पहिलो दल या सबभन्दा ठुलो दल बनाउने सपना देखेका दलका उम्मेदवारहरू पनि थोरै मात्र जिते । अब धेरै सांसद सङ्ख्या गुमाएका हरेक राजनीतिक दलले समीक्षा गर्नु आवश्यक छ । कुन दलको के कस्तो कमजोरीले आफ्नो सीट सङ्ख्या घट्यो ? सोको समीक्षा आवश्यक छ । समीक्षामा आफ्ना कमी कमजोरीहरू एक एक केलाउनुपर्छ । विगतको कमी कमजोरीबाट शिक्षा लिएर अघि बढ्नुपर्छ । सरकारले गर्ने हरेक गलत कार्य र निर्णयको एक एक विरोध गर्नुपर्छ ।

नेमकिपाले कहिले पनि विरोधको निम्ति विरोध गरेको छैन; सिद्धान्त र विचार बन्धकमा राखेर भागबन्डा गरेको छैन; पद र पैसाको निम्ति राजनीति गरेको छैन । नेमकिपाले स्थापनाकालदेखि नै देश र जनताको पक्षमा इमानपूर्वक राजनीति गरिरहेको हो । नेमकिपाले सडक र सदनमा उठाएका देश विदेशका हरेक सवालहरूमा नेपाल र नेपाली जनताकै स्वर हुन्छ । नेमकिपाले देश र जनताको स्वार्थबाहेक दलगत र व्यक्तिगत स्वार्थमा लागेको छैन । अत: अब बन्ने सरकार पनि नेपाल र नेपाली जनताको स्वार्थमा अर्पित हुनुपर्छ; अर्पित भएर सरकारी नीति तथा कार्यक्रम र बजेट ल्याउनुपर्छ ।

# इरानले कहिल्यै हमलाकारीसामु आत्मसमर्पण गर्दैन : राष्ट्रपति पेजेस्कियान



तेहरान (एएफपी) । मध्यपूर्वमा जारी युद्ध दोस्रो हप्तामा प्रवेश गरिरहेका बेला इरानले इजरायल र संयुक्त राज्य अमेरिकासामु कहिल्यै आत्मसमर्पण नगर्ने स्पष्ट अडान दोहोऱ्याएको छ । इरानका राष्ट्रपति मसुद पेजेस्कियानले राष्ट्रलाई सम्बोधन गर्दै आफ्नो देशले बाह्य दबाबका बिच पनि सङ्घर्ष जारी राख्ने बताउनुभयो ।

सरकारी टेलिभिजनबाट प्रसारण गरिएको भाषणमा राष्ट्रपति पेजेस्कियानले इरानमाथि आक्रमण गर्ने पक्षहरूले इरानी जनतालाई झुकाउन सकिन्छ भन्ने सोच राख्नु गलत हुने टिप्पणी गर्नुभयो । उहाँका अनुसार इरानका शत्रुहरूले 'इरानी जनताले आफ्नो चिहानमै गएर मात्र बिनाशर्त आत्मसमर्पण गर्ने इच्छा राख्नुपर्छ' भन्ने कुरा बुझ्नुपर्नेछ ।

फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले इरानविरुद्ध सैन्य आक्रमण सुरू गरेपछि क्षेत्रीय तनाव तीव्र बनेको थियो । सो आक्रमणमा इस्लामिक गणतन्त्रका सर्वोच्च नेता आयतुल्ला अली खामेनी मारिएको बताइएको छ, जसपछि मध्यपूर्वमा व्यापक द्वन्द्व सुरु भएको हो ।

त्यसपछि इरानले प्रतिक्रियास्वरूप क्षेत्रीय देशहरूमा रहेका इजरायली तथा अमेरिकी हितका लक्ष्यहरूमा मिसाइल र ड्रोन आक्रमण गरेको छ । ती आक्रमणहरू विशेषगरी खाडी क्षेत्रका देशहरूमा केन्द्रित रहेको बताइएको छ ।

खामेनीको हत्यापछि इरानमा अन्तरिम नेतृत्व परिषद् गठन गरिएको छ, जसमा राष्ट्रपति पेजेस्कियानले पनि सदस्यका रूपमा जिम्मेवारी सम्हालिरहनुभएको छ । उक्त परिषद् तीन सदस्यीय रहेको बताइएको छ ।

यसैबिच राष्ट्रपति पेजेस्कियानले इरानका कारबाहीबाट प्रभावित छिमेकी देशहरूसँग क्षमायाचना पनि गर्नुभएको छ । भाषणका क्रममा उहाँले आफ्ना तर्फबाट तथा इरानको तर्फबाट ती देशहरूसँग माफी मागेको बताउनुभयो ।

उहाँले इरानले छिमेकी देशहरूलाई लक्षित गर्ने नीति नअपनाउने स्पष्ट पार्नुभयो । अन्तरिम नेतृत्व परिषद्ले यसबारे सहमति गरिसकेको भन्दै उहाँले अब छिमेकी राष्ट्रहरूबाट इरानमाथि आक्रमण नभएसम्म त्यस्ता देशहरूतर्फ कुनै मिसाइल प्रहार नगर्ने निर्णय भएको जानकारी दिनुभयो ।

# व्यक्तिगत आतङ्क के हो ?

रुसको समाजवादी क्रान्तिभन्दा पहिले रुसका सम्राट जारको अत्याचारको विरोधमा रुसी युवाहरू र नरोदवादी अर्थात् 'जनताको हितमा काम गर्ने' भूमिगत सङ्गठनको सिद्धान्त थियो - 'समाजवादको वा देशको विकासको काम २-४ जना वीरले गर्छन्' र 'दुईचार जना दुष्टहरूले गर्दा समाज र देशको विकास अवरुद्ध हुने हो । यसकारण, त्यस्ता २-४ जनाको हत्या गरेमा देश र समाजको उन्नति हुन्छ भन्ने खोटो समझदारी उनीहरूले राखे । त्यस दृष्टिकोणमा लेनिनका दाजु अलेक्ज्यान्डर पनि विश्वास गर्थे र उनले जारको हत्या प्रयास गरेकोमा उनलाई ज्यान सजाय भयो । त्यस्तै अन्य नरोदवादीहरूलाई पनि ज्यान सजाय दिइएको थियो । पछि त्यो नरोदवादी सिद्धान्त खोटो हो भन्ने रुसी जनताले थाहा पाए । देश र जनताको उठान र पतनमा २-४ जना व्यक्तिमात्रै जिम्मेवार होइनन् बरु व्यवस्था नै फेर्नुपर्ने लेनिनको सिद्धान्त अगाडि आयो ।

समाजका केही व्यक्तिलाई मारेपछि समाजमा आमूल परिवर्तन हुन्छ भन्ने खोटो विचारको प्रभावमा भारतमा सन् १९६५ देखि १९९० सम्म धेरै जमिनदारहरू र दुष्ट मानिसहरू मारिए, त्यही विश्वासमा लागेका भारतीय कम्युनिस्ट शिविरको एक सङ्गठन नक्सलवादी समूहका पनि धेरै कार्यकर्ता एवं युवा-विद्यार्थीहरू पनि सरकारको तर्फबाट गोली हानाहान र ज्यान सजायमा मारिए ।

भारतमा इन्दिरा गान्धिको शासनको समाप्तिसँगै जनता पार्टीको गठबन्धन सरकार आएपछि सरकारको नीतिमा परिवर्तन आयो । कानुनी उपचार र मिलापत्र र आँखा चिम्लेर शङ्काकै भरमा गोली हानी हत्या गर्ने सरकारको असहिष्णुतामा परिवर्तन आएपछि बिस्तारै भारतीय राजनैतिक दबुलीमा 'व्यक्तिहत्या' को आतङ्कवादमा ह्रास आयो ।

तर आज अन्तर्राष्ट्रिय दबुलीमा भने राज्यस्तरबाटै व्यक्तिहत्याको आतङ्कवाद बढ्दै गएको देखिन्छ ! अमेरिकाको 'ट्वीन टावर' को विध्वंशपछि संरा अमेरिकी सरकारले 'ओसामा बिन लाडेन' लाई पनि 'व्यक्तिहत्या' को शैलीमा हत्या गऱ्यो । त्यस्तै लिबियाको राष्ट्रपति कर्नेल मोहमर गद्दाफीलाई पनि हुल हुज्जत गरी 'व्यक्तिगत आतङ्कवादी' शैलीले हत्या गऱ्यो ।

त्यस्तै हालै इजरायल र संरा अमेरिकी प्रशासन मिलेर इरानी सर्वोच्च आयतोल्लाह अलि खामेनीको हत्या भयो । बेन्जामिन नेतन्याहुको इजरायली सरकारहरूले अनेकौं प्यालेस्टिनी नेता, लेखक, कवि, कलाकार र पत्रकारहरू कानुनी ढङ्गले मुद्दा नचलाई व्यक्तिगत आतङ्कवादी शैलीले हत्या गऱ्यो । हजारौँ बालबालिका, महिला र निर्दोष जनतालाई मारेकोमा संसारमा बदनाम इजरायली सरकारकै 'व्यक्तिहत्या' को आतङ्कवादी शैली' लाई आज संसारका एक महाशक्ति र संयुक्त राष्ट्र सङ्घका एक जिम्मेवार नेता संरा अमेरिकाले सार्वभौम राज्यहरूको राष्ट्रपति र सर्वोच्च नेताहरूलाई हत्या गर्ने अभियान पनि 'व्यक्तिगत आतङ्कवाद' हो ।

कुनै समूहले गरेको २-४ जना व्यक्तिको हत्यालाई 'आतङ्कवाद' भनियो भने संसारको एक शक्तिशाली देशको सरकारले विभिन्न महादेशहरूका नेता र राष्ट्रपतिहरूको हत्या र अपहरण पनि 'व्यक्तिहत्या' र 'आतङ्कवाद' हो । सानो समूहको 'आतङ्कवाद' बर्जित छ भने संसारमा संयुक्त राष्ट्र सङ्घका जिम्मेवार राष्ट्रले 'व्यक्तिहत्या' लाई कानुनी मान्यता दिने हो भने अपराधीहरूको 'हत्या' र 'आतङ्कवादी हत्या' लाई कसरी सही साबित गर्न सक्छन् ?

यस अर्थमा अमेरिकी ट्रम्प प्रशासनका यस्ता सबै गतिविधि 'आतङ्कवाद' र 'सशस्त्र डकैती' साबित हुन्छ । विश्वका व्यापक जनतामाझ जस्तै आज नेपालमा यही चर्चा छ ।

**श्रीलङ्कानजिक...**

सकिँदैन । तथापि, पनडुब्बीले आफ्नो सुरक्षाका सतहमा आउन नसक्ने भए पनि यसले नजिक रहेका अन्य जहाज वा अधिकारीलाई आक्रमण गरिएका जहाजको स्थानबारे खबर गरेर उद्धारलाई सहज बनाउन सक्छ । यो अभ्यास पनडुब्बी युद्धमा केही प्रमुख कानुनी टिप्पणीमा उल्लेख गरिएको छ ।

'आइआरआइएस डेना' माथि आक्रमणपछि बचेका नाविकको उद्धारका लागि श्रीलङ्काली नौसेना पुगेको थियो । तिनले ३२ जना नाविकलाई उद्धार गरेका थिए । श्रीलङ्काली नौसेनाको द्रुत प्रतिक्रियाका लागि पनडुब्बीले घटनाबारे तुरुन्तै जानकारी गराइएको सङ्केत देखिन्छ । (३२ जनालाई बचाउनुका अतिरिक्त श्रीलङ्काली अधिकारीले ८७ शव पनि भेटेका थिए ।) तथापि, श्रीलङ्काली नौसेनालाई कसरी जानकारी गराइएको थियो भन्नेबारे अझै स्पष्ट गरिएको छैन । तथापि, अमेरिकी नौसेनाले बाँचेकाको स्थान प्रसारण गरेको प्रारम्भिक समाचार आएका छन् । आइआरआइएस डेनाले भोगेको क्षतिको स्तर र अक्रमणमा भएको हताहतीको सङ्ख्यालाई ध्यान दिँदा जहाजको चालक दल आफैँले आफ्नो स्थान प्रसारण गर्न सक्षम रहेको सम्भावना थिएन ।

माथिका सबै तथ्य केलाउँदा इरानसँगको द्वन्द्वमा संयुक्त राज्य अमेरिकाको प्रवेशको कानुनी औचित्यमाथि बहस जारी रहँदा अमेरिकाले इरानविरुद्ध युद्ध घोषणा गरिसकेको अवस्थामा समुद्रमाथि शत्रुपक्षका वाहनमाथि आक्रमणबारे नौसेना युद्धको कानुन लागू हुन्छ । र, यस कानुनले इरानी जहाज अमेरिकाको वैध सैन्य लक्ष्य ठहर गर्छ । साथै, आक्रमणपछि पनडुब्बीले जहाजमा बाँचेकाहरूको उद्धारलाई सहज बनाउने प्रयास गरेको पनि देखिन्छ ।

*(पार्कर युनिभर्सिटी अफ वेस्टर्न अस्ट्रेलियाका रक्षा तथा सुरक्षा संस्थानका सहायक प्राध्यापक हुन् ।)*

***- द कन्भर्सेसनबाट***

**इरान...**

विश्वव्यापी रूपमा व्यापक चिन्ता यो छ कि इजरायल-इरान द्वन्द्वले विश्व अर्थतन्त्रको खण्डीकरणलाई तीव्र बनाउँछ । व्यापार जोखिमपूर्ण र ऊर्जा महँगो हुँदै जाँदा, देशहरू फर्केर संरक्षणवादी बन्न सक्छन् - घरेलु उत्पादकहरूलाई अनुदान दिने र नयाँ व्यापार अवरोध खडा गर्ने । यसको सञ्चयी प्रभाव सुस्त वृद्धि, उच्च मुद्रास्फीति र विश्वव्यापी बजारहरूमा कम विश्वास हुनेछ । अझ चिन्ताजनक कुरा के हो भने यो आवश्यक रूपमा अस्थायी घटना नहुन सक्छ, तर यसले कम कुशल, बढी अस्थिर विश्वव्यापी अर्थतन्त्रतर्फ संरचनात्मक बहावको सङ्केत गर्न सक्छ ।

त्यसो भए के गर्न सकिन्छ ? कूटनीतिक रूपमा तनाव कम गर्नु प्रमुख प्राथमिकता हुनुपर्छ - केवल शान्तिका लागि मात्र होइन, आर्थिक स्थिरताका लागि पनि । आर्थिक रूपमा, भारतजस्ता देशहरूले ऊर्जा स्रोतहरू विविधीकरण गर्न, रणनीतिक भण्डारहरू विस्तार गर्न र लचिलो रसद र बन्दरगाह पूर्वाधारमा लगानी गर्न जारी राख्नुपर्छ । मध्यम अवधिमा, ऊर्जा सङ्क्रमणमार्फत तेलको तीव्रता घटाउनु केवल जलवायु अनिवार्य मात्र होइन, यो भूराजनीतिक आवश्यकता बन्दै गइरहेको छ ।

इजरायल-इरान द्वन्द्वले आजका द्वन्द्व स्थानीय रूपमा मात्र रहँदैनन् भन्ने कुराको सम्झना गराउँछ, तिनीहरू तेलको मूल्य, ढुवानी लेन र मुद्रास्फीति सूचकाङ्कमार्फत यात्रा गर्छन् । यसको मानवीय र क्षेत्रीय क्षतिभन्दा बाहिर, यो द्वन्द्वले उच्च तेलको मूल्य, अवरुद्ध व्यापार प्रवाह, उच्च मुद्रास्फीति र सुस्त वृद्धिमार्फत स्थायी आर्थिक बोझ थोपर्ने जोखिम राख्छ । भूराजनीति र अर्थतन्त्रलाई छुट्टाछुट्टै क्षेत्रको रूपमा व्यवहार गर्नु महँगो गल्ती हुनेछ ।

*(लेखक चिन्तन अनुसन्धान प्रतिष्ठानका अध्यक्ष र विश्वव्यापार सङ्गठनका पूर्वनिर्देशक हुन् ।)*

*एनडिटिभीबाट*

**क्लारा...**

मताधिकारसम्बन्धी आन्दोलनलाई सशक्त ढङ्गले अगाडि बढाउन थाल्यो । त्यसको प्रभाव अन्य देशमा पनि पर्न थाल्यो । ब्रिटिस संसद्मा महिला मताधिकारका बारेमा कुरा उठेको २५ वर्षपछि १८९३ मा महिलाले मताधिकार पाउने विश्वकै पहिलो देशको रूपमा न्युजिल्यान्डका महिलाले मताधिकार प्राप्त गरे । त्यस घटनाले विश्वभरका महिलामा आशाको किरण फैलन थाल्यो ।

१८९२ बाट क्लारा जेटकिनको सम्पादनमा जर्मनीको श्रमिक महिला आन्दोलनको मुखपत्र 'समानता' पाक्षिकको माध्यमबाट अन्तर्राष्ट्रिय क्षेत्रमा नै महिलाबिच सचेतना अभियानका लागि प्रेरित गर्न थाल्यो । १८९७ मार्च ८ का दिन उचित पारिश्रमिक र निश्चित कार्यघन्टाको माग गर्दै न्युयोर्कमा श्रमिक महिला प्रदर्शनमा उत्रिए ।

यो क्रम अगाडि बढ्दै जाँदा क्लारा जेटकिनको नेतृत्वमा १९०७ मार्च ८ मा जर्मनीको स्टुटगार्डमा समाजवादी महिलाको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन गरी 'श्रमिक महिला सङ्घ' को स्थापना भयो । १९०८ मार्च ८ मा न्युयोर्कमा श्रमिक महिलाले मताधिकार पाउनुपर्छ भनी पुन: प्रदर्शन गरे । १९०९ मार्च ८ कै दिन सिकागो सहरका महिला समान अधिकारको मागसहित व्यापक हडताल गर्दै जुलुस प्रदर्शनमा उत्रिए । यसले श्रमिकबिचको शक्तिलाई थप सुदृढ बनायो ।

१९१० मा १७ देशका श्रमिक र राजनीतिक महिला प्रतिनिधिकासाथै फिनल्यान्डमा पहिलोपटक निर्वाचित भएका तीनजना महिला सांसदसहित झन्डै सयजना समाजवादी महिलाको बिचमा दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन आयोजना गरियो । यही सम्मेलनमा समानताका पक्षपातीबिच ऐक्यबद्धता दिवसको रूपमा मार्च ८ लाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउन क्लारा जेटकिनद्वारा राखिएको प्रस्ताव एकमतले पारित भयो ।

सन् १९११ बाट यस दिनलाई विश्वभर समानताको आन्दोलनको रूपमा मनाउन थालियो । १९१४ मा पहिलो विश्वयुद्ध सुरु भएको विभिन्न देशका देशभक्त, शान्तिप्रिय श्रमजीवी जनता त्यस युद्धको विरोधमा उत्रिए । युरोपमा श्रमिक महिलाले युद्ध पिपासुहरूको भण्डाफोर गर्दै विश्वशान्ति र राष्ट्रिय मुक्तिका लागि अन्तर्राष्ट्रिय लिग गठन गर्दै युद्ध नरोकिएसम्म अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस (मार्च ८) लाई युद्धविरोध र विश्वशान्तिको पक्षमा मनाए ।

१९१७ को अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा रुसका श्रमजीवी महिलाले भोकमरी, युद्ध र जारशाहीविरुद्ध आन्दोलन गरे । उक्त आन्दोलनमा कारखाना हडताल गरी सम्पूर्ण श्रमिकसमेतले साथ दिए । त्यसै वर्ष रुसमा समाजवादी क्रान्ति भयो र महिलाले राजनीतिक रूपमा समानता र स्वतन्त्रता प्राप्त गरे । १९३८ को ८ मार्चमा स्पेनको मेड्रिड सहरमा हजारौँ श्रमिक महिला सरकारको निरङ्कुशताविरुद्ध प्रदर्शनमा उत्रिए ।

मार्च ८ कै दिन चिनियाँ महिलाले जापानी आक्रमणकारीविरुद्ध लड्न र महिलाको जीवनमा सुधार ल्याउने उद्देश्यले 'सीमा क्षेत्रीय महिला सङ्घ' गठन गर्दै राष्ट्रिय सुरक्षाको विषयमा आफ्नो संवेदनशीलता प्रस्तुत गरे । यसरी मार्च ८ विश्वभरका श्रमिक महिलाले आफ्नो मुक्ति आन्दोलनको प्रतीकको रूपमा मनाउन थालेको ६५ वर्षपछि संयुक्त राष्ट्र सङ्घले १९७५ मा आइपुग्दा त्यस वर्षलाई अन्तर्राष्ट्रिय महिला वर्ष, १९७५-८५ लाई महिला दशक घोषणा गर्दै मार्च ८ लाई अन्तर्राष्ट्रिय दिवसको रूपमा मनाउने घोषणा गऱ्यो ।

***-'अन्तर्राष्ट्रवादी महिला नेतृहरू'बाट***

# आम निर्वाचन २०८२ का विभिन्न झलक





भक्तपुर



झापा











दैलेख



काभ्रे



मोरङ



पर्सा






सिन्धुपाल्चोक



कास्की

# मार्गनिर्देशनबारे भाइबहिनीलाई चिठी-१

✍ हरिबहादुर श्रेष्ठ



**भाइ राजु र बहिनी दीपा,**

तिमीहरूको पत्र पाएँ। प्रवेशिका परीक्षा (एसएलसी) मा प्रथम श्रेणीमा राम्रो अङ्क ल्याई उत्तीर्ण भएकोमा दुवैलाई बधाई छ। तिमीहरू सान्है मिहिनेती र उत्साही भएको हुँदा आगामी दिनहरूमा तिमीहरूको अध्ययन र परिणाम अहिलेभन्दा अफ्र राम्रो हुनेछ भन्ने आशा र विश्वास पनि गर्छु।

तिमीहरूले स्कुल र कलेजहरूमा हालै भइरहेका मार्गनिर्देशन कार्यक्रमहरूमा सहभागी भएको पत्रमा उल्लेख गऱ्यौ र मेरो सल्लाहको लागि पनि आग्रह गर्दै छौ। त्यसबारे अन्य धेरै शिक्षक, प्राध्यापक र विशेषज्ञहरूको सल्लाह सुनिहालेकै छौ; ती सबैबारे पनि मनन गर्नू! यस नयाँ शताब्दी र सहस्राब्दीको पुस्ता कस्तो हुनुपर्छ तथा यस युगको चुनौतीको निम्ति के-कस्ता विषयहरू पढ्नुपर्ला भन्ने विषयका साथै म आगामी चुनौती र सम्भावनाबारे सरसर्ती बताउन चाहन्छु। तर, मेरो सल्लाह नै अन्तिम भने होइन है र, तिमीहरूले आफ्ना लब्धाङ्कबाट पनि आफूले के-कस्ता विषय रोज्नुपर्ला भन्ने सङ्केत पाउने नै छौँ। यसबारे विदेशको एक सान्दर्भिक उदाहरण बताउन चाहन्छु।

एकजना चिनियाँ युवाले अङ्ग्रेजी, फ्रान्सेली र जर्मन वा कुनै अर्को गरी जम्मा तीनवटा भाषा पढ्दै थिए। पछि कुन भाषामा आफ्नो राम्रो दखल छ र कुन भाषामा विशेषज्ञता हासिल गर्नुपर्ला भन्नेबारे उनी अन्योलमा परे। एकजना मित्रको सल्लाहअनुसार तीनै भाषामा उनले छुट्टाछुट्टै परीक्षा दिए। परीक्षाको परिणामअनुसार सबभन्दा बढी अङ्क प्राप्त गरेकै विषयमा उनले माथिल्लो कक्षाको अध्ययन गरे।

त्यस्तै, तिमीहरूले कुनै एउटा विषय पढ्ने इच्छा राख्छौ भने पनि यदि तिम्रो प्राप्ताङ्कले तिमी त्यस विषयमा साह्रै कमजोर छौ भन्ने देखाएमा इच्छाले होइन आफ्नो योग्यता र क्षमताको आधारमा अध्ययनको विषय छान्नु बढी व्यावहारिक हुनेछ। अथवा, मनपर्ने विषय नै पढ्ने इच्छा छ भने अफ्र बढी मिहिनेत गर्नुपर्ने हुन्छ वा त्यस विषयमा पुनः परीक्षाको सम्भावनालाई ध्यान दिनु उचित र भरपर्दो हुन्छ।

कहिलेकाहीं हाम्रो समाजको जटिलतालाई थाहा नपाउने विद्यार्थी भाइबहिनीहरूले ८-९ कक्षादेखि नै आफू डाक्टर बन्छु, इन्जिनियर हुन्छु वा वैज्ञानिक बन्छु भन्ने मनमा इच्छा राख्दा रहेछन्। तर, तिनीहरूलाई यस्ता विषयमा छात्रवृत्ति पाउन साह्रै कडा प्रतिस्पर्धामा सामेल हुनुपर्छ भन्ने थाहा हुन्न। २०-३० वटा कोटाका लागि ४-५ हजार एक-से-एक राम्रा विद्यार्थी प्रतिस्पर्धामा उपस्थित हुन्छन् र समान प्राप्ताङ्क पनि सयौं जनाले प्राप्त गर्छन्। त्यसमध्ये शून्य दशमलब एक (०.१) समेत फरक नपार्ने धेरै छात्र-छात्रा हुन्छन्।

त्यसमा पनि शिक्षा मन्त्रालयका माथिल्ला कर्मचारीहरूको पक्षपात, नातावाद र कृपावाद तथा भ्रष्टाचारका कथाहरू सुन्दा केही मानिस सान्है आक्रोशित हुन्छन् भने कोही विरक्त, कोही निराश हुन्छन्। अति राम्रा विद्यार्थीहरूसमेत छात्रवृत्तिमा नपर्दा दुःख मनाउने गर्छन् भने आर्थिकरूपले सम्पन्न परिवारका छात्रछात्राहरू १२-१५ लाख तिरेर भए पनि देशभित्रै वा विदेशमा पढ्न जान्छन्। तर, यहाँ त जेहनदार भएर पनि आर्थिकरूपले साह्रै कमजोर विद्यार्थीहरूले मनपर्ने विषय पढ्न पाउँदैनन्। गरिब विद्यार्थीहरूका अभिभावकले १५-२० लाख त के, २५-३० हजार रुपियाँ पनि आफ्ना छोराछोरीका निम्ति खर्च गर्न सक्दैनन्।

छात्रवृत्तिमा पनि नछानिएका र आर्थिकरूपले कमजोर छात्र-छात्राहरूले डाक्टर, इन्जिनियर वा वैज्ञानिक नै बन्छु र त्यही विषय पढ्छु भन्ने इच्छा गर्दा पनि नपाइने हुँदा विद्यार्थी भाइबहिनीहरूले महत्त्वपूर्ण र देशको आवश्यकताअनुसारको विषय छानेर पढी देश र जनताको सेवा गर्ने विचार गर्नु अति उत्तम हुन्छ।

फेरि प्रश्न उठ्न सक्छ - परीक्षामा प्रथम श्रेणी वा विशिष्ट स्थान हासिल गरी उत्तीर्ण भएका विद्यार्थीले विज्ञान विषयबाहेक मानविकी पढ्न हुन्छ कि हुँदैन ?

साँचो अर्थमा उत्तीर्णाङ्क भनेकै ६० प्रतिशत वा प्रथम श्रेणी हुनुपर्ने हो। मैले थाहा पाएका केही देशहरूमा त्यस्तै बन्दोवस्त छ।

यसकारण, प्रथम श्रेणी वा विशिष्ट श्रेणीमा उत्तीर्ण विद्यार्थीले विज्ञान नै पढ्नुपर्छ वा मानविकी पढ्नुहुन्न भन्ने होइन। त्यही धारणालाई सत्य मानेको खण्डमा एउटा कुनै देशमा धेरै राम्रा-राम्रा वैज्ञानिक, डाक्टर र इन्जिनियरहरू छन् तर त्यहाँको राजनीतिक, सामाजिक वा आर्थिक व्यवस्था लथालिङ्ग छ र देशलाई उपयुक्त दिशा दिने नेता, समाजशास्त्री एवम् अर्थशास्त्रीहरू छैनन् भने त्यो देशको गति के होला ? के यस्तो हुन सक्ला र ? प्रश्न उठ्न सक्छ। पूर्व-सोभियत सङ्घ यसको उदाहरण हो।

सन् १९१७ को समाजवादी क्रान्तिभन्दा पहिले जारकालीन रुस युरोपको सबभन्दा पछि परेको देश थियो। गरिब र सामन्ती रुस पहिलो विश्वयुद्धले धुजाधुजा भएको थियो। त्यहाँको कम्युनिस्ट वा बोल्सेविक पार्टीले लेनिन र स्तालिनको नेतृत्वमा समाजवादी क्रान्तिमार्फत कृषिप्रधान र कमजोर देशलाई एक औद्योगिक, विज्ञान र प्रविधिले सुसंस्कृत तथा बलियो देश बनायो। दोस्रो विश्वयुद्ध (१९३९- १९४५) मा सोभियत सङ्घमा हिटलरको जर्मनीले आक्रमण गऱ्यो।

क्रान्तिकारी रुसी जनताले स्तालिनको नेतृत्वमा देशभक्तिपूर्ण युद्ध लडेर आक्रमणकारीहरूलाई पराजित गर्न २ करोड ६० लाख रुसी जनताले बलिदान दिएपछि सोभियत सङ्घ आर्थिक र भौतिकरूपले धुजाधुजा भयो। तर, मानव सभ्यता र संसारलाई नाजीवाद एवम् फासीवादी आक्रमणबाट जोगायो। युद्धपछिको एक दशकमै सोभियत सङ्घ आफ्नो खुट्टामा उभियो र संसारको सबभन्दा बढी वैज्ञानिक, डाक्टर, प्राविधिक एवम् बुद्धिजीवीहरू भएको देश बन्यो। अन्तरिक्ष र चिकित्सा विज्ञानका साथै अन्य क्षेत्रमा पनि अग्रणी देश बन्यो। त्यही देशले एसिया र अफ्रिकाका देशहरूलाई स्वतन्त्रता एवम् मुक्ति आन्दोलनमा सहयोग गऱ्यो।


बेलायत, फ्रान्स र संयुक्त राज्य अमेरिकाले क्रमशः ४००, ३०० र २०० वर्षमा गरेको प्रगति सोभियत सङ्घले ४० वर्षमा गऱ्यो। तर, सन् १९९० मा गलत राजनीतिक नेतृत्वको कारण सोभियत सङ्घको पतन भयो। त्यस्तो महाशक्ति देश १५-१६ टुक्रामा विभाजित भयो; पुँजीवादको पुनःस्थापना भयो। आज पूर्व-सोभियत सङ्घका देशहरू संरा अमेरिका र नाटो देशहरूको नयाँ उपनिवेशमा परिणत हुँदै छन्। पहिलेको सम्पूर्ण भौतिक उन्नति भताभुङ्ग भयो। लाखौं-लाख वैज्ञानिक, डाक्टर, लेनिन र स्तालिन प्राविधिक र बुद्धिजीवीहरू निराश छन्। आफूले हासिल गरेका सम्पूर्ण ज्ञान र विज्ञान एवम् प्रविधिका जानकारीहरू खेर गएको सम्भन्छन् र कति रोएर विदेश पलायन भएका छन्। रोग लाग्दा उपचार नपाएर तथा भोकले जनता मर्दा जनसङ्ख्या पनि घट्दै छ।

विज्ञान र प्रविधिको क्षेत्रमा मात्रै प्रगति भएर हुन्न ती उपलब्धिलाई जोगाउन र त्यसलाई अफ्र अगाडि बढाउन राम्रो राजनीतिक नेतृत्व, समाज वैज्ञानिक र अर्थशास्त्रीहरूको पनि आवश्यकता हुन्छ। त्यस्ता योग्य व्यक्तित्वहरू तयार गर्न प्रथम श्रेणी वा विशिष्ट श्रेणीमा उत्तीर्ण युवा पुस्ताको खाँचो छ। यसकारण, राम्रो श्रेणीमा उत्तीर्ण विद्यार्थीहरू विज्ञान विषयको अध्ययनमा लाग्ने अनि दोस्रो र तेस्रो श्रेणीमा उत्तीर्ण विद्यार्थीमात्र मानविकी अध्ययन गर्न जाने भन्ने धारणा पूर्णरूपले खोटपूर्ण छ।

यसकारण, भाइबहिनीहरूले जुनसुकै विषय पढ्ने भए पनि माध्यमिक कक्षाको जग असाध्यै राम्रो हुनुपर्छ। तर, बिरामी भएमा, घरमा छोड्नै नहुने काम भएर वा कुनै भवितव्यले गर्दा प्रवेशिका परीक्षामा कम अङ्क आई उत्तीर्ण भए पनि निराश हुन वा मन दुखाउन भने हुन्न, आफ्नो योग्यताले दिएको वा आफूले रोजेको विषयमा राम्रो अध्ययन गरेमा पछि प्रथम वा विशिष्ट श्रेणीमा उत्तीर्ण हुने नै छौँ। एउटा उखान छ - हारेको सिपाही भन् राम्रोसित लड्छ। कमजोर विद्यार्थी मिहिनेतका साथ अगाडि बढ्छ, हतोत्साहित हुनुपर्ने कुनै कारण छैन।

विज्ञान र प्रविधिको अध्ययन तथा त्यसका सङ्काय, क्षेत्र र रोजगारका सम्भावनाहरूबारे क्याम्पसका मार्गनिर्देशन कार्यक्रमहरूमा विशेषज्ञहरूबाट थाहा पाइहालेका छौँ। नेपालको मानविकी सङ्कायको अहिलेको स्थिति र आजको महत्त्वको बारेमा केही बताउन चाहन्छु। त्यसबाट तिमीहरूको जिज्ञासा शान्त पार्न केही सहयोग पुग्ने आशा गर्दछु।

हाम्रो देशमा अहिले भौतिकशास्त्रमा एमएस्सी उत्तीर्ण गरेका १० जनामध्ये ८ जना विदेश पुग्छन्। हो, कम्प्युटरदेखि ठूल्ठूला आधुनिक हात-हतियार बनाउनसमेत भौतिकशास्त्रका वैज्ञानिक र गणितज्ञहरूको आवश्यकता छ। त्यस्तै, रसायनशास्त्रका ज्ञाता र वैज्ञानिकहरू प्रयोगशाला र कारखानाहरूमा मात्रै होइन, निर्माण सामग्रीदेखि खाद्यपदार्थ र औषधी बनाउने, गुणस्तर जाँच्ने जस्ता क्षेत्रमा समेत नभई नहुने श्रमशक्ति हुन्। भोलि हरेक जिल्ला, सहर र बस्तीमा वस्तुको उपयोग र उपभोग गर्नुभन्दा पहिले गुणस्तर जाँच्ने कार्यालयहरूले परीक्षण गर्नेछन्। त्यसको निम्ति हजारौं-हजार रसायनशास्त्री र त्यसका प्राविधिकहरूको खाँचो छ। देशमा उपभोक्ता संरक्षण ऐन बनिसकेको छ र उपभोक्ताहरूसमेत सचेत हुँदै छन्।



सोक्रेटिस, प्लेटो र एरिस्टोल

प्रजातन्त्र पुनःस्थापनायता सत्तामा जाने राजनीतिक पार्टीहरू, तिनका नेता र मन्त्री तथा कार्यकर्ताहरूको व्यवहार, गतिविधि एवम् काम-कारबाहीले 'जुन जोगी आएपनि कानै चिरेका' भन्ने उखानलाई चरितार्थ गर्ने काम भएको हुँदा जनतामा 'राजनीति' शब्दको उच्चारण गर्नासाथै एक प्रकारको वितृष्णा र खिन्नता देखिएको सबैले अनुभव गर्दै छन्। तर, यहाँ हामी मानविकी सङ्कायअन्तर्गत पर्ने राजनीतिशास्त्र, अर्थशास्त्र, भूगोल, इतिहास, शिक्षाशास्त्र, पत्रकारिता, कानुन आदि विषयको महत्त्वबारे छलफल गर्दै छौं।

**राजनीतिशास्त्र**

भाइबहिनीहरूलाई थाहै छ - सबै नीतिको राजा राजनीति हो। राजनीतिशास्त्रीहरूको कमी वा तिनीहरूको उदासीनताले गर्दा देशमा कुन राजनीतिक व्यवस्था सुहाउँछ, किन सुहाउँछ भन्नेबारे रचनात्मक छलफल हुनुभन्दा पनि पञ्चायतकालमा निर्दलीय पञ्चायती व्यवस्था अति उत्तम र २०४६ सालपछि बहुदलीय वा संसदीय व्यवस्था नै सबभन्दा उत्तम व्यवस्थाको रूपमा प्रचार गरियो। १२-१३ वर्षको अनुभवले संसदीय वा बहुदलीय प्रजातन्त्र सर्वोत्कृष्ट व्यवस्था हो, बरु यसका सञ्चालकहरू नै यसका असफलताका दोषी हुन् भन्ने टुङ्गोमा जनतालाई मोडियो। आलोचनात्मकरूपले भन्नुपर्दा 'राजाको लुगा राम्रो छ' भनेजस्तै 'व्यवस्था ठीक छ तर यसका सञ्चालकहरू मात्र योग्य र इमानदार छैनन्' भन्ने सन्देश दिइयो। प्रधानमन्त्री, मन्त्री, नेता तथा कार्यकर्ताहरू पक्राउ पर्दै छन् र तिनीहरूमाथि भ्रष्टाचारको मुद्दा लगाइँदै छ। व्यवस्था सर्वोत्तम हुन्थ्यो भने यस्ता कमी-कमजोरी हुनु नपर्ने र सञ्चालकहरूले बिगार्न खोजे पनि हत्तपत्त ५-१० वर्षभित्र बिग्रनु नपर्ने थियो। उत्पादनका साधनहरू सबै सामाजिकीकरण हुने समाजवादी व्यवस्था भइदिएको भए के यसरी भ्रष्टाचार गर्न पाउँथे र ? केही महिना र वर्षभित्रै भ्रष्टाचारीहरू पक्राउ परिहाल्थे। अयोग्य र भ्रष्टाचारी भन्दाभन्दै सर्वोत्तम व्यवस्थामा यति सजिलैसित घरिघरि एउटै पार्टी कसरी सरकारमा पुग्यो र एउटै व्यक्ति कसरी प्रधानमन्त्री र मन्त्री भए ? यस्तो व्यवस्था कसरी सर्वोत्तम व्यवस्था भयो भन्ने प्रश्न उठ्नु पनि स्वाभाविक छ।


यस्ता महत्त्वपूर्ण विषयबारे व्यापक जनता र बुद्धिजीवी वा नागरिक समाजमा जानकारी नभएकै कारण देशले आज यस्तो हिंसा, हत्या, अपहरण, अशान्ति, अन्योल, भोकमरी, लुटपाट, महँगी, कालाबजारी, तस्करी, निजीकरणको नाउँमा कमिसनखोरी, बैङ्क ठगी, कर छली, खाद्यवस्तुमा मिसावट, नाप-तौलको अनियमितता र सुशासनको अभाव जनताले अनुभव गर्नुपरेको हो। राजनीतिक दर्शन एवम् आदर्श राज्य व्यवस्थाको बारेमा व्यापक जनतालाई शिक्षित पार्न सकिएको भए शासकहरूले नागरिक र मतदाताहरूलाई पैसा तथा पदको लोभमा फसाएर बाटो बिराउन लगाउन सक्ने थिएनन्।

पढेलेखेका व्यक्तिहरूले मात्र देश विकास गर्न सक्छन् भन्ने भ्रम दिएर एमए र पीएचडी गर्ने केही बुद्धिजीवीहरू जिल्ला-जिल्लामा सक्रिय भई राजनीतिमा लागे तथा विभिन्न तहका निर्वाचनमा विजयी पनि भए। परिणामले देखायो, वास्तवमा तिनीहरू देश र जनताको हितमा होइन, व्यापार र उद्योगमा भन्दा राजनीतिमा लागेर छिट्टै बढी पैसा कमाउन सकिन्छ भन्ने उद्देश्यले राजनीतिमा लागेका रहेछन्।

तिनीहरूमध्ये केही देशी र विदेशी गैरसरकारी संस्थाहरू (एनजीओ र आइएनजीओ) मा लागेर २-४ वटा कार्यपत्रहरू लेख्दै पैसा कमाउने मेसोमा लागे। तर, तिनीहरूलाई आफू एक-एक पाइला गर्दै नेपाल खाने विदेशी पुँजीको दलाल बनिरहेको थाहा छैन। साम्राज्यवादी देशहरू बन्दुक र डलरले हस्तक्षेप गर्नुभन्दा पहिले यहाँको सबै स्थिति र तथ्याङ्क थाहा पाउने गर्छन् र बुद्धिजीवीहरूलाई किन्ने गर्छन्। तिनीहरू नै पछि विदेशी एकाधिकार पुँजीका दास हुन्छन्।

देश र जनताको सुख-शान्ति, समृद्धि र उन्नत समाजको निम्ति एक आदर्श राज्य व्यवस्था अत्यन्त आवश्यक छ। कुन व्यवस्था कस्तो छ, कुन-कुन व्यवस्थामा के-कस्ता कमजोरी र राम्रा पक्ष छन्, कुन राजनीतिक सिद्धान्त वा वादका गुण-दोष के-के छन् भन्ने राम्रो जानकारी भएको भए देशले आज जस्तो दुर्गति भोग्नुपर्ने थिएन।

देशलाई उभो लगाउन एउटा राम्रो दिशानिर्देश गर्न सक्ने राजनीतिज्ञ, दार्शनिक वा चिन्तक, राजनेता, लेखक र कार्यकर्ताहरूको खाँचो छ। यसको निम्ति राजनीतिशास्त्रका धेरै विद्यार्थी, ज्ञाता र विद्वान्हरू आवश्यक छन्। तर, राजनीतिशास्त्र पढ्नेहरूको कमी देशका विश्वविद्यालय र महाविद्यालयहरूले अनुभव गर्दै छन्। यो खाँचोलाई भाइबहिनीहरूले पूरा गरेको खण्डमा केही वर्षपछि देशमा राजनीतिक चिन्तकहरू देखापर्नेछन्। अनि, देशले एक सङ्लो राजनीतिक आन्दोलनको बाटो पहिल्याउनेछ।



बुद्ध, चाणक्य र मेकियावेली

तिमीहरूले त्यस्ता केही राजनीतिक दार्शनिक र चिन्तकहरूको नामबारे जिज्ञासा राख्नेछौं। प्लेटो, एरिस्टोटल, सोक्रेटिज, हब्स, लक, रुसो, मन्टेस्क्यू, काल्पनिक समाजवादी र वैज्ञानिक समाजवादका प्रवर्तकहरू मार्क्स, एङ्गेल्स, लेनिन र स्तालिनको नाम दिनु उपयुक्त होला। त्यस्तै, राजतन्त्र र गणतन्त्रका विविध रूप एवम् पुँजीवादी, समाजवादी र साम्यवादी समाजका रूपहरू तथा विभिन्न देश र राज्यको बन्दोवस्त गर्ने मूल ऐन वा संविधानहरूबारे पनि राजनीतिशास्त्रले नै बताउनेछ। नयाँ पुस्ताले ती सबै विषयको गम्भीर अध्ययन गरेपछि हामी बुद्ध, चाणक्य र मेकियावेली बुद्ध, चाणक्य, मेकियावली, माओ त्से-तुङ, हो चि-मिन्ह, किम इल सङ र क्यास्ट्रोसम्मका विचार तथा अनुभवबाट पनि शिक्षित हुनेछौं।

विश्वविद्यालय र प्राध्यापन, राजनीतिक सल्लाह, राजनीतिक दूत र दूतावासहरू, संविधान र ऐन-कानुनको निर्माण, अनुसन्धान र जानकारी, पत्रकारिता, प्रकाशनहरू, परराष्ट्र मन्त्रालय र प्रशासनमा समेत राजनीतिशास्त्रका जानकारहरूको खाँचो छ। यसकारण, राजनीतिशास्त्रका विभिन्न हाँगाबिँगामा धेरै युवायुवतीले अध्ययन गर्नुपर्नेछ।

# “महिलाहरूलाई शिक्षा र रोजगारमा प्राथमिकता दिनुपर्छ”

**संविधानले प्रदान गरेको त्यो हक प्रयोग गर्न पनि महिलाहरूले अनेकौँ समस्या भोग्नुपरेको छ। राजनीतिमा महिलालाई देशको मुख्य पदमा ५० प्रतिशत, प्रदेश र सङ्घीय संसद्मा ३३ प्रतिशत र स्थानीय तह वडामा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ। नगर प्रमुख वा उपप्रमुख, सभामुख वा उपसभामुख १ जना महिला राख्ने पनि बाध्यात्मक संवैधानिक व्यवस्था छ। तर, राजनैतिक दलहरू गठबन्धन गरेर निर्वाचन लडेर त्यो दुवै पद प्रमुख र उपप्रमुख पुरुष नै भएका धेरै वटा पालिकाहरू छन्। यो एक प्रकारको राजनीतिक दलहरूबाट महिलाहरूको हक खोस्ने जालसाजी वा बेइमानी हो।**

युवाहरूमा राजनीतिक शिक्षा आवश्यक छ। कसले के काम गर्‍यो ? त्यसको अध्ययन गरी मतदान गरेमा राम्रो परिणाम आउँछ। हामी अहिले ख्वप सर्कलमा बसिरहेका छौँ। यो कलेजका संस्थापक अध्यक्ष प्रेम सुवाल प्रतिनिधिसभा सदस्यमा उम्मेदवार हुनुभयो। धेरैले भक्तपुर नगरपालिकाको कामको प्रशंसा गर्नुहुन्छ। सङ्घ, प्रदेश र स्थानीय तहका महत्त्वपूर्ण व्यक्तिहरू पनि भक्तपुर भ्रमणमा आउने गरेका छन्। प्राय: सबैले भक्तपुर नगरपालिकाले जस्तै आफूहरूले पनि कलेज, अस्पताल सञ्चालन गर्ने कुरा गर्नुहुन्छ। आज भक्तपुरलाई एक उदाहरणको रूपमा लिनु हुन्छ। यो सबै नेपाल मजदुर किसान पार्टीको देन हो। यस्तो पार्टीका उम्मेदवार निर्वाचनमा पराजित हुनुभएकोमा धेरैले आश्चर्य मानेका छन्। कतै हामीले विद्यार्थीहरूलाई पनि हाम्रो योगदानको बारेमा बुझाउन सकेनौँ कि ? समीक्षा गर्नु आवश्यक छ।



सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

दिनको आठ घण्टाको काम र समान ज्यालाको माग राख्दै आजभन्दा ११६ वर्षअघि भएको आन्दोलनको स्मरणमा विश्वभर अन्तर्राष्ट्रिय महिला दिवस मनाइँदै छ। हामी कलेजहरूको तर्फबाट यो कार्यक्रम गर्दै छौँ। आजकै दिन कति गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले पाँचतारे होटलहरूमा महिला दिवस मनाउँदै होलान्। त्यो समाचार आएपछि सबैले थाहा पाउने छन्। तर, एउटा कुरा के सत्य हो भने अन्य ठाउँमा कार्यक्रमहरू गर्दा न वास्तविक श्रमिक महिलाहरूको त्यहाँ सहभागिता हुन्छ न कार्यक्रमबारे ती श्रमिक महिलाहरूलाई थाहा नै हुन्छ। उनीहरूका लागि महिला श्रमिक दिवस हर्ष न विस्मात्को विषय बन्ने छ।

नेपालमा निरङ्कुश राजतन्त्र र संवैधानिक राजतन्त्रको अन्त्य भई सङ्घीय गणतन्त्र स्थापना भएको १७/१८ वर्ष भयो तर महिलाहरूले अझै समान हकको लागि लड्नुपर्ने अवस्था छ। किन यस्तो हुन्छ ? के सबैले समान अधिकार पाउनुपर्ने होइन ?

नेपालको संविधानको धारा ३८ उपधारा (१) मा महिलाको हक शीर्षकमा लेखिएको छ – प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समाजमा वंशीय हक हुनेछ। यो अधिकार समाजमा कतिको लागू भइरहेको छ ? त्यस्तै उपधारा (४) मा राज्यको सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवस्था गरिएको छ। उपधारा (५) मा महिलालाई शिक्षा, स्वास्थ्य र रोजगारीमा सकारात्मक विभेदको हक हुने व्यवस्था गरिएको छ।

संविधानले प्रदान गरेको त्यो हक प्रयोग गर्न पनि महिलाहरूले अनेकौँ समस्या भोग्नुपरेको छ। राजनीतिमा महिलालाई देशको मुख्य पदमा ५० प्रतिशत, प्रदेश र सङ्घीय संसद्मा ३३ प्रतिशत र स्थानीय तह वडामा ४० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिएको छ। नगर प्रमुख वा उपप्रमुख, सभामुख वा उपसभामुख १ जना महिला राख्ने पनि बाध्यात्मक संवैधानिक व्यवस्था छ। तर, राजनैतिक दलहरू गठबन्धन गरेर निर्वाचन लडेर त्यो दुवै पद प्रमुख र उपप्रमुख पुरुष नै भएका धेरै वटा पालिकाहरू छन्। यो एक प्रकारको राजनीतिक दलहरूबाट महिलाहरूको हक खोस्ने जालसाजी वा बेइमानी हो।

पुरुषप्रधान समाजमा समानुपातिक प्रतिनिधित्वको व्यवस्था नगरिएको भए राजदूतलगायत उच्च पदहरूमा महिला पर्ने कमै मात्र सम्भावना हुन्छ। नयाँ संविधान जारी भएसँगै धेरै महिलाले त्यो अवसर पाएका छन्।

सन् १९१७ को समाजवादी क्रान्तिपछि सोभियत सङ्घमा महिला र पुरुषबिच कुनै किसिमको भेदभाव थिएन। शिक्षा, स्वास्थ्य र रोजगारजस्तो सबै क्षेत्रहरूमा महिलालाई प्राथमिकतामा राखिएको थियो। त्यहाँ आरक्षणको कुनै आवश्यकता थिएन। आरक्षण केही समयको लागि उपयुक्त भए पनि त्यसलाई स्थायी बनाउनु राम्रो हुँदैन। आरक्षणले प्रतिस्पर्धी भावनामा कमी ल्याउँछ। योग्यले भन्दा कमजोरले अवसर पाउने हुँदा गुणस्तरमा पनि कमी आउने सम्भावना रहन्छ।

पुँजीवादी राज्य व्यवस्थामा महिलाहरूलाई किनबेचको वस्तुसरह बनाइन्छ। वार्षिक हजारौँ छोरीहरू खुला सीमा पार गरेर भारतका मुख्य मुख्य सहरमा बिक्री गर्ने गरेका समाचारहरू आइरहेका छन्। पुँजीवादी व्यवस्था भनेको नाफासँग जोडिने हुँदा धेरै गुणा बढी नाफा हुने भए उसले श्रीमती, छोरीमात्र होइन, बिष बेच्न पनि तयार हुन्छ।

देशमा राजनीतिक परिवर्तनहरू भए पनि अझै कुसंस्कारको अन्त्य भएको छैन। ग्रामीण क्षेत्रहरूमा धेरै महिलाहरू छाउपडी, बोक्सीजस्ता कुसंस्कारबाट पनि पीडित छन्। दाइजो प्रथा, घरेलु हिंसाजस्ता विभिन्न घटनाहरूबाट पनि महिलाहरू नै पीडित हुने गरेका छन्।

यो लैङ्गिकमात्र होइन वर्गीय समस्या पनि हो। पुँजीवादी व्यवस्थामा गरिब वर्गका मानिसहरूको कुनै मूल्य हुँदैन। गरिबहरूले मूल्यहीन जीवन बिताउनुपर्ने अवस्था हुन्छ। नाफाको निम्ति मानव बेचबिखनजस्ता अपराधलाई पनि कानुन बनाएर वैध बनाइन्छ। वैदेशिक रोजगारका नाउँमा कतिपय कम्पनीहरूले नेपालका युवाहरूलाई घर खेत बैङ्क तथा वित्तीय संस्थाहरूमा धितो राख्न लगाएर विदेश पठाइरहेका छन्। कति महिलाहरू वस्तुजस्तै बेचबिखन गर्ने गरेका समाचारहरू पनि आउने गरेका छन्। त्यस्ता अपराध गर्ने कम्पनीहरूलाई सरकारले कारबाही गर्नुको सट्टा सम्मान गर्ने गरेको छ। अझ कतिलाई त गैरकानुनी रूपमै विदेश पठाउने गरेका पनि छन् र धेरै युवाहरूले विदेशी भूमिमा दु:ख पाइरहेका छन्।

महिला र पुरुष समान रूपमा अघि बढ्न नसकेसम्म समाज अघि बढ्न सक्दैन। यो समान व्यवहार समाजवादमा मात्र सम्भव हुन्छ। चीन, सोभियत सङ्घ, प्रजग कोरियाजस्ता समाजवादी देशहरू यसका उदाहरणहरू हुन्।

अहिले ख्वप सर्कलमा पढ्ने विद्यार्थीहरूमध्ये ५० प्रतिशतभन्दा बढी छात्राहरू छन्। यसले अब ५।१० वर्षपछि देशका राजनीति, प्रशासनिक र न्यायिकलगायत सबै महत्त्वपूर्ण क्षेत्रमा ५० प्रतिशतभन्दा बढी महिला प्रतिनिधित्त्व हुने अपेक्षा गर्न सकिन्छ। आज कलेजमा रहेका छात्राहरूको उपस्थितिले त्यही कुराको सङ्केत गर्दछ।

समाजमा परिवर्तन सबैका लागि नि:शुल्क समान शिक्षाले मात्रै सम्भव छ। अझै पनि नेपालका ग्रामीण क्षेत्रहरूमा छोरा र छोरीलाई शिक्षामा भेदभाव गर्ने गरेको पाइन्छ। यो सबै जनताको चेतनास्तरमा भर पर्ने विषय हो।

युवाहरूमा राजनीतिक शिक्षा आवश्यक छ। कसले के काम गर्‍यो ? त्यसको अध्ययन गरी मतदान गरेमा राम्रो परिणाम आउँछ। हामी अहिले ख्वप सर्कलमा बसिरहेका छौँ। यो कलेजका संस्थापक अध्यक्ष प्रेम सुवाल प्रतिनिधिसभा सदस्यमा उम्मेदवार हुनुभयो। धेरैले भक्तपुर नगरपालिकाको कामको प्रशंसा गर्नुहुन्छ। सङ्घ, प्रदेश र स्थानीय तहका महत्त्वपूर्ण व्यक्तिहरू पनि भक्तपुर भ्रमणमा आउने गरेका छन्। प्राय: सबैले भक्तपुर नगरपालिकाले जस्तै आफूहरूले पनि कलेज, अस्पताल सञ्चालन गर्ने कुरा गर्नुहुन्छ। आज भक्तपुरलाई एक उदाहरणको रूपमा लिनु हुन्छ। यो सबै नेपाल मजदुर किसान पार्टीको देन हो। यस्तो पार्टीका उम्मेदवार निर्वाचनमा पराजित हुनुभएकोमा धेरैले आश्चर्य मानेका छन्। कतै हामीले विद्यार्थीहरूलाई पनि हाम्रो योगदानको बारेमा बुझाउन सकेनौँ कि ? समीक्षा गर्नु आवश्यक छ।

*(भक्तपुर नगरपालिकाका प्रमुख **सुनिल प्रजापति**ले ख्वप कलेज, ख्वप कलेज अफ ल र ख्वप माविको आयोजनामा ११६ औँ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा व्यक्त मन्तव्यको सार सङ्क्षेप)*



उत्तर अमेरिकी देश मेक्सिकोको राजधानी मेक्सिको सिटीको जोकालो स्क्वायरमा देशमा विद्यमान महिला र बालबालिकाविरुद्धको हिंसा र असुरक्षाविरुद्ध प्रदर्शन गरी अन्तर्राष्ट्रिय महिला दिवस मनाउँदै मेक्सिकाली महिलाहरू मार्च ८, २०२६ का दिन।

*तस्बिर : एपी/गिन्नेटे राकाल्मे*

## निर्वाचनबारे संवाद

*(खड्काजी र थापाजी फरक जिल्लामा भए पनि दुवै काठमाडौँको एउटै कलेजमा पढ्छन्। एक चिया पसलमा दुई जनाबिच फागुन २१ गतेको चुनावबारे छलफल हुन्छ।)*

**खड्काजी** : तपाईंको पार्टीको घोषणापत्रमा समाजवाद उल्लेख किन गरिएको हो ?

**थापाजी** : उत्पादनका मुख्य मुख्य साधन र सेवा समाजको वा सरकारको स्वामित्वमा हुने राजनीतिक र आर्थिक व्यवस्था समाजवाद हो।

**खड्काजी** : यसले युवा विद्यार्थीलाई के फाइदा गर्छ ?

**थापाजी** : समाजवादमा विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य हुन्छ भने विश्वविद्यालय शिक्षा नि:शुल्क हुन्छ। सबै किसिमको स्वास्थ्य उपचार नि:शुल्क र देशभित्र रोजगारीको व्यवस्था हुन्छ।

**खड्काजी** : ए...! सबै युवा र विद्यार्थी त तपाईंकै पार्टीमा लाग्नुपर्ने रहेछ त।

**थापाजी** : हो, युवा विद्यार्थीको राजनीतिक रूपले सचेत भएपछि घोषणपत्रमा समाजवादको लक्ष्य बोकेको हाम्रो पार्टीमा लाग्नेछन्।

**खड्काजी** : घोषणापत्रमा समाजवादको लक्ष्य नराखेको पार्टीलाई युवा विद्यार्थीले मत किन दिए त ?

**थापाजी** : राजनीतिक विषय बुझ्नु सजिलो छैन। अनेक हन्डर खाएपछि युवा विद्यार्थीले समाजवादबारे बुझ्नेछन्।

**खड्काजी** : समाजवादबारे सम्झाउने बुझाउने कक्षा गर्नुभएकोमा तपाईंलाई धन्यवाद छ।

(२०८२ फागुन २५)

# मध्यपूर्व युद्धप्रति चीनको कडा आपत्ति
# अमेरिकालाई इरानसित सम्बन्ध सुधार्न आग्रह




पेइचिङ (एएफपी)। चीनका विदेशमन्त्री वाङ यीले मध्यपूर्वमा फैलिएको युद्धप्रति कडा असन्तोष व्यक्त गर्दै अन्तर्राष्ट्रिय विवाद समाधानका लागि शक्ति प्रयोगभन्दा संवाद र सहकार्य आवश्यक रहेको बताउनुभएको छ। उहाँले विशेषगरी अमेरिकासँगको सम्बन्ध व्यवस्थापन गर्नुपर्ने आवश्यकता औँल्याउँदै दुई शक्तिबिचको मतभेदलाई जिम्मेवार ढङ्गले सम्हाल्न आग्रह गर्नुभयो।

चिनियाँ राजधानी पेइचिङमा फागुन २४ गते आयोजित पत्रकार सम्मेलनमा बोल्दै विदेशमन्त्री यीले इरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणबाट सुरु भएको द्वन्द्व विश्व शान्तिका लागि चिन्ताजनक भएको बताउनुभयो। उहाँका अनुसार यस्तो युद्ध सुरु हुनु नै नपर्ने थियो। उहाँले बल प्रयोगलाई समस्याको समाधानका रूपमा स्वीकार गर्न नसकिने स्पष्ट पार्नुभयो।

"सैन्य शक्तिले उचित कारण सिद्ध हुँदैन", उहाँले भन्नुभयो।

चीनको वार्षिक राजनीतिक कार्यक्रम 'दुई सत्र' को अवसरमा आयोजित पत्रकार सम्मेलनमा उहाँले यस्तो धारणा व्यक्त गर्नुभएको हो। चीनको संसद् र राजनीतिक परामर्शदातृ निकायका समानान्तर बैठकहरू यसै साता सुरु भएका छन्। यी बैठकहरूलाई बदलिँदो भू-राजनीतिक परिस्थितिमा चिनियाँ नेतृत्वका नीति र प्राथमिकताबारे सङ्केत दिने महत्त्वपूर्ण राजनीतिक घटनाको रूपमा हेरिन्छ।

उक्त पत्रकार सम्मेलनमा यीले चीन-अमेरिका सम्बन्ध, व्यापारिक तनाव, दक्षिण चीन सागरमा देखिएको क्षेत्रीय विवाद, मध्यपूर्वको द्वन्द्व तथा युक्रेन युद्धलगायतका विषयमा विस्तृत रूपमा टिप्पणी गर्नुभएको थियो।

उहाँका अनुसार सन् २०२६ चीन र अमेरिकाबिचको सम्बन्धका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण वर्ष बनेको छ। दुई शक्तिबिच प्रतिस्पर्धा बढ्दै गए पनि सम्बन्ध व्यवस्थापन गर्नु दुवै पक्षका लागि आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

गत वर्ष डोनाल्ड ट्रम्प पुनः अमेरिकी राष्ट्रपति बनेपछि वासिङटन र पेइचिङबिचको सम्बन्ध अझ तनावपूर्ण बनेको छ। त्यसपछि दुवै देशले एकअर्काका उत्पादनमा प्रतिशोधात्मक शुल्क लगाउँदै व्यापार युद्धलाई तीव्र बनाएका छन्।

"हामीले केही देशहरूले कर अवरोधहरू खडा गरेको र आर्थिक निर्भरता घटाउने तथा आपूर्ति शृङ्खलामा अवरोध सिर्जना गर्ने प्रयास गरिरहेको देखेका छौँ", उहाँले भन्नुभयो। उहाँले त्यस्ता कदमलाई समस्या समाधानभन्दा झन् जटिल बनाउने नीति भएको टिप्पणी गर्नुभयो।

"यस्ता कार्यहरू आगो निभाउन इन्धन प्रयोग गर्नुजस्तै हुन्", उहाँले भन्नुभयो, ।

उहाँका अनुसार चीन र संयुक्त राज्य अमेरिका एकअर्कालाई परिवर्तन गराउन सक्ने अवस्थामा छैनन् तर आपसी सम्बन्ध सञ्चालन गर्ने तरिका भने सुधार गर्न सकिन्छ। त्यसैले दुवै पक्षले संवादको वातावरण सिर्जना गर्न, विद्यमान मतभेदलाई व्यवस्थापन गर्न र अनावश्यक हस्तक्षेप हटाउन प्रयास गर्नुपर्ने उहाँले बताउनुभयो।

यद्यपि दुई देशबिच विभिन्न मुद्दामा गहिरा मतभेद कायम रहेका छन्। पेइचिङले इरानमाथि अमेरिका र इजरायलले गरेको सैन्य आक्रमणको कडा आलोचना गर्दै आएको छ। इरानसँग चीनको कूटनीतिक र व्यापारिक सम्बन्ध नजिक रहेको मानिन्छ।

विशेषगरी इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको हत्या भएको घटनाप्रति चीनले कडा विरोध जनाएको छ।

त्यसैगरी विदेशमन्त्री यीले रुससँग चीनको सम्बन्ध स्थिर र दृढ रहेको बताउनुभयो। युक्रेन युद्धका कारण पश्चिमी देशहरूले मस्कोमाथि आलोचना गरिरहे पनि चीन-रुस सम्बन्ध 'स्थिर र अडिग' रहेको उहाँको भनाइ थियो।

चीनले पछिल्लो समय अमेरिकी विदेश नीतिको अनिश्चितताबाट कूटनीतिक अवसर खोजिरहेको विश्लेषकहरू बताउँछन्। विशेषगरी ट्रम्प प्रशासनको अप्रत्याशित नीतिका कारण परम्परागत अमेरिकी साझेदार देशहरूले वैकल्पिक सहकार्य खोज्न थालेको चीनको दाबी छ।

यसै सन्दर्भमा फ्रान्स, क्यानाडा, फिनल्यान्ड र बेलायतलगायत विभिन्न देशका नेताहरू हाल पेइचिङमा भेला भएका छन्। ग्रिनल्यान्ड कब्जा गर्ने ट्रम्पको प्रस्ताव र नाटो साझेदारहरूमाथि कर लगाउने धम्कीपछि केही पश्चिमी मुलुकहरूबिच असन्तोष बढेको बताइन्छ।

यीले युरोपेली नेताहरूको चीन भ्रमणलाई सकारात्मक सङ्केतका रूपमा स्वागत गर्नुभयो। उहाँले धेरै युरोपेली नीति-निर्माताहरूले चीनलाई प्रतिस्पर्धीभन्दा विश्वव्यापी साझेदारका रूपमा हेर्न थालेको उल्लेख गर्नुभयो।

"हामीले देखिरहेका छौँ कि धेरै अन्तर्दृष्टिपूर्ण युरोपेलीहरू चीन प्रतिस्पर्धी मात्र होइन, विश्वव्यापी साझेदार हो भन्ने बुझाइमा पुगेका छन्", उहाँले भन्नुभयो।

"हामी युरोपेली साझेदारहरूलाई संरक्षणवादी सोचबाट बाहिर निस्केर चिनियाँ बजारमा आएर प्रतिस्पर्धा गर्न स्वागत गर्छौं", उहाँले भन्नुभयो। त्यहाँ प्रतिस्पर्धा गर्दै आफ्नो आर्थिक क्षमता सुदृढ बनाउन सकिने उहाँको भनाइ थियो।

आर्थिक सम्बन्ध विस्तार गर्ने प्रयासस्वरूप चीनले फ्रान्स, जर्मनी र बेलायतसहित करिब ५० देशका नागरिकलाई भिसा-मुक्त यात्रा सुविधा प्रदान गर्ने व्यवस्था गरेको छ।

यसका साथै पेइचिङले क्यानाडा र बेलायतबाट चीनतर्फ हुने केही निर्यात वस्तुमा लाग्ने शुल्क घटाउन पनि सहमति जनाएको छ।

पत्रकार सम्मेलनमा मन्त्री यीले चीन-जापान सम्बन्धबारे पनि टिप्पणी गर्नुभयो। गत नोभेम्बरमा जापानी प्रधानमन्त्री साने ताकाइचीले ताइवानको अवस्थाबारे टिप्पणी गर्दै सम्भावित परिस्थितिमा जापानले भूमिका खेल्न सक्ने सङ्केत गरेपछि दुई देशबिच केही मतभेद देखिएको थियो।

पेइचिङले ताइवानलाई आफ्नो अभिन्न भूभाग मान्दै आएको छ र आवश्यक परे बल प्रयोग गरेर पनि पुनःएकीकरण गर्ने सम्भावनालाई अस्वीकार गरेको छैन।

यीले ताइवानसम्बन्धी विषय चीनको मूल राष्ट्रिय चासोको केन्द्रमा रहेको स्पष्ट पार्नुभयो। उहाँका अनुसार ताइवानलाई चीनबाट अलग पार्ने प्रयास कसैले पनि सफल बनाउन सक्ने अवस्था छैन।

दोस्रो विश्वयुद्धताका जापानले गरेको औपनिवेशिक विस्तारलाई सङ्केत गर्दै यीले टोक्योलाई त्यस्तै 'विनाशकारी गल्ती' पुनः नदोहोऱ्याउन चेतावनी दिनुभयो। चीनले कुनै पनि शक्तिलाई उपनिवेशवादको पक्षमा उभिन नदिने उहाँले स्पष्ट पार्नुभयो।

ताइवानको प्रश्नलाई 'लक्ष्मण रेखा' का रूपमा व्याख्या गर्दै उहाँले यसलाई पार गर्ने वा कुल्चने प्रयास स्वीकार्य नहुने कडा चेतावनी दिनुभयो।

**मध्यपूर्वमा...**

जोड दिन्छ। युद्धले अर्को युद्ध जन्माउने र अन्त्यहीन युद्धतर्फ विश्वलाई धकेल्ने यथार्थतर्फ नेमकिपा सबैको ध्यानाकर्षण गराउँदछ।

साम्राज्यवादी हमलाको संसारभर भइरहेको विरोध र विश्वशान्तिको पक्षमा भइरहेको सङ्घर्षप्रति ऐक्यबद्धता र समर्थन जाहेर गर्दै इरानविरुद्ध अमेरिकी साम्राज्यवाद र इजरायली प्रजातन्त्रविरोधी जातिवादी सरकारको बर्बरतापूर्ण हमला तत्काल रोकी वार्ता वा अन्य शान्तिपूर्ण उपायबाट समाधान निकाल्न नेमकिपा सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछ।

सन् २०२५ को जून महिनामा पनि इरानले आणविक बम बनाएको आरोप लगाउँदै इजरायलले १२ दिनसम्म इरानका आणविक केन्द्रलगायतका विभिन्न स्थानहरूमा हमला गरेको थियो। इरानी नेतृत्वले भने धैर्य एवम् संयम अपनाउँदै आयो। इरानले आफ्नो आणविक परियोजना शान्तिपूर्ण ऊर्जा उत्पादनका लागि भएको स्पष्ट गर्दै संयुक्त राष्ट्रसङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय आणविक ऊर्जा केन्द्रलाई आवधिक निरीक्षण समेत गरायो। इरानले सन् २०१५ मा अमेरिकासहित अन्य पाँच देशहरू (फ्रान्स, जर्मनी, बेलायत, चीन र रुससहित) सम्मिलित संयुक्त बृहत कार्य योजनामा हस्ताक्षर गरेको थियो। तर, ट्रम्प सरकारले सन् २०१८ मा एकपक्षीय रूपमा त्यस सहमतिबाट हात झिकेर इरानमाथि नाकाबन्दी झन् कडा बनायो। यो आक्रमणले विश्वमा विध्वंस मच्चाउने अमेरिकी प्रशासन र इजरायली जातिवादी सरकारको बदनियत रहेको प्रस्ट पार्छ। मध्यपूर्वलाई आफ्नो तखतमा राख्ने र विशाल तेल भण्डार कब्जा गर्ने नीतिअन्तर्गत नै अमेरिकी प्रशासनले युद्धउन्माद प्रदर्शन गरिरहेको हो।

आफ्नो तखतमा नबस्ने देशहरूमा सत्ता परिवर्तन गराउन अनेक छद्मयुद्ध, अन्तरध्वंश र 'रङ्गीन क्रान्ति' लाई मलजल गर्दै आएको अमेरिकी प्रशासनले सिङ्गो मध्यपूर्वमा मात्र होइन सारा विश्वलाई अशान्त र अस्तव्यस्त पार्दै छ। मध्यपूर्वमा युद्ध भड्काएर अमेरिकी साम्राज्यवाद विश्वव्यापी ऊर्जा सङ्कट एवम् मानवीय सङ्कट निम्त्याउँदै छ। यो कदम निःसन्देह एक ध्रुवीय विश्व लम्ब्याउने अमेरिकी प्रशासनको स्वार्थबाट प्रेरित छ। बेलायती साम्राज्यवाद र हिटलरको फासिवादको पतनबाट पाठ सिक्न ढिलाइ गर्नु स्वयम् संरा अमेरिकाका निम्ति आत्मघाती हुने निश्चित छ।

**अन्तर्राष्ट्रिय...**

शिक्षा दिनुको साथै देशको सुरक्षा र सार्वभौमिकताबारे ज्ञान दिनुपर्ने समयले हामीलाई सिकाएको छ।"

कार्यक्रममा ख्वप मा.वि.का प्राचार्य लक्ष्मीप्रसाद कर्माचार्य र आयोजक समितिका सदस्यहरू रोजिना थुसा, अञ्जना सैँजू एवम् सुनिता गाइसीले कार्यक्रमको औचित्य र महिला मुक्तिबारे बोल्नुभएको थियो।

**नेमकिपाद्वारा...**

देशको स्वाधीनता र जनताको हितका लागि कार्य गर्न निर्वाचनमा विजयी सम्पूर्ण उम्मेदवारहरूलाई नेमकिपा बधाई तथा शुभकामना व्यक्त गर्दछ। नेमकिपा देशको सार्वभौमिकता र जनताको सर्वोपरि हितका लागि सरकारलाई सडकबाट निरन्तर खबरदारी गर्ने प्रतिबद्धता व्यक्त गर्दछ। आगामी दिनमा पनि नेपाल मजदुर किसान पार्टी देश र जनताको निःस्वार्थ सेवामा सदैव लागिरहनेछ।"

**एकक्षण** — प्रधान

## संसदीय निर्वाचनलाई फर्केर हेर्दा

हरेक प्रतिस्पर्धामा आयोजकहरूले समान अवसरको बन्दोबस्त गरेको हुन्छ। प्रचारको दिन र घण्टा, प्रचारको शैली एवं निष्पक्षता अत्यन्त महत्त्वपूर्ण हुन्छ। निश्चय पनि निर्वाचन एक व्यापक जनमतको अवसर हो - देशको अर्थतन्त्र, अन्तर्राष्ट्रिय वा विदेश नीति, कृषि, शिक्षा, स्वास्थ्य, प्रशासन, सरकारहरू एवं शासक दलहरू तथा सरकारहरूका राम्रा र नराम्रा विषयमा पक्ष र विपक्षमा एवं विभिन्न ठाउँ र मञ्चहरूमा सफाइ दिन पाउने ठूलो अवसर हो। एक प्रकारले महानिर्वाचन देशको राज्य र राजनीति विषयको विश्वविद्यालयको एक व्यापक कक्षा सञ्चालन हो। सारा दलहरूले गरेका देशबारे र प्रतिपक्षलाई दिएको उत्तर र प्रश्नहरूलाई एकै ठाउँमा सँगाल्ने हो भने 'एउटा ठूलो पुस्तक' वा अध्ययन सामग्री साबित हुनेछ।

तर, भर्खर सम्पन्न निर्वाचनमा छलफलको कम समय र अभिव्यक्तिको स्वतन्त्रतामा देखिएको अङ्कुशले प्रजातन्त्रको एउटा ठूलो महत्त्वपूर्ण भागलाई हिलोमा फाल्नेजस्तै भएको छ। त्यसमा पनि 'अनलाइन सदस्यको वितरण' जस्ता प्रचारयन्त्रको प्रयोगले जनताको बाहिर आएर आकाश र जमिनमा बसेर गर्ने अभिव्यक्ति स्वतन्त्रतामा आघात पर्न गएको जानकारहरू प्रस्ट छन्। वर्तमान सरकार र निर्वाचन आयोगले सम्भावित विषयलाई अभिव्यक्ति दिन सकेन।

एकातिर निर्वाचनको मौन अवधिमा राजनीतिक दलहरूले प्रचार गर्ने रोक लगाउनु अर्कोतिर घरघरमा बीबीसी, सीएनएन, रोयटर्स, डिडब्लू, न्युयोर्क टाइम्स, इन्डिएन न्युजजस्ता विदेशी प्रचारयन्त्रहरूले हाकाहाकी घरघरमा गर्दा प्रचार नेपाली जनतामा विदेशीहरूको एक प्रकारले राजनीतिक गतिविधिमा हस्तक्षेपजस्तै हुन पुग्यो। हरेक दिन प्रचारलाई छुट दिनुपर्नेबारे सरकार र निर्वाचन आयोगको दृष्टिकोण साच्चै साँगुरो देखियो वा विदेशी प्रभावको ढोका खोलिदियो भन्नेमा अन्यथा मान्नुपर्ने छैन।

एकातिर हामीले आफ्नो देशको स्वतन्त्रता र स्वाधीनता एवं सार्वभौमिकताप्रति चिन्ता गर्ने अर्कोतिर विदेशी प्रचारयन्त्रका साँढेहरूलाई हाम्रा बगैँचामा खेल्न पाउने व्यवहारमा हाम्रो देशको गतिविधि निष्पक्ष होला ?

हाम्रो देशमा आज विदेशी प्रभाव बढ्यो, देश डुब्न लाग्यो, आर्थिक र विविध विषयमा भनी समाचारपत्रहरूले जनतालाई सचेत पार्ने तर सचेत भएर निर्वाचनमा गएर देश जोगाउन मतदाताहरूलाई जगाउनुपर्ने बेला मौन अवधि, अनलाइन एवं विदेशी प्रचारयन्त्रलाई छुट दिनु देशको राजनीतिक भविष्यको निम्ति राम्रो लक्षण हुनेछैन।

अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू वा 'डलरको छेलोखेलो' ले देशले ठूलो क्षति भोगिरहेकै बेला निर्वाचनमार्फत वा जनताको मत लिएर विजयी भएकाहरूको आवाजलाई देशकै निम्ति छेक्न खोज्दा इरानको घटना देशमा दोहोरिने निश्चित छ।

यसपालिको निर्वाचनमा जसरी चौतर्फी विदेशी हस्तक्षेप र प्रभाव कहिल्यै भएको थिएन। केही तथ्य तल उल्लेख गर्दा उपयुक्त होला -

१) केही जिल्लामा मतगणना केन्द्रमा विदेशी क्यामरा बोक्ने महिला र पुरुषहरू देखिए। दलका उम्मेदवारहरूलाई समेत कडाइ गर्ने कोठामा विदेशीहरूले छुट कसरी पाए ? साथै 'घण्टी' का मतपत्रहरू धेरै देख्दा ती विदेशीहरूले आफ्नो हातको बुढी औँला देखाएर मौन 'बधाई' दिए। तर, नेपाली पत्रकारहरूलाई मात्रै होइन उम्मेदवारका एजेन्टहरूलाई समेत मोबाइल प्रयोग गर्न दिएको थिएन।

२) केही जिल्लामा अमेरिकी सेनासमेत मतगणना केन्द्रमा पोशाकमै उपस्थित थिए।

३) विदेशमा बस्ने नेपाली युवालाई आ-आफ्ना अभिभावकहरूलाई 'घण्टी' लाई मत दिएन भने हामीलाई कामको पैसा 'दिँदैनौँ' भनी रुवावासीका साथ दबाबको अनुभव घरघरमा भएका छन् भनी व्यापक सुनियो।

४) दुई दुई पटक गृहमन्त्री भएका व्यक्तिको दलसमेत नयाँ पार्टी र नेता भनी ढाँट्दा पनि निर्वाचन आयोग र पत्रपत्रिका मौन !

५) सबभन्दा राम्रो दृश्य मतदानमा र मतगणनामा देखियो - सबै शासक दलहरू एउटै दलको रूपमा मित्रवत् देखिए। सम्भवतः अब बन्ने सरकारमा ती सबै दल सरकारमा जानेछन् र 'प्रजातन्त्र' को सबभन्दा राम्रो सौन्दर्य भनेको 'सशक्त प्रतिपक्ष' हो। अब हाम्रो संसद् त्यसको अभावमा खल्लो लाग्ने बुद्धिजीवी समाजमा व्यापक चर्चा छ।

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३